सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ चैत २०८२, आइतबार (15 March 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३२५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

मनकामना दर्शन गरेर फर्किँदा दुर्घटना

सात भारतीय तीर्थयात्रीको मृत्यु



गोरखामा मनकामना मन्दिर दर्शन गरेर फर्किँदै गरेका तीर्थयात्री सवार इभी माइक्रो दुर्घटना हुँदा सात भारतीयको मृत्यु भएको छ। नौजना घाइते भएका छन्। गोरखाकै सहिदलखन गाउँपालिका- ३, कन्टारमा माइक्रो सडकबाट दुई सय मिटर तल खोल्सामा खसेको जिल्ला प्रहरी कार्यालय गोरखाका इन्स्पेक्टर राजन लम्सालले जानकारी दिए। उनका अनुसार मृतकमध्ये पाँच पुरुष र दुई महिला भए पनि परिचय भने खुलेको छैन।

बागमती प्रदेश ००६ ख ८४३० नम्बरको माइक्रोमा १४ भारतीय तीर्थयात्रीसहित चालक र सहचालक गरी १६ जना थिए। घाइते सबैलाई आँबुखैरेनी अस्पतालमा सामान्य उपचारपछि भरतपुर रेफर गरिएको छ। राति करिब ८ बजे भएको दुर्घटनाको खबर पाएपछि प्रहरी टोली घटनास्थल पुगेर उद्धारमा खटिएको थियो। इन्स्पेक्टर लम्सालका अनुसार सडक ढलान भए पनि दुर्घटनास्थल भिरालो र अप्ठ्यारो छ। दुर्घटनाको समयमा त्यस क्षेत्रमा पानी परिरहेको थियो। दुर्घटनाको कारण यकिन नभए पनि प्रहरीले ब्रेक फेलको आशंका गरेको छ।

चुनावी नतिजाका १५ रोचक पक्ष

४० जिल्लामा क्लिन स्विप गऱ्यो रास्वपाले, काग्रेस ५९, एमाले ६८ र नेकपा ६९ जिल्लामा निल। दुईतिहाइ उम्मेदवारले जोगाएनन् जमानत। ३५० उम्मेदवारले एक मत पनि पाएनन्।

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

मधेशमै 'लोप' भए मधेशवादी दल

विगतको सत्तामुखी राजनीति, बारम्बारको पार्टी फुट तथा परिवारवादले नेतृत्व बदनाम हुँदा मधेशवादी दलहरू आफ्नो उदयस्थलमै इतिहासकै कमजोर अवस्थामा, ३५ वर्षको संसदीय इतिहासमा पहिलोपटक प्रतिनिधिसभामा शून्य उपस्थिति

मधेशका दलको ३५ वर्षको संसदीय अंकगणित

०४८ : नेपाल सद्भावना पार्टी - ४ सिट

०५१ : नेपाल सद्भावना पार्टी - ३ सिट

०५६ : नेपाल सद्भावना पार्टी - ५ सिट

०६४ (पहिलो संविधानसभा) - ८३ सिट

मधेशी जनअधिकार फोरम नेपाल - ५२। तराई मधेश लोकतान्त्रिक पार्टी नेपाल - २०। सद्भावना पार्टी - ९। सद्भावना आनन्दीदेवी - २

०७० (दोस्रो संविधानसभा) : ५० सिट

फोरम लोकतान्त्रिक - १४। तराई मधेश लोकतान्त्रिक पार्टी - ११। फोरम नेपाल - १०। सद्भावना पार्टी - ६। तराई मधेश सद्भावना - ३। राष्ट्रिय मधेश समाजवादी - ३। फोरम गणतान्त्रिक - १। मधेश समता पार्टी - १। संघीय समाजवादी - १

०७४ : ३३ सिट

संघीय समाजवादी फोरम नेपाल - १६ सिट। राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) - १७ सिट

०७९ : २२ सिट

जनता समाजवादी पार्टी नेपाल - १२ सिट। लोकतान्त्रिक समाजवादी पार्टी नेपाल - ४ सिट। जनमत पार्टी : ६ सिट

०८२ (हाल) : ० सिट

सिराहामा **सुरेन्द्र कामती**
जनकपुरधाममा **हृदिश खुद्दार**

मधेशको अधिकार र पहिचानको एजेन्डा बोकेर तीन दशकभन्दा बढी समयदेखि राष्ट्रिय राजनीतिमा प्रभाव जमाउँदै आएका मधेशवादी दलहरू यसपटक आफ्नै उदयस्थलमै लगभग बढारिएका छन्। उपेन्द्र यादव, सिके राउत, शरत्सिंह भण्डारी, राजेन्द्र महतो र प्रभु साहजस्ता प्रमुख नेताहरू आफ्नै निर्वाचन क्षेत्रमा पराजित मात्र भएनन्, उनीहरू नेतृत्वका दलले प्रतिनिधिसभामा एक सिटसमेत जित्न सकेनन्।

» पृष्ठ २ मा क्रमशः



■ परिवारवादले पनि बदनाम बनेको थियो मधेशी दलको नेतृत्व

मधेशवादी दल पराजित हुनुमा सत्ता लिप्सा र एजेन्डाबाट विमुख हुनुलाई मात्र नभई परिवारवादलाई पनि कारण मानिने गरिन्छ। पार्टीका नेताहरूमा सत्तामा पुग्ने मोहसँगै आफ्ना श्रीमती, छोराछोरी, नातेदारलाई सांसद बनाउने कारणले मधेशवादी दलप्रतिको मधेशका नागरिकको भरोसा कमजोर बन्दै गएको आरोप लाग्ने गरेको छ। महन्थ ठाकुर, उपेन्द्र यादव, राजेन्द्र महतो, शरत्सिंह भण्डारी, अनिल झा, राजकिशोर यादव, महिन्द्र राय यादव परिवारवादमा फस्दा त्यसको असर पार्टी र मधेशको एजेन्डामा परेको आरोप छ। महन्थ ठाकुरले हालैको प्रतिनिधिसभा निर्वाचनमा छोरी मीनाक्षी ठाकुरलाई महोत्तरी २ बाट उम्मेदवार बनाए। त्यसअघि उनले आफ्ना सम्धी इन्द्रलाई संविधानसभा ०७० मा समानुपातिक सभासद् बनाएका थिए। उपेन्द्र यादवले छोरा अमरेन्द्रलाई विराटनगर महानगरपालिकाको मेयरमा चुनाव लडाएका थिए। राजेन्द्र महतोले श्रीमती शैलाकुमारी देवीलाई संविधानसभामा समानुपातिक सांसद बनाएका थिए। यस्तै, अनिल झाले पत्नी डिम्पल झा, राजकिशोर यादवले पत्नी सरिताकुमारी यादव, शरत्सिंह भण्डारीले आफन्त निर्जला राउतलाई समानुपातिक सांसद बनाएका थिए भने महिन्द्र राय यादवले पनि छोरी सरिता यादवलाई समानुपातिक सांसद बनाएका थिए। जनमत पार्टीका अध्यक्ष सिके राउतले आफ्नो दाजु जयकान्त राउतलाई राष्ट्रिय योजना आयोगको सदस्य बनाएका थिए। त्यसपछि यस निर्वाचनमा सप्तरी १ बाट उम्मेदवार पनि बनाएका थिए।

विश्लेषक र नेताका प्रतिक्रिया



● **रोशन जनकपुरी**, विश्लेषक

संघीयता, समान प्रतिनिधित्व, सामाजिक न्याय र अवसरको समान पहुँचजस्ता मुद्दा अझै पनि मधेशको राजनीतिक बहसको केन्द्रमै छन्। तर, ती मुद्दा उठाउने नेतृत्वप्रति मतदाताको भरोसा भने बदलिएको देखिन्छ। पहिले मधेशवादी दलहरूले उठाएका मुद्दाहरू अहिले नयाँ अनुहार र नयाँ राजनीतिक शैलीमार्फत प्रस्तुत भइरहेका छन्।



● **विजयकान्त कर्ण**, विश्लेषक

पहिलोपटक मधेशी मूलका नेतालाई प्रधानमन्त्रीका रूपमा अघि सारिएको हुँदा भावनात्मक रूपमा पनि मधेशका मतदाताले मधेशवादी दलभन्दा रास्वपालाई मत दिए। बालेनलाई प्रधानमन्त्री बनाउनैका लागि मत हाले। यसको सिधा असर मधेशका दललाई पऱ्यो।



● **तुलानारायण साह**, विश्लेषक

मधेशी जनताले बालेनप्रति लगभग पूर्ण समर्थन व्यक्त गरेका कारण मधेशका परम्परागत दललाई असर परेको हो। तर, विगतका आन्दोलनले स्थापित गरेका मधेशका मुद्दालाई कसरी सम्बोधन गरिन्छ भन्ने अहिले सबैभन्दा महत्त्वपूर्ण छ र त्यसले नै मधेशवादी दलहरूको भविष्य तय गर्नेछ।



● **डा. सिके राउत**, अध्यक्ष, जनमत

अरू दलको समर्थनमा प्रधानमन्त्री बन्नुभन्दा एकमुस्ट जनादेशबाट मधेशी प्रधानमन्त्री बन्ने अवस्था बनेको छ। हामी पनि पाँच-दश सिट जितेर प्रधानमन्त्री बन्ने सम्भावना थिएन। मधेशीलाई प्रधानमन्त्री बन्ने अवसर मिलेको छ। यसले संघीयता ओझेलमा जाने होइन, बरु थप बलियो बनाउनेछ। मधेशवादी एजेन्डा अझ प्रखर रूपमा राष्ट्रिय राजनीतिमा प्रवेश गरेका छन्। यो अवसर उपयोग गर्नुपर्छ।



● **रामकुमार शर्मा**, महासचिव, जसपा

मधेशी जनतालाई बालेन प्रधानमन्त्री बने र दुईतिहाइको सरकार बन्यो भने मधेशका अधिकार सुनिश्चित हुन्छन् भन्ने लागेको छ। बालेनप्रतिको विश्वास, उनको स्वच्छ छवि, युवा नेतृत्व र मधेशी मूलका भएकै कारण मधेशबाट उनलाई अपार जनमत प्राप्त भएको छ। परम्परागत शक्ति पछाडि परेका छन्।

एमालेका समानुपातिकतर्फका १६ सांसदमा १० महिला

रास्वपा, कांग्रेस, नेकपा, श्रम संस्कृति र राप्रपाले आज टुंग्याउने

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले समानुपातिक सांसदको टुंगो लगाएको छ। प्रत्यक्षमा नौ सिट जितेको एमालेले समानुपातिकमा १६ सिट पाएकोमा क्लस्टरअनुसार सांसद छनोट गरेको हो।

एमालेसहित ६ दलले मात्रै थ्रेसहोल्ड कटाएर समानुपातिकमा सिट सुरक्षित गरेका छन्। रास्वपा, कांग्रेस, नेकपा र राप्रपाले बन्दसूचीबाट सांसद छान्न आइतबार बैठक डाकेका छन्। श्रम संस्कृतिले पनि शनिबार नाम टुंग्याउन प्रयास गरेकामा विवाद भएपछि

» पृष्ठ २ मा क्रमशः

■ **यी हुन् एमालेले सिफारिस गरेका समानुपातिक सांसद**


भूमिका सुब्बा
आदिवासी जनजाति


गंगादेवी श्रेष्ठ
आदिवासी जनजाति


रामबहादुर थापा
आदिवासी जनजाति


कुलभक्त शाक्य
आदिवासी जनजाति


पद्मा अर्याल
खसआर्य


टुकाभद्रा हमाल
खसआर्य


यशोदाकुमारी बराल
खसआर्य


गुरु बराल
खसआर्य


पुष्प कँडेल
खसआर्य


कृपाराम राना
थारू


विष्णुमाया बिके
दलित


निता घतानी
दलित


रिङ्गला यादव
मधेशी


यशोदाकुमारी यादव
मधेशी


चन्देश्वर मण्डल
मधेशी


सजिता यादव सिद्दिकी
मुस्लिम

खसआर्यकी यशोदाकुमारी बरालले एमालेले पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व गर्ने गरी पठाएको छ। कालीकोटकी उनी खसआर्य महिलातर्फ नवौं वरीयतामा थिइन्।

लेबनानमा नेपाली शान्ति सैनिकमाथि हमला, सैनिकहरू बंकरमा

५५४ नेपाली शान्ति सैनिक लेबनानमा कार्यरत उनीहरूको सुरक्षाबारे नेपालको चासो

पर्शुराम काफ्ले/नयाँ पत्रिका

मध्यपूर्व (पश्चिम एसिया)को लेबनानस्थित संयुक्त राष्ट्रसंघीय अन्तरिम फोर्स (युनिफिल)मा कार्यरत नेपाली सैनिकको गणमा बम हमला भएको छ। लेबनानको दक्षिणतर्फ इजरायली सिमाननजिकै मिस इल जाबेलमा रहेको नेपाली सेनाको बटालियन हेडक्वार्टरमा हमला भएको हो।

इजरायल र लेबनानको उग्रवादी समूह हिजबुल्लाहबिच आक्रमण-प्रत्याक्रमण हुने क्रममा नेपाली सैनिकहरूको निवासमा बम आक्रमण भए पनि हमला कसले गरेको भन्ने खुलेको छैन। घटना शुक्रबार बेलुकाको हो। आक्रमणमा नेपाली सैनिकलाई कुनै क्षति नभएको सेनाले जनाएको छ।

» पृष्ठ २ मा क्रमशः

● संयुक्त राष्ट्रसंघका लागि पूर्वस्थायी प्रतिनिधि **मधुरमण आचार्यको सुझाव-**



हामीले लेबनानमा तैनाथ नेपाली शान्ति सैनिकहरूको सुरक्षाको सुनिश्चितता गर्न संयुक्त राष्ट्रसंघसँग आग्रह गर्नुपर्छ। यदि त्यहाँ आक्रमणहरू जारी रहिरहे भने नेपालले आफ्ना सैनिकहरू शान्ति मिसनबाट फिर्ता बोलाउन सक्ने चेतावनी दिनुपर्छ। सबैभन्दा खराब अवस्थामा घातक आक्रमणको जोखिममा पर्नुअघि नै हाम्रा सैनिकहरू फिर्ता ल्याउनुपर्छ।

इनिसाको बलात्कारपछि मृत्यु प्रकरण

चार किशोरको पोलिग्राफ र डिएनए परीक्षण गरिँदै

नयाँ पत्रिका

सुर्खेत वीरेन्द्रनगरकी १६ वर्षीया इनिसा विकलाई बलात्कार गरेको आरोपमा पक्राउ परेका चार किशोरको पोलिग्राफ र डिएनए परीक्षण सुरु गरिएको छ। पोलिग्राफ जाँच शुक्रबारबाटै सुरु भएकामा डिएनए परीक्षणका लागि चारैजनाको रगतको नमुना नेपाल प्रहरीको महाराजगन्जस्थित विधि विज्ञान प्रयोगशालामा ल्याइएको छ। साथै, बलात्कारपछि मृत्यु भएकी इनिसाको यौनांगबाट लिइएको स्वाब पनि प्रयोगशालामा ल्याइएको छ।



इनिसा विक

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता डिएसपी मोहनजंग बुढथापाका अनुसार शुक्रबारदेखि पोलिग्राफ जाँच सुरु भएको बताए। शनिबार बिदाका दिन भएकाले आइतबारदेखि निरन्तरता दिइने उनको भनाइ छ। 'इनिसा बलात्कार घटनामा पक्राउ परेका चारमध्ये शुक्रबार एक किशोरको बयान भयो। त्यसलगत्तै पोलिग्राफ परीक्षण पनि भयो। शनिबार बिदा भएकाले अब आइतबारदेखि पुनः बयान र पोलिग्राफ परीक्षण हुन्छ,' डिएसपी बुढथापाले भने, 'बयान र परीक्षणपछि घटनामा संलग्न व्यक्ति यकिन होला।'

चारै किशोरहरूको डिएनए परीक्षणका लागि रगतको नमुना र मृतक इनिसाको स्वाब प्रहरीको विधि विज्ञान प्रयोगशाला पठाइएको सुर्खेत प्रहरी प्रमुख सुधीरराज शाहीले जानकारी दिए। प्रयोगशालाबाट रिपोर्ट आएपछि मात्रै थप तथ्य खुल्ने उनले बताए। 'पक्राउ परेका चार किशोरको रगतको नमुना र मृतकको स्वाब परीक्षणका लागि विधि विज्ञान प्रयोगशाला पठाइएको छ। त्यहाँबाट रिपोर्ट आएपछि मात्रै घटनामा संलग्नबारे यकिन होला। अनुसन्धानमा प्राविधिक परीक्षणलाई पनि सावधानीपूर्वक हेरेका छौं,' उनले भने।

सुर्खेतको गुर्भाकोट नगरपालिका- ६, बडाखोली स्थायी घर भई वीरेन्द्रनगर- १ बस्दै आएकी इनिसा २३ फागुनमा

» पृष्ठ २ मा क्रमशः

भ्रष्टाचारबाट जोगिन अन्डरवर्ल्डदेखि तान्त्रिकसम्मको प्रयोग

नवराज मैनाली/नयाँ पत्रिका

भ्रष्टाचार मुद्दामा जेलमा रहेका नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक प्रदीप अधिकारीले आफूमाथिको छानबिन प्रभावित पार्न अन्डरवर्ल्ड समूहमार्फत धम्कीदेखि तान्त्रिक बाबासम्म प्रयोग गरेका छन्। उच्चपदस्थ व्यक्तिलाई विदेशबाट धम्क्याएको आरोपमा पत्राउ परेका प्रकाश पाठकमाथिको अनुसन्धानपछि अधिकारीका कर्तुत बाहिर आएका छन्।



प्रदीप अधिकारी
पूर्वमहानिर्देशक
नागरिक उड्डयन प्राधिकरण

पाठकमाथि हाल जिल्ला प्रहरी परिसर, काठमाडौंले संगठित अपराधको कसुरमा अनुसन्धान गरिरहेको छ। उनले फिलिपिन्सबाट अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राईसहितका पदाधिकारी र अन्य केही उच्चपदस्थलाई धम्क्याएका थिए। अनुसन्धानका क्रममा पाठकलाई अधिकारीले नै सो काममा लगाएको र यसमा धेरैको संलग्नता देखिएको प्रहरीले जनाएको छ। त्यसरी धम्क्याएका वेला अधिकारीविरुद्ध अख्तियारले अनुसन्धान अन्तिम चरणमा पुऱ्याएको थियो। आफ्नो मुद्दा रोक्न शक्तिकेन्द्रबाट दबाब दिनेदेखि धम्क्याउनेसम्मको काम गरेका थिए।

» पृष्ठ २ मा क्रमशः





अख्तियार प्रमुख प्रेमकुमार राईलाई क्षति पुऱ्याइदिन भन्दै भ्रष्टाचार मुद्दामा जेलमा रहेका नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक प्रदीप अधिकारीले आग्रह गरेका भारतीय सराई किनेरा (जय जगदम्बे बाबा) र उनीहरूबिच ह्वाट्सएप्पमा भएको संवाद। दुई साताअघि नेपाल आएका वेला बाबालाई प्रहरीले सोधपुछ गरेको थियो। अधिकारीले 'जय जगदम्बे गुरु, ए दुष्ट आदमीको नष्ट करने के लिए कुछ करने कि जरुरत हे गुरु' भनेर ह्वाट्सएप्पमा अख्तियारका पदाधिकारीको फोटो पठाएको बाबाको मोबाइलबाट प्रहरीले प्राप्त गरेको छ। बाबाले अख्तियारका पदाधिकारीको प्रतिमा बनाएर त्रिशूलले घोचेर आगो लगाएको भिडियो नै बनाएर अधिकारीलाई पठाएका थिए। ती बाबा आसामको गुवाहाटीमा रहेको कामख्या देवी मन्दिरमा गुरुका रूपमा बस्दै आएका छन्।

नयाँ पत्रिकाकर्मी बोहरा सम्मानित

दाङ/ नयाँ पत्रिकाकर्मी दीपक बोहरा सम्मानित भएका छन् । चलचित्र पत्रकार संघ, दाङको शनिबार तुलसीपुरमा भएको छैटौं अधिवेशनका क्रममा नयाँ पत्रिकाका दाङ संवाददाता बोहरालाई सम्मान गरिएको हो । लामो समयदेखि पत्रकारितामा संलग्न रहँदै दाङ जिल्लाको कला, साहित्य एवं पत्रकारिता क्षेत्रमा क्रियाशील रही मोफसलको चलचित्र पत्रकारितालाई संरक्षण, संवर्द्धन र विकासका लागि योगदान पुऱ्याएको भन्दै सम्मान गरिएको संघका अध्यक्ष सन्तोष केसीले बताए । त्यस्तै, पत्रकार वसुन्धरा गौतम, सुधासुमन ढकाल, वसन्त पौडेल र लीलाधर वलीलाई समेत सम्मान गरिएको थियो ।

पूर्वमन्त्री रिजालको निर्वाचन नलड्ने घोषणा



वीरगन्ज/ कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री रमेश रिजालले अब आफूले कुनै पनि चुनाव नलड्ने घोषणा गरेका छन् ।

पर्सा ४ मा कांग्रेसबाट पटकपटक गरेर आठौँपटक उम्मेदवार बनेका रिजालले अब आफूले कुनै पनि चुनाव नलड्ने घोषणा गरेका हुन् । शनिबार जगरनाथपुर गाउँपालिका-५, मसिहानीमा आयोजित कांग्रेसको क्षेत्रीय अगुवा कार्यकर्ता भेलामा बोल्दै पूर्वमन्त्री रिजालले अब आफूले संसदीय निर्वाचनमा प्रतिस्पर्धा नगर्ने घोषणा गरेका थिए ।

भर्खरै सम्पन्न भएको २१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा रास्वपाका उम्मेदवार टेकबहादुर शाक्यसँग पराजित भएपछि उनले निर्वाचन नलडने घोषणा गरेका हुन् ।

उनले भने, 'आजै म घोषणा गर्छु- अब चुनाव लड्दिनँ । युवा पुस्तालाई साथ र समर्थन रहन्छ । तर, चुनाव नलडे पनि यस क्षेत्रका जनताको सेवामा भने म लागी नै रहन्छु ।'

०४८ यताको हरेक संसदीय निर्वाचनमा कांग्रेसको उम्मेदवार बन्दै आएका रिजालले चारपटक जित र चारपटक हार व्यहोरेका छन् । ०४८, ०५१, ०६४ र ०७९ को निर्वाचनमा सांसदमा निर्वाचित भएका रिजालले ०५६, ०७०, ०७४ र हालै २१ फागुन ०८२ मा भएको निर्वाचनमा भने पराजय व्यहोरेका थिए ।

एमालेका...

पृष्ठ १ बाट क्रमशः

आइतबार बैठक आह्वान गरेको छ । अध्यक्ष केपी ओलीको भक्तपुर गुन्डुस्थित निवासमा बसेको एमाले सचिवालय बैठकले आदिवासी जनजातितर्फ महिलामा भूमिका सुब्बा र गंगादेवी श्रेष्ठ तथा पुरुषमा रामबहादुर थापा र कुलभक्त शाक्यको नाम निश्चित गरेको छ । उपमहासचिव लेखराज भट्टका अनुसार खसआर्य महिलामा पद्मा अर्याल, टुकाभद्रा हमाल र यशोदाकुमारी बराल छन् । खसआर्य पुरुषतर्फबाट गुरु बराल र पुष्प कँडेल, थारू पुरुषमा कृपाराम राना थारू तथा दलित महिलामा विष्णुमाया बिके र निता घतानी छन् । मधेशी महिलाबाट रिङ्ला यादव र यशोदाकुमारी यादव छन् भने मधेशी पुरुषमा चन्देश्वर मण्डलको नाम टुंग्याएको छ । त्यस्तै, मुस्लिम महिलाबाट सजिता यादव सिद्दिकीलाई समानुपातिक सांसद बनाउने निर्णय भएको भट्टले जानकारी दिए । अध्यक्ष ओली पितृशोकमा रहेकाले बैठकको अध्यक्षता उपाध्यक्ष रामबहादुर थापाले गरेका थिए ।

प्रत्यक्षमा तीन सिट जितेको श्रम संस्कृति पार्टीले समानुपातिकमा चार सिट जितेको छ । तर, समानुपातिक सांसद छनोटमा श्रम संस्कृति पार्टीमा विवाद देखिएको छ । 'आधिकारिक को-को हो भनेर निर्णय भइसकेको छैन, तयारी मात्रै भै'राछ,' अध्यक्ष हर्क साम्पाङले भनेका छन् । साम्पाङका अनुसार आइतबार समानुपातिकबारे निर्णय गरेर निर्वाचन आयोगमा बुझाउने तयारी छ ।

रास्वपाले पनि समानुपातिक सांसदको नाम छान्न आइतबार बिहान १० बजे पार्टी कार्यालय वनस्थलीमा बैठक बोलाएको छ । समानुपातिक उम्मेदवार सिफारिस र विविध गरी बैठकका दुई कार्यसूची रहेको प्रवक्ता मनीष झाले बताए । 'समानुपातिक उम्मेदवार सिफारिस गर्न भोलि बिहान सचिवालय बैठक बोलाइएको छ, भोलि नै निर्णय गरेर निर्वाचन आयोगमा बुझाउँछौं,' झाले भने । प्रत्यक्षमा १२५ सिट जितेको रास्वपाले समानुपातिकमा ५७ सिट जितेको छ ।

कांग्रेसले समानुपातिक सांसद टुंग्याउन आइतबार दिउँसो १ बजे केन्द्रीय कार्यसम्पादन समितिको बैठक बोलाएको छ । प्रत्यक्षमा १८ सिट जितेको कांग्रेसले समानुपातिकतर्फ २० सिट जितेको छ । 'समानुपातिकतर्फका सांसदबारे निर्णय गर्न आइतबार दिउँसो बैठक बोलाइएको छ, बैठकबाटै निर्णय गरेर आयोगमा नाम बुझाउँछौं,' प्रवक्ता देवराज चालिसेले भने ।

नेकपाले पनि आइतबार नै समानुपातिक सांसद टुंगो लगाउने भएको छ । संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधवकुमार नेपालले समन्वय गरेर नाम टुंगो लगाउने नेकपाले जनाएको छ । प्रत्यक्षमा सात सिट जितेको नेकपाले समानुपातिकमा नौ सिट जितेको छ । 'पार्टीले समानुपातिक सांसदको टुंगो भोलि लगाउँछ, संयोजक र सहसंयोजक आवश्यक परामर्शमा हुनुहुन्छ,' प्रचार संयन्त्रका संयोजक अग्नि सापकोटाले भने ।

प्रत्यक्षमा एक सिट जितेको राप्रपाले समानुपातिकमा जितेको चार समानुपातिक सांसद टुंग्याउन आइतबार बिहान कार्यसम्पादन बैठक बोलाएको छ । 'भोलि बिहान कार्यसम्पादन समितिको बैठक बोलाइएको छ, उक्त बैठकले समानुपातिका सांसद छान्छ,' प्रवक्ता मोहन श्रेष्ठले भने ।

बन्दसूचीबाट नाम छनोट गर्दा थ्रेसहोल्ड कटाउने दलले आफूले पाएको सिट संख्याका आधारमा खसआर्य ३०.२८, आदिवासी जनजाति २८.७२, मधेशी १६.१५, दलित १३.४४, थारू ६.५२ र मुस्लिम ४.८९ प्रतिशत सिट छुट्याउनुपर्छ । ६ वटै क्लस्टरबाट ४.३ प्रतिशत पिछडिएको क्षेत्रलाई समेटनुपर्छ । समानुपातिकमा १० प्रतिशतभन्दा कम सिट प्राप्त गर्ने दलले कम्तीमा एकतिहाइ महिला निर्वाचित हुने गरी नाम पठाउनुपर्छ ।

लेबनानमा...

पृष्ठ १ बाट क्रमशः

त्यहाँ नेपाली सेनाको विष्णु दल (शान्ति सेना)को ६७औँ डफ्फा कार्यरत छ । लेबनानमा हाल ५५४ जना नेपाली शान्ति सैनिक कार्यरत छन् । आक्रमणबारे विस्तृत जानकारी राष्ट्रसंघले सार्वजनिक गरेको छैन ।

नेपाली सेनाका प्रवक्ता सहायक रथी राजाराम बस्नेतले घटनामा कुनै मानवीय क्षति नभएको, तर नेपाली सैनिकको सुरक्षाबारे सम्बन्धित निकायमा चासो राखिएको जानकारी दिए । 'नेपाली शान्ति सैनिकहरू बस्ने एउटा घरमा बम आक्रमण भएको रहेछ, घरमा क्षति भएको छ, तर मानवीय क्षति केही पनि भएको छैन,' प्रवक्ता बस्नेतले भने, 'राष्ट्रसंघीय शान्ति सैनिकको सुरक्षा प्रोटोकल लेभल २ अनुसार हाम्रा सैनिक बंकरमा बसेका छन् । घटनाबारे संयुक्त राष्ट्रसंघले छानबिन गर्ने विश्वास छ ।'

नेपाली सेना र राष्ट्रसंघले दिएको सुरक्षा प्रोटोकल पालना गर्न नेपाली सैनिकलाई भनिएको पनि प्रवक्ता बस्नेतले बताए । 'हाम्रा सैनिकको सुरक्षाका सन्दर्भमा सम्बन्धित निकायमा चासो राखिएको छ । नेपाली सैनिकको सुरक्षा हाम्रो सर्वोच्च प्राथमिकतामा छ । परिस्थितिलाई हामीले नियालिरहेका छौं,' उनले भने ।

लेबनानमा हाल कुल सात हजार ६२३ शान्ति सैनिक कार्यरत छन् । यीमध्ये नेपाली सेनाको एउटा गण तथा सैन्य पर्यवेक्षकसहित जम्मा ५५४ जना कार्यरत रहेको सेनाले जनाएको छ । लेबनानमा नेपाली फौज सातौँ ठुलो संख्यामा छ । त्यहाँ नेपाली सैनिकभन्दा धेरै फौज इटाली, इन्डोनेसिया, स्पेन, फ्रान्स, भारत र घानाबाट गएका छन् । विश्वभरिका संयुक्त राष्ट्रसंघीय शान्ति मिसनमा कुल ४९ हजार २५१ सैनिक कार्यरत रहेको राष्ट्रसंघको तथ्यांक छ ।

संयुक्त राष्ट्रसंघका लागि पूर्वस्थायी प्रतिनिधि मधुरमण आचार्यले राष्ट्रसंघसँग नेपाली सेनाको सुरक्षा सुनिश्चितता लिनुपर्ने सुझाव दिए । 'हामीले लेबनानमा तैनाथ नेपाली शान्ति सैनिकहरूको सुरक्षाको सुनिश्चितता गर्न संयुक्त राष्ट्रसंघसँग आग्रह गर्नुपर्छ । यदि त्यहाँ आक्रमणहरू जारी रहिरहे भने नेपालले आफ्ना सैनिकहरू शान्ति मिसनबाट फिर्ता बोलाउन सक्ने चेतावनी दिनुपर्छ । सबैभन्दा खराब अवस्थामा घातक आक्रमणको जोखिममा पर्नुअघि नै हाम्रा सैनिकहरू फिर्ता ल्याउनुपर्छ,' उनले भने ।

चार किशोरको...

पृष्ठ १ बाट क्रमशः

वीरेन्द्रनगर- ४ स्थित सामुदायिक वनमा बेहोस अवस्थामा फेला परेकी थिइन् । लगत्तै उनलाई प्रादेशिक अस्पताल कालागाउँमा पुऱ्याइएकोमा डाक्टरले मृत घोषणा गरेका थिए ।

जिप्रका सुर्खेतका अनुसार घटनामा संलग्न १६ वर्षीय एक किशोर घटना भएकै दिन पक्राउ परेका थिए । त्यसको भोलिपल्ट इनिसाको परिवारले सामूहिक बलात्कार भएको भन्दै अन्य तीन किशोरविरुद्ध पनि जाहेरी दिएपछि १५, १६ र १७ वर्षका उनीहरू पक्राउ परेका थिए । सुर्खेत प्रहरी प्रमुख शाहीले घटनामा संलग्न व्यक्ति लगभग पहिचान भएको र केही प्राविधिक तथ्य अझै संकलन गर्न बाँकी रहेकाले नखुलाइएको बताए ।

भ्रष्टाचारबाट...

पृष्ठ १ बाट क्रमशः

पाठकलाई गत २८ माघमा प्रहरीले इन्टरपोलको सहयोगमा फिलिपिन्सबाट पक्राउ गरेर ल्याएको हो । उनको बयान र मोबाइल परीक्षणमार्फत यसमा धेरैको संलग्नता भेटिएको काठमाडौं परिसरका एक अधिकारीले बताए । पाठकले अल्टिमेटम नै दिएर प्रमुख आयुक्त राईलाई राजीनामा नदिए हत्या गर्नेसम्मको धम्की दिएका थिए । धम्कीका लागि पूर्वमहानिर्देशक अधिकारीले पाठकलाई १० करोड रुपैयाँ दिने डिल गरेका थिए ।

'त्यसमध्ये दुई करोड रुपैयाँ उनले एक चिनियाँ व्यापारीमार्फत हुन्डीबाट पठाएको देखिन्छ,' ती प्रहरी अधिकारी भन्छन्, 'सो पैसाले पाठकले फिलिपिन्समा अपार्टमेन्ट किनेको भन्ने सूचना छ, थप बुझ्ने काम भइरहेको छ ।'

प्राधिकरणकै दुई बहालवाला अधिकारीले यस प्रकरणमा अधिकारीलाई सहयोग गरेको देखिएपछि उनीहरूसँग प्रहरीले सोधपुछ गरेको छ । एकजनाले धम्क्याउनका लागि इमेल आइडी खोल्न र अर्काले हुन्डीमार्फत पैसा पठाउन सघाएका थिए । काठमाडौं परिसरका प्रवक्ता पवन भट्टराई धेरैजनासँग मिलेर पाठकले धम्क्याएको आशंकामा उनीमाथि संगठित अपराधको कसुरमा अनुसन्धान भइरहेको बताए । कारागारमा रहेका अधिकारीलाई बयानका लागि प्रहरीले अदालतबाट पक्राउ अनुमतिसमेत लिइसकेको छ ।

भारतीय तान्त्रिकको समेत प्रयोग

भ्रष्टाचार मुद्दा रोक्न अधिकारीले एक भारतीय तान्त्रिक बाबाको समेत प्रयोग गरेका थिए । तेलंगनाको किरमनगर स्थायी घर भएका सराई किनेरा (जय जगदम्बे बाबा) नाम भएका ती बाबामार्फत अख्तियार प्रमुख आयुक्त राईसहित आयुक्तहरू किशोर सिलवाल र सुमित्रा अमात्यलाई तान्त्रिक विद्याद्वारा क्षति पुऱ्याउन भनिएको छ ।

ती बाबालाई समेत प्रहरीले नियन्त्रणमा लिएर सोधपुछ गरिसकेको छ । उनले प्रदीप अधिकारीकै आग्रहमा आफूले तन्त्रमन्त्र गरेको जवाफ दिएका छन् । उनको मोबाइलबाट प्रहरीले प्राप्त गरेको विवरणअनुसार अधिकारीले 'जय जगदम्बे गुरु, ए दुष्ट आदमीको नष्ट करने के लिए कुछ करने कि जरुरत हे गुरु' भनेर ह्वाट्सएपमा अख्तियारका पदाधिकारीको फोटो पठाएका छन् । उनकै आग्रहमा ती गुरुले अख्तियारका पदाधिकारीको प्रतिमा बनाएर त्रिशूलले घोचेर आगो लगाएका थिए । त्यसको भिडियो बनाएर अधिकारीलाई पठाएका थिए । ती बाबा आसामको गुवाहाटीमा रहेको कामख्या देवी मन्दिरमा गुरुका रूपमा बस्दै आएका छन् । उनी हरेक वर्ष नेपाल आउने गरेका छन् । दुई साताअघि नेपाल आएका वेला उनलाई प्रहरीले सोधपुछ गरेको हो ।

ती बाबा नेपाल आउँदा विमानस्थलमा भिआइपी कक्षको प्रयोग गर्थे । नेपालका अन्य उच्चपदस्थसँग पनि उनको सम्बन्ध देखिएको प्रहरी स्रोत बताउँछ । 'सेढाईं र बस्नेत थरका व्यवसायीसमेतको यो घटनामा शंकास्पद सम्बन्ध देखिन्छ,' प्रहरी स्रोत भन्छ, 'उनीहरूलाई पनि हामीले सोधपुछमा बोलाउने तयारी गरेका छौं ।' दरबारमार्गको एक कार्यालयमा अधिकारीसँग आफ्नो चिनजान भएको र प्राधिकरणको कार्यालयमा समेत आफू पटक-पटक गएको उनले बताएका छन् । यसरी अन्डरवर्ल्ड र तान्त्रिक बाबा प्रयोग गरे पनि पूर्वमहानिर्देशक अधिकारी भ्रष्टाचार मुद्दाबाट जोगिन भने सकेनन् । भक्तपुर नलिन्चोकमा हेलिपोर्ट निर्माण र पोखरा विमानस्थल निर्माणसम्बन्धी भ्रष्टाचार मुद्दा उनीविरुद्ध दायर भइसकेको छ । हेलिपोर्ट निर्माणसम्बन्धी भ्रष्टाचार मुद्दामा उनी पुर्पक्षका लागि थुनामा छन् ।

Brahmapuri Rural Municipality
Office of Rural Municipal Executive
Brahmapuri, Sarlahi
Madhesh Province, Nepal

Invitation for E-Bid

Date of Published: 2082/12/01 (15th March 2026)

Brahmapuri Rural Municipality, **Brahmapuri, Sarlahi** invites electronic bids (E-Bidding) from Nepalese eligible bidders for the construction of works and are given in the table below. Bidders may obtain further information at the office of Brahmapuri Rural Municipality, **Brahmapuri, Sarlahi** mailing address: brahmpuri.g.p.sarlahi@gmail.com, www.brahmapurimun.gov.np Telephone : **9854044037** or may visit PPMO website : ***www.bolpatra.gov.np/egp.***

Contract No.	Contract Name	Last date and time of bid submission	Bid opening date and time	Bid Security (Rs)	Bid document fee nonrefundable (Rs)
NCB/BRM/3/2082-83	Construction of Wada no.4 ko wada karyalay ko adhuro bhawan nirman,Brahmapuri Rural Municipality,Sarlah(The estimated amount of the work with Vat, PS and Contingency is 3999159.82)	2083/01/02 (15th April 2026) 12:00 Hrs	2083/01/02 (15th April 2026) 14:00 Hrs	100,000/-	3,000/-

मधेशमै 'लोप'...

पृष्ठ १ बाट क्रमशः

समानुपातिकतर्फ पनि आवश्यक थ्रेसहोल्ड पार गर्न नसक्दा उनीहरूको प्रतिनिधिसभामा उपस्थिति शून्यमा झरेको छ ।

जेन-जी आन्दोलनपछि ०८२ मा भएको निर्वाचन परिणामले मधेशको राजनीतिमा ऐतिहासिक मोड ल्याएको छ । लामो समयदेखि मधेशको प्रतिनिधित्व गर्दै आएका मधेशकेन्द्रित दलहरू यसपटक प्रतिनिधिसभाबाट लगभग बाहिरिए ।

मधेशका मुद्दा मुखरित गर्दै आएका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव यसपटक सप्तरी ३ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार अमरकान्त चौधरीसँग पराजित भए । चौधरीले ३२ हजार ८७५ मत प्राप्त गर्दा अध्यक्ष यादव १५ हजार २३९ मतमा सीमित भए ।

०७९ को निर्वाचनमा सप्तरी २ बाट विजयी भएका जनमत पार्टीका अध्यक्ष डा. सिके राउत पनि यसपटक हार व्यहोर्न बाध्य भए । रास्वपाका उम्मेदवार रामजी यादव २८ हजार ४०४ मतसहित विजयी हुँदा राउत नौ हजार ८८० मतसहित तेस्रो स्थानमा पुगे । १९ पटक मन्त्री बनेका जसपा नेपालका वरिष्ठ नेता शरत्सिंह भण्डारीले पनि यसपटक आफ्नो राजनीतिक प्रभाव जोगाउन सकेनन् । जसपाबाट उम्मेदवार बनेका भण्डारीलाई रास्वपाका दीपककुमार साहले पराजित गरे । साहले ३२ हजार ७२२ मत प्राप्त गर्दा भण्डारी १० हजार १९८ मतसहित दोस्रो स्थानमा रहे ।

सद्भावना पार्टी हुँदै पछिल्लो समय गठबन्धनमार्फत राष्ट्रिय मुक्ति पार्टी नेपालबाट सर्लाही २ मा उम्मेदवार बनेका पार्टी अध्यक्ष राजेन्द्र महतो पाँच हजार ९९२ मतसहित चौथो स्थानमा सीमित भए । उक्त क्षेत्रमा रास्वपाका रविन महतो ४२ हजार ५१२ मतसहित विजय भए । माओवादीबाट अलग भई आम जनता पार्टी गठन गरेका प्रभु साह पनि रौतहट ३ मा तेस्रो स्थानमा रहे । साहले नौ ८९० मत प्राप्त गर्दा विजयी रास्वपाका रवीन्द्र पटिल २७ हजार ३१८ मत पाए ।

माथिका सन्दर्भ यस्ता हुन्, ०४८ देखि संसदीय राजनीतिमा औसत प्रभावसहित उपस्थित हुँदै आएका मधेशकेन्द्रित दलहरू संसद्मा पुग्न सकेनन् । यद्यपि, यसपटक कांग्रेस, एमाले र माओवादीजस्ता ठुला दलहरूले पनि निर्वाचनमा ठुलै धक्का व्यहोरेका छन् । तर, ३५ वर्षको संसदीय राजनीतिमा मधेशकेन्द्रित दलहरूको अवस्था इतिहासकै कमजोर देखिएको छ ।

समानुपातिक मतगणनामा जनता समाजवादी पार्टी एक लाख ७३ हजार ८५ मतसहित सातौँ स्थानमा छ भने जनमत पार्टी ७७ हजार ९७४ मतसहित नवौँ स्थानमा छ । राष्ट्रिय मुक्ति पार्टीले ७ हजार २०८ र आम जनता पार्टीले १९ हजार ८३२ मत प्राप्त गरेका छन् । नेपाल सद्भावना पार्टीले दुई हजार १८ मत पायो ।

मधेशका आठ जिल्लाका ३२ सिटमा रास्वपाले ३० तथा कांग्रेस र नेकपाले एक-एक सिट जितेका छन् । ०७९ मधेश प्रदेशमा ७२ हजार ९३५ मत मात्र प्राप्त गरेको रास्वपा यसपटक १३ लाख ४६८ मत प्राप्त गर्दै प्रदेशमा पनि पहिलो दल बनेको छ ।

मधेश आन्दोलनपछि स्थापित नेताहरू उपेन्द्र यादव, राजेन्द्र महतो, सिके राउत, शरत्सिंह भण्डारी, राजकिशोर यादव र महिन्द्र राय यादवजस्ता व्यक्तित्वको संसदीय यात्रामा आएको अचानक विरामले मधेशको राजनीतिक बहसलाई नयाँ दिशातर्फ मोडेको छ । साथै, ०८२ को निर्वाचनले मधेशका मुद्दा कमजोर भएका हुन्, वा ती मुद्दा बोकेर हिँड्ने नेतृत्वप्रति मतदाताको भरोसा समाप्त भएको हो भन्ने प्रश्न उठाएको छ ।

राजनीतिक वृत्तमा उदयस्थलमै मधेशवादी दल किन र कसरी कमजोर बन्दै विलयको अवस्थामा पुगे भन्ने विषयमा व्यापक चर्चा सुरु भएको छ । विश्लेषकहरूका अनुसार विगतको सत्तामुखी राजनीति, बारम्बारको पार्टी फुट र नयाँ राजनीतिक लहरका कारण मधेशवादी दलहरू आफ्नो उदयस्थलमै कमजोर हुँदै विलयको अवस्थामा पुगेका हुन् ।

मधेश मामिलाका जानकार तथा पूर्वराजदूत विजयकान्त कर्णका अनुसार मधेशवादी दलको पराजयको मूल कारण उनीहरूको विगतदेखिको सत्तामुखी प्रवृत्ति र राष्ट्रिय स्वतन्त्र पार्टीले मधेशी मूलका युवा नेता बालेन शाहलाई प्रधानमन्त्रीका रूपमा अघि सारेको प्रभाव हो । उनका अनुसार मधेशका दलहरूले 'जेन-जी' आन्दोलनले मधेशमा प्रभाव पार्दैन भन्ने गलत आकलन गरेका थिए । 'मधेशको मूल मुद्दाबाट क्रमशः विमुख हुनु, सत्तामा पुग्न बारम्बार पार्टी फुटाउनु, मन्त्री बन्ने होडबाजी गर्नुलगायतका गम्भीर कमजोरी सबै मधेशवादी दलका थिए । ०६४ देखि ०७० सम्म त सत्तामा पुग्न र मन्त्री बन्नकै लागि दलहरू फुटाउने प्रवृत्ति देखियो, जसले मधेशको मूल एजेन्डालाई नै ओझेलमा पारिदियो,' उनी भन्छन्, 'युवालाई नेतृत्वमा ल्याउन नसक्नु र मधेश प्रदेश सरकारमा सेवा प्रवाहभन्दा भ्रष्टाचारको आरोपमा घेरिनु पनि अर्को ठुलो कारण बन्यो । त्यसैले ०७९ को निर्वाचनमै उनीहरू कमजोर देखिएका थिए । कर्णका अनुसार बालेन शाहलाई प्रधानमन्त्रीका रूपमा अघि सार्दा पनि मधेशवादी दललाई क्षति भएको हो । 'पहिलोपटक मधेशी मूलका नेतालाई प्रधानमन्त्रीका रूपमा अघि सारिएको हुँदा भावनात्मक रूपमा पनि मधेशका मतदाताले मधेशवादी दलभन्दा रास्वपालाई मत दिए । बालेनलाई प्रधानमन्त्री बनाउनैका लागि मत हाले,' उनले भने, 'यसको सिधा असर मधेशका दललाई पऱ्यो ।'

जनकपुरधामका पूर्वउपमेयर तथा राजनीतिकर्मी असगर अलीका अनुसार मधेशकेन्द्रित दलहरू कमजोर हुनु दुःखद विषय हो । 'ती दलहरूले गल्ती नगरेका होइनन्, तर मधेशी जनताको मतदानमा भावना र आवेगको प्रभाव पनि बलियो रूपमा देखियो । मधेश आन्दोलनपछि लामो समयसम्म एउटै एजेन्डामा केन्द्रित रहे पनि सत्ता स्वार्थमा अल्झिँदा मधेशवादी दलहरूले आफ्नै मुद्दा ओझेलमा पारेका छन्,' उनले भने, 'आन्दोलनपछिको पुस्ताले मधेशवादी दलहरूको व्यवहारप्रति गहिरो असन्तुष्टि व्यक्त गरेको छ, जसले अहिलेको चुनावी परिणाममा प्रभाव पारेको हुन सक्छ ।'

राजनीतिक विश्लेषक रोशन जनकपुरी बालेन शाहले आफूलाई मधेशकै छोरा भन्दै मत माग्नु पनि रास्वपाका लागि लाभदायक साबित भएको बताउँछन् । उनका अनुसार यो रणनीतिले पहिचानको राजनीतिलाई नयाँ शैलीमा प्रस्तुत गरेको देखिन्छ । 'पहिले मधेशवादी दलहरूले उठाएका मुद्दाहरू अहिले नयाँ अनुहार र नयाँ राजनीतिक शैलीमार्फत प्रस्तुत भइरहेका छन् । यसपटकको चुनावी परिणामले एउटा स्पष्ट संकेत दिएको छ- मधेशी मतदाताले मुद्दा परिवर्तन गरेका छैनन्, तर नेतृत्व परिवर्तन गरेका छन्,' उनले भने, 'संघीयता, समान प्रतिनिधित्व, सामाजिक न्याय र अवसरको समान पहुँचजस्ता मुद्दा अझै पनि मधेशको राजनीतिक बहसको केन्द्रमै छन् । तर, ती मुद्दा उठाउने नेतृत्वप्रति मतदाताको भरोसा भने बदलिएको देखिन्छ ।'

यता जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले भने साना-साना विषयमा अल्झिनुभन्दा मधेशका जनताले समग्र रूपमा रास्वपालाई जनादेश दिएको बताएका छन् । मधेशको एजेन्डा कुनै एक पार्टीको मात्र विषय नभएको भन्दै उनले मधेशवादको मुद्दा एउटै दलले मात्र बोकेर हिँड्नुपर्ने आवश्यकता नरहेको टिप्पणी गरे । 'अरू दलको समर्थनमा प्रधानमन्त्री बन्नुभन्दा एकमुस्ट जनादेशबाट मधेशी प्रधानमन्त्री बन्ने अवस्था बनेको छ । हामी पनि पाँच-दश सिट जितेर प्रधानमन्त्री बन्ने सम्भावना थिएन । तर, बालेनको प्रवेशले आएको लहरले मधेशीलाई प्रधानमन्त्री बन्ने अवसर दिलाएको छ । यसले संघीयता ओझेलमा जाने होइन, बरु थप बलियो बनाउनेछ,' उनले भने, 'राउतका अनुसार बालेनको उदयसँगै मधेशवादी एजेन्डा अझ प्रखर रूपमा राष्ट्रिय राजनीतिमा प्रवेश गरेको छ । यो अवसर उपयोग गर्नुपर्छ ।'

मधेश मामिलाका जानकार तुलानारायण साहका अनुसार मधेशी जनताले बालेनप्रति लगभग पूर्ण समर्थन व्यक्त गरेका कारण मधेशका परम्परागत दललाई असर परेको हो । तर, विगतका आन्दोलनले स्थापित गरेका मधेशका मुद्दालाई कसरी सम्बोधन गरिन्छ भन्ने अहिले सबैभन्दा महत्त्वपूर्ण रहेको तथा त्यसले नै मधेशवादी दलहरूको भविष्य तय गर्ने बताए । 'अहिले मधेशका परम्परागत दल कमजोर भए पनि अब बालेन नेतृत्वको सरकारले संघीयता, समानुपातिक निर्वाचन प्रणालीलगायत मुद्दामा वर्तमान संविधानमा के-कस्तो संशोधन वा प्रावधान ल्याउँछ भन्ने कुराले नै आगामी दिशा तय गर्नेछ,' उनले भने, 'मधेशको मूल एजेन्डा आरक्षण, प्रतिनिधित्व तथा मधेशी र अन्य सीमान्तकृत समुदायको पहिचानका विषयमा बालेन नेतृत्वको सरकारले कस्तो भूमिका खेल्छ भन्नेले नै मधेशवादी दलहरूले उठाएका मुद्दाको भविष्य निर्धारण गर्नेछ । त्यसैले अहिले ती एजेन्डाको कार्यान्वयनतर्फको कदमको प्रतीक्षा गर्नुपर्ने हुन्छ ।'

जसपाका महासचिव रामकुमार शर्माले मधेशले संविधान संशोधनको अपेक्षासहित बालेनलाई विश्वास गरेर ठुलो जनमत दिएको र अब मधेशवादी दलहरूले उठाउँदै आएको एजेन्डा नै बालेनको एजेन्डा बनेको प्रतिक्रिया दिए । 'मधेशले संविधान संशोधनको अपेक्षासहित बालेनलाई विश्वास गरेर ठुलो जनमत दिएको छ । देशका बहुसंख्यक जनता विभेदमा परेको र संविधान अझै अपूरो रहेको अनुभूति भएकाले त्यसलाई संशोधन गर्ने उद्देश्यले मधेशले 'ब्यालेट विद्रोह' गरेको हो,' उनले भने, 'मधेशले सुनामी ल्याएको छ । मधेशी जनतालाई बालेन प्रधानमन्त्री बने र दुईतिहाइको सरकार बन्यो भने मधेशका अधिकार सुनिश्चित हुन्छन् भन्ने लागेको छ । बालेनप्रतिको विश्वास, उनको स्वच्छ छवि, युवा नेतृत्व र मधेशी मूलका भएकै कारण मधेशबाट उनलाई अपार जनमत प्राप्त भएको छ । परम्परागत शक्ति पछाडि परेका छन् ।'

पहिचान, पहुँच, आत्मसम्मान र नागरिकताको विषयलाई प्रमुखता साथ उठाउन गठन गरिएको सद्भावना पार्टीदेखि एक मधेश एक प्रदेश, पहिचानसहितको संघीयताको नारा दिएको जनता समाजवादी पार्टी नेपाल र डा. सिके राउत नेतृत्वको जनमत पार्टी मधेशमै पराजित भए । मधेशको मुद्दालाई उठान गर्ने गरी ०४७ वैशाखमा गजेन्द्रनारायण सिंहले नेपाल सद्भावना पार्टी स्थापना गरेका थिए ।

मधेशवादी दल पराजित हुनुमा सत्ता लिप्सा, परिवारवाद र एजेन्डाबाट विमुख हुनुलाई प्रमुख कारण मानिने गरिन्छ । संसदीय राजनीतिमा प्रवेश गरेसँगै पार्टीका नेताहरूमा सत्तामा पुग्ने मोहसँगै आफ्ना श्रीमती, छोराछोरी, नातेदारलाई सांसद बनाउने कारणले मधेशवादी दलप्रतिको मधेशका नागरिकको भरोसा कमजोर बन्दै गएको आरोप लाग्ने गरेको छ ।

विश्लेषकहरूका अनुसार मधेश आन्दोलनले बलियो बनाएको मधेशको एजेन्डा नेतृत्वको परिवारवादले कमजोर बनाएको हो । महन्थ ठाकुर, उपेन्द्र यादव, राजेन्द्र महतो, शरत्सिंह भण्डारी, अनिल झा, राजकिशोर यादव, महिन्द्र राय यादव परिवारवादमा फस्दा त्यसको असर पार्टी र मधेशको एजेन्डामा परेको आरोप छ ।

महन्थ ठाकुरले हालैको प्रतिनिधिसभा निर्वाचनमा छोरी मीनाक्षी ठाकुरलाई महोत्तरी २ बाट उम्मेदार बनाए । त्यसअघि उनले आफ्ना सम्धी इन्द्रलाई संविधानसभा ०७० मा समानुपातिक सभासद् बनाएका थिए । उपेन्द्र यादवले छोरा अमरेन्द्रलाई विराटनगर महानगरपालिकाको मेयरमा चुनाव लडाएका थिए ।

राजेन्द्र महतोले श्रीमती शैलाकुमारी देवीलाई संविधानसभामा समानुपातिक सांसद बनाएका थिए । यस्तै, अनिल झाले पत्नी डिम्पल झा, राजकिशोर यादवले पत्नी सरिताकुमारी यादव, शरत्सिंह भण्डारीले आफन्त निर्जला राउतलाई समानुपातिक सांसद बनाएका थिए भने महिन्द्र राय यादवले छोरी सरिता यादवलाई समानुपातिक सांसद बनाएका थिए । जनमत पार्टीका अध्यक्ष सिके राउतले आफ्नो दाजु जयकान्त राउतलाई राष्ट्रिय योजना आयोगको सदस्य बनाएका थिए । त्यसपछि यस निर्वाचनमा सप्तरी १ बाट उम्मेदवार पनि बनाएका थिए ।

संसद् प्रवेश र पार्टी जुट-फुटको शृंखला

०४७ वैशाखमा गजेन्द्रनारायण सिंहले नेपाल सद्भावना पार्टी स्थापना गरे । ०४८ को आमनिर्वाचनमा सहभागी भएको पार्टीले चार क्षेत्रमा विजय हासिल गऱ्यो । नवलपरासी ३, नवलपरासी ४, रुपन्देही ४ र रुपन्देही ५ मा सद्भावना पार्टीका उम्मेदवार विजयी भएका थिए । तर, यही समयदेखि पार्टीभित्र फुटको शृंखला पनि सुरु भयो । राष्ट्रिय सभा सदस्य बनाउने भनिएका रामजनम तिवारीलाई नेता सिंहले मनोनयन नगरेपछि ०४९/५० तिर नेपाल सद्भावना पार्टी (आर) गठन गरियो । यसमा वरिष्ठ नेताहरू रामचन्द्र मिश्र, श्यामलाल मिश्र र भाग्यनाथ गुप्ता तिवारीसँगै थिए ।

०५१ को मध्यावधि निर्वाचनमा नेपाल सद्भावना पार्टीले तीन स्थान सप्तरी २, सप्तरी ३ र नवलपरासी ३ मा विजय हासिल गऱ्यो । यही समयताका नेपाल सद्भावना पार्टी (आर) पुनः मूल पार्टीमा विलय भयो । तर, निर्वाचनपछि पुनः आन्तरिक विवाद चर्कियो । नेता हृदयेश त्रिपाठी संसदीय लेखा समिति सभापति बन्ने प्रयासमा कांग्रेस-एमालेको समर्थनमा निर्वाचित भएपछि पार्टीभित्र मतभेद बढ्यो । रामेश्वर राय यादव र राजेन्द्र महतो त्रिपाठीको पक्षमा उभिएका थिए भने अध्यक्ष सिंहले त्रिपाठीमाथि अनुशासनात्मक कारबाही चलाएपछि पार्टी पुनः विभाजित भयो ।

०५३ मा रामेश्वर राय यादवको नेतृत्वमा समाजवादी जनता दल गठन भयो, जसमा हृदयेश त्रिपाठी, राजेन्द्र महतो र सरिता गिरी सहभागी थिए । तर, ०५४ को अन्त्यतिर उक्त दल पुनः नेपाल सद्भावना पार्टीमै विलय भयो । ०५६ को आमनिर्वाचनमा सद्भावना पार्टीले पाँच क्षेत्रमा विजय हासिल गऱ्यो । मोरङ ७, सप्तरी ५, सर्लाही २, नवलपरासी ३ र रुपन्देही ५ मा जित निकाल्यो । संसदीय निर्वाचनपछि मन्त्री बन्ने आकांक्षा र सत्तासँगको समीकरणका कारण पार्टीभित्र पुनः विवाद चर्किंदै गयो ।

१० माघ ०५८ मा गजेन्द्रनारायण सिंहको निधन भएपछि पार्टी उपाध्यक्ष बद्रीप्रसाद मण्डल कार्यवाहक अध्यक्ष बने । ०५९ चैततिर राजविराजमा भएको महाधिवेशनपछि मण्डल र विपक्षी नेताहरूबिच विवाद चर्कियो । । त्यसपछि हृदयेश त्रिपाठी, भरतविमल यादव, राजेन्द्र महतो, सरिता गिरी र अनिश अन्सारीले गजेन्द्रनारायण सिंहकी पत्नी आनन्दीदेवी सिंहलाई अध्यक्ष बनाउँदै समानान्तर पार्टी चलाए । निर्वाचन आयोग र सर्वोच्च अदालतले भने बद्रीप्रसाद मण्डल नेतृत्वको समितिलाई मान्यता दिएपछि 'नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)' अलग रूपमा गठन भयो ।

सद्भावना पार्टीमा देखिएको विभाजनको प्रवृत्ति पछि पहिचानसहितको संघीयता र 'एक मधेश, एक प्रदेश'को माग उठाउँदै आएको मधेशी जनअधिकार फोरम नेपालमा पनि दोहोरियो । अन्तरिम संविधानको विरोधबाट सुरु भएको मधेश आन्दोलनपछि फोरम मधेशको प्रमुख राजनीतिक शक्तिका रूपमा उदायो । पहिलो र दोस्रो मधेश आन्दोलनपछि सरकारसँग क्रमशः २२ र आठबुँदे सहमति भएको थियो ।

यसपछि ०६४ को पहिलो संविधानसभा निर्वाचनमा मधेशका प्रमुख दलहरू मधेशी जनअधिकार फोरम नेपाल, तराई-मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) र सद्भावना पार्टी निर्वाचनमा सहभागी भए । प्रत्यक्षतर्फ फोरमले ३०, तमलोपाले नौ र सद्भावना पार्टीले चार सिट जिते ।

फोरमले मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, नवलपरासी, रुपन्देही, कपिलवस्तु र बाँकेका विभिन्न क्षेत्रमा विजय हासिल गरेको थियो । त्यस्तै, राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टी सप्तरी ३, सर्लाही ४, सर्लाही ५ र बारा १ मा विजय भयो । तमलोपाले महोत्तरी ३, महोत्तरी ४, सर्लाही ३, रौतहट ५, बारा ४, नवलपरासी ६ तथा कपिलवस्तुका तीन क्षेत्रमा विजय हासिल गऱ्यो ।

तर, पार्टी विभाजनको क्रम निरन्तर जारी रहँदा मधेशवादी दलप्रति जनविश्वास क्रमशः कमजोर बन्दै गयो । ०७० को दोस्रो संविधानसभा निर्वाचनमा मधेशवादी दलहरूले जम्मा नौ क्षेत्रमा मात्र विजय हासिल गर्न सके । फोरमले सुनसरी ४ र कपिलवस्तु ५, फोरम लोकतान्त्रिकले सुनसरी ३ र रौतहट २, तराई मधेश सद्भावना पार्टीले सर्लाही ४ तथा तमलोपाले सर्लाही ५, रुपन्देही ६, रूपन्देही ७ र कपिलवस्तु ३ मा विजय हासिल गरे ।

पछि विभिन्न दलबिच एकीकरण र पुनर्गठन भएपछि ०७४ को प्रतिनिधिसभा निर्वाचनमा मधेशवादी दलहरूले २१ सिट जिते । राष्ट्रिय जनता पार्टी (राजपा) नेपालले ११ सिट जित्दा संघीय समाजवादी फोरमले १० सिट जितेको थियो । तर, यो उपलब्धि दीर्घकालीन हुन सकेन । ०७४ को तुलनामा ०७९ को निर्वाचनमा मधेशवादी दलको प्रभाव उल्लेख्य रूपमा घट्यो । ०७४ मा २१ जना निर्वाचित भएका थिए भने ०७९ मा संख्या घटेर १२ मा सीमित भयो ।

०७९ को निर्वाचनमा जनता समाजवादी पार्टीले सप्तरी १, सिराहा २, सिराहा ४, धनुषा १, बारा २ र पर्सा १ गरी ६ सिट जित्यो । लोकतान्त्रिक समाजवादी पार्टीले महोत्तरी २, महोत्तरी ३, सर्लाही १ र रुपन्देही ४ गरी चार सिट जित्यो । जनमत पार्टीले सप्तरी २ मा विजय हासिल गऱ्यो भने मधेशवादी दलबाट अलग भई माओवादी केन्द्रबाट उम्मेदवार बनेका महिन्द्र राय यादव सर्लाही २ बाट निर्वाचित भए ।

सद्भावना पार्टीपछि मधेशमा पहिचान, संघीयता र अधिकारको मुद्दा उठाउँदै मधेशी जनअधिकार फोरमको उदय भयो । ०६२/६३ को जनआन्दोलनपछि सुरु भएको मधेश विद्रोहले फोरमलाई मधेशको प्रमुख राजनीतिक शक्तिका रूपमा स्थापित गऱ्यो ।

तर, समयसँगै त्यहाँ पनि विभाजनको शृंखला दोहोरियो । ०६४ भदौमा फोरमले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारसँग सम्झौता गरेपछि पार्टीभित्र असन्तुष्टि चर्कियो । त्यसपछि नेता भाग्यनाथ गुप्ता, किशोरकुमार विश्वास र जितेन्द्र सोनलहरूले 'मधेशी जनअधिकार फोरम, मधेश' गठन गरे ।

०६६ मा विजयकुमार गच्छदारसहितका नेताहरूले सत्ता सहभागिताको मुद्दामा पार्टी फुटाएर 'मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक)' गठन गरे । त्यसपछि जयप्रकाश गुप्ताको नेतृत्वमा 'मधेशी जनअधिकार फोरम (गणतान्त्रिक)' गठन भयो । गुप्ता भ्रष्टाचार प्रकरणमा जेल परेपछि राजकिशोर यादवले नेतृत्व सम्हाले ।

त्यसैगरी, शरत्सिंह भण्डारी नेतृत्वमा राष्ट्रिय मधेश समाजवादी पार्टी गठन भयो । जेलबाट रिहा भएपछि जयप्रकाश गुप्ताले 'तराई मधेश राष्ट्रिय अभियान' चलाए भने अमर यादवले 'तराई-मधेश फोरम' गठन गरे ।

मधेश आन्दोलनबाट उदाएको अर्को दल तराई-मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) पनि अन्ततः विभाजनबाट जोगिन सकेन । महेन्द्र राय यादवले त्यसबाट अलग हुँदै 'तराई मधेश सद्भावना पार्टी' गठन गरे । पछि विभिन्न ६ दलबिच एकीकरण हुँदै राष्ट्रिय जनता पार्टी (राजपा) गठन भया । राजपा र फोरमबिच एकीकरण भई जनता समाजवादी पार्टी नेपालको गठन भयो ।

स्वतन्त्र मधेश गठबन्धनबाट उदाएको जनमत पार्टी पनि विभाजनबाट मुक्त रहन सकेन । कैलाश महतो र इरफान अहमदले अलग-अलग दल गठन गरे, जसमा अहमदले 'स्वराज पार्टी' स्थापना गरे । संसदीय राजनीतिमा नयाँ शक्तिका रूपमा उदाएको जनमत पार्टी पनि केही वर्षमै आन्तरिक विभाजन र चुनौतीको सामना गर्न बाध्य भयो ।

चुनावी नतिजाका १५ रोचक पक्ष

४० जिल्लामा क्लिन स्विप गऱ्यो रास्वपाले, कांग्रेस ५९, एमाले ६८ र नेकपा ६९ जिल्लामा निल

कमलराज भट्ट/नयाँ पत्रिका

२१ फागुनमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको मतपरिणाम सार्वजनिक भइसकेको छ। २७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपा १८२ सिटसहित झन्डै दुईतिहाइनजिक छ। कांग्रेस ३८, एमाले २५, नेकपा १७ र राप्रपा सात सिटमा खुम्चिएका छन्। चार महिनाअघि मात्र गठन भएको श्रम संस्कृति पार्टीले भने सात सिट ल्याएको छ।

यसपटकको चुनावमा कुनै एक दलले झन्डै दुईतिहाइ मत ल्याएको छ। प्रधानमन्त्रीका दाबेदार एमाले अध्यक्ष केपी ओलीलाई उनकै गृहजिल्ला झापामा हराएर रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह बालेन प्रधानमन्त्री बन्दै छन्। त्यस्तै, सबैभन्दा धेरै ५० हजार ३७९ मतान्तरको जित मात्र होइन सबैभन्दा कम पाँच मतको हारजित पनि भएको छ। चुनावी नतिजाका १५ रोचक पक्ष यहाँ समेटिएका छन्।

● ठुलो मतान्तरमा लेखजंगको कीर्तिमान

प्रतिनिधिसभा सदस्य निर्वाचनमा ठुलो मतान्तरले विजयी हुनेमा रास्वपाका डा. लेखजंग थापाले कीर्तिमान कायम गरेका छन्। रुपन्देही ३ का उम्मेदवार थापाले निकटतम प्रतिस्पर्धी कांग्रेसका सुशील गुरुङलाई ५० हजार ३७९ मतान्तरले हराएका हुन्। थापा ५८ हजार ८१४ मत ल्याएर विजयी भएका हुन्। गुरुङले आठ हजार ४३५ मत मात्र पाए। त्यस्तै, एमालेका वासुदेव घिमिरेले आठ हजार २७५ मत पाए। यो निर्वाचन क्षेत्रमा निर्वाचित थापाबाहेक सबै ३५ जनाको धरौटी जफत भएको छ। सदर मतको १० प्रतिशत प्राप्त गर्न नसकेमा धरौटी जफत हुने गर्छ। कुल मतमध्ये ८९ हजार ४१४ मत सदर भएको थियो।

● काठमाडौं उपत्यका नै क्लिन स्विप

रास्वपाले काठमाडौं उपत्यकाका १५ वटै निर्वाचन क्षेत्रमा जित निकालेर क्लिन स्विप गरेको छ। ०६४ को निर्वाचनमा तत्कालीन माओवादीले देशभर १२० सिट ल्याउँदा पनि काठमाडौं १ मा कांग्रेसका प्रकाशमान सिंह र भक्तपुर १ मा नेमकिपामा नारायणमान बिजुक्छे विजयी भएका थिए। तर, यसपटक रास्वपाले नेमकिपाको गढसमेत भत्कायो। काठमाडौंका १०, ललितपुरका तीन र भक्तपुरका दुईवटै क्षेत्रमा रास्वपा विजयी भएको हो। रास्वपाले मधेश प्रदेशका दुई निर्वाचन क्षेत्रबाहेक ३० वटामा जित निकालेको छ।

● मिश्रित प्रणालीबाट बहुमत प्राप्त

०७० मा जारी भएको संविधानले अंगीकार गरेको मिश्रित निर्वाचन प्रणालीबाट कुनै एक दलको बहुमत नआउने टिप्पणी हुने गरेको थियो। र संविधान संशोधनको मुद्दा पनि उठ्ने गरेको थियो। तर, यसपटक रास्वपाले बहुमत मात्र होइन झन्डै दुईतिहाइ ल्याएको छ। प्रत्यक्ष निर्वाचन प्रणालीबाट १६५ सांसद निर्वाचित हुन्छन्। रास्वपाले १२५ सिट ल्याएको छ। त्यस्तै, समानुपातिकबाट ११० मध्ये ५७ सिट ल्याएको छ। बहुमतका लागि १३८ सिट आवश्यक पर्छ। रास्वपाले प्रत्यक्ष र समानुपातिक गरी कुल १८२ सिट ल्याएको छ, जुन दुईतिहाइका लागि दुई सिट कम हो।

● ४० जिल्लामा रास्वपाको क्लिन स्विप

रास्वपाले काठमाडौं उपत्यकाका तीनसहित ४० जिल्ला क्लिन स्विप गरेको छ। रास्वपाले काठमाडौं जिल्लाका १० वटै, ६ निर्वाचन क्षेत्र रहेको मोरङ तथा पाँच-पाँच निर्वाचन क्षेत्र रहेका झापा, रुपन्देही र कैलाली क्लिन स्विप गरेको हो। त्यस्तै, मधेशका रौतहट र धनुषाका एउटा-एउटाबाहेक ३० निर्वाचन क्षेत्रमा जित्दा त्यहाँका ६ जिल्लामा क्लिन स्विप गरेको छ। समग्रमा ७७ मध्ये ४८ जिल्लाका १२५ निर्वाचन क्षेत्रमा जित निकालेको छ। रास्वपाले कोशीमा झापा, मोरङ, ओखलढुंगा, उदयपुर क्लिन स्विप गरेको छ। सुनसरी २, ३, ४ जितेको छ। मधेशमा करिब क्लिप स्विप गरेको छ। रौतहट २ बाहेक सबै ठाउँ जितेको छ। धनुषा १ मा जित्ने मत पाए पनि उम्मेदवारी खारेज हुँदा गुमाउनुपरेको छ। सप्तरी, सिराहा, महोत्तरी, सर्लाही, बारा, पर्सा क्लिन स्विप गरेको छ भने धनुषा २ र ३ तथा रौतहट १, ३ र ४ पनि जितेको छ।

बागमतीमा दोलखा, रामेछाप, सिन्धुली, धादिङ, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, मकवानपुर र चितवन क्लिन स्विप गरेको छ। सिन्धुपाल्चोक १ मा पनि जितेको छ। गण्डकीमा गोरखा, लमजुङ, कास्की, तनहुँ, स्याङ्जा, नवलपरासी पूर्व, बागलुङ र पर्वत क्लिन स्विप गरेको छ। लुम्बिनीमा गुल्मी, अर्घाखाँची, रुपन्देही, प्युठान, दाङ, बर्दिया, नवलपरासी पश्चिम क्लिप स्विप गरेको छ। पाल्पा २, कपिलवस्तु १ र २ तथा बाँके १ र ३ पनि जितेको छ। कर्णालीमा १० मध्ये सुर्खेत २ मा मात्र जितेको छ। सुदूरपश्चिममा कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी क्लिन स्विप गरेको छ।

● पुराना दल नै जिल्लामा निल

कांग्रेसले १८ जिल्लाका १८ सिट जितेको छ। ५९ जिल्लामा कांग्रेस निल भएको छ। कांग्रेसले कोशीमा पाँचथर, इलाम १, तेह्रथुम, सोलुखुम्बु जितेको छ। आधार इलाका मधेशमा एक मात्र रौतहट १ जितेको छ। बागमतीमा रसुवा मात्रै जितेको छ। गण्डकीमा मनाङ र मुस्ताङ, लुम्बिनीमा पाल्पा १, कपिलवस्तु ३ जितेको छ। कर्णालीमा मुगु, हुम्ला, जाजरकोट, दैलेख, सुर्खेत १ तथा सुदूरपश्चिममा बाजुरा, अछाम १ र डोटीमा जितेको छ।

एमालेले नौ जिल्लामा नौ सिट मात्र जितेको छ। ६८ जिल्लामा निल छ। कोशीमा ताप्लेजुङ, इलाम २, संखुवासभा, धनकुटा जितेको छ। एमाले मधेश र गण्डकीमा निल छ। लुम्बिनीमा बाँके २ जितेको छ। कर्णालीको दैलेख २, सुदूरपश्चिमको अछाम २, बझाङ र दार्चुला जितेको छ। नेकपाले आठ जिल्लामा आठ सिट जितेको छ। ६९ जिल्लामा निल छ। कोशी र गण्डकी र सुदूरपश्चिममा निल छ। बागमतीको सिन्धुपाल्चोक २, मधेशको धनुषा १, लुम्बिनीको रुकुम पूर्व र रोल्पा जितेको छ। कर्णालीको सल्यान, डोल्पा, कालिकोट, रुकुम पश्चिम जितेको छ।

● मधेशमै निल भए जसपा र जनमत

मधेश आन्दोलनबाट उदाएका मधेशकेन्द्रित दलहरू यसपटक मधेश प्रदेशमै निल भएका छन्। जसपा, जनमतलगायत दलले एउटा सिट पनि ल्याउन सकेनन् भने समानुपातिकमा पनि तीन प्रतिशत थ्रेसहोल्ड कटाउन सकेनन्। अघिल्लो चुनावमा प्रत्यक्षतर्फ जसपाले आठ, लोसपाले चार र जनमतले एउटा सिट जितेका थिए। यसपटक जसपा र लोसपाको एकता हुँदा पनि निल भएका छन्। यसबाहेक बागलुङमा निरन्तर जित्दै आएको राष्ट्रिय जनमोर्चा र भक्तपुर १ मा गढ बनाएर बसेको नेमकिपा पनि निल भएका छन्।

● कम्युनिस्ट इतिहासकै कमजोर

०७४ को निर्वाचनमा गठबन्धन गरेर करिब दुईतिहाइ मत प्राप्त गरेका कम्युनिस्टहरू अहिले इतिहासमै कमजोर बनेका छन्। आफ्नो अस्तित्व जोगाउनै हम्मेहम्मे परेको छ। एमालेले नौ सिट जितेको छ भने माओवादीले आठ सिट जितेको छ। समानुपातिकतर्फ पनि जादु चलेन। ०७४ मा एमाले र तत्कालीन माओवादी गठबन्धन गरेर चुनावमा जाँदा समानुपातिकसहित १७४ सिट जितेका थिए। एमालेले प्रत्यक्षतर्फ ८० र समानुपातिक ४१ गरी १२१ र माओवादीले प्रत्यक्षतर्फ ३६ र समानुपातिकतर्फ १७ गरी ५३ सिट जितेका थिए। यसपटक अन्य कम्युनिस्ट शक्तिहरू नेमकिपा, जनमोर्चा कुनैले पनि जितेका छैनन्।

● प्रत्यक्षमै १४ महिला

यसपटक प्रत्यक्षतर्फबाट १४ महिला प्रतिनधिसभा सदस्यमा निर्वाचित भएका छन्। रास्वपाबाट १३ र कांग्रेसबाट एक महिला विजयी भएका हुन्। रास्वपाबाट इन्दिरा रानामगर, निशा डाँगी, रुविना आचार्य, विना गुरुङ, आशा झा, नीतिमा भण्डारी कार्की, रज्जु दर्शना (न्यौपाने), तोसिमा कार्की, सोविता गौतम, आशिका तामाङ, गौरी कुमारी, पुष्पाकुमारी चौधरी र कोमल ज्ञवालीले चुनाव जितेका छन्। कांग्रेसबाट दैलेखमा बासना थापा विजयी भएकी छिन्।

● रास्वपाका नेता जो थोरै मतले हारे

संखुवासभामा मिझ्मा शेर्पा ६३६ मतान्तरले पराजित भएका छन्। त्यहाँ एमालेका अर्जुन कार्की १५ हजार ६३५ मत ल्याएर विजयी भएका छन्। शेर्पाले १५ हजार मत पाए। सोलुखुम्बुमा ऋषिधन थुलुङ राईले तीन हजार ६४२ मत मात्रै पाएका छन्। त्यहाँ कांग्रेसका प्रकाशसिंह कार्की १३ हजार १६१ मतसहित विजयी भएका छन्। रुकुम पूर्वमा लखनकुमार थापाले ८१९ मत मात्रै पाए। यहाँ नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्ड १० हजार २४० मतसहित विजयी भएका छन्। जाजरकोटमा कांग्रेसका खडकबहादुर बुढाले २० हजार १४२ मत ल्याएर जित्दा रास्वपाका राघव कार्की दुई हजार ४७१ मतसहित पछाडि रहे। डोल्पामा रास्वपाका देवसिंह ऐडी १८१ मत प्राप्त गरी पछाडि छन्। हुम्लामा टासी ल्हान्जोम एक हजार ६४ मत प्राप्त गरी पछाडि छिन्। मुगुमा भुवन टमटा ५३० मत ल्याएर पछाडि परे। जुम्लामा विनिता कठायत ४२१ मत पाएर पाँचौं नम्बरमा छिन्। अछाम २ मा भूपदेव शाह चार हजार ५६२ मतसहित चौथो भएका छन्।

● ठुला नेता नै धेरै मतान्तरले हारे

निर्वाचन आयोगले सार्वजनिक गरेको नतिजाअनुसार दलका प्रमुख नेताहरू नै पराजित भएका छन्, त्यो पनि ठुलो मतान्तरले। एमाले अध्यक्ष केपी ओली झापा ५ मा ४९ हजार ६१४ मतान्तरले पराजित भए। पूर्वसभामुख देवराज घिमिरे ४८ हजार ७४२ मतान्तरले हारेका छन्। उपाध्यक्ष विष्णु पौडेल ४३ हजार ६८९ मतान्तरले पराजित भएका छन्। वरिष्ठ नेता ईश्वर पोखरेल २६ हजार ३६ मतान्तरले पराजित भएका छन्। कांग्रेस सभापति गगन थापा १२ हजार ८५७ मतान्तरले पराजित भएका छन्। महामन्त्री प्रदीप पौडेल २१ हजार ५७८ मतान्तरले पराजित भएका छन्। नेकपाका वरिष्ठ नेता माधवकुमार नेपाल रौतहट १ मा २१ हजार २७७ मतान्तरले पराजित भएका छन्। झापा ३ मा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन २१ हजार ३८० मतान्तरले पराजित भएका छन्। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव सप्तरी ३ मा १७ हजार ६३६ मतान्तरले पराजित भएका छन्। जनमत अध्यक्ष सिके राउत सप्तरी २ मा १८ हजार ५२४ मतान्तरले पराजित भएका छन्।

● पाँच मतको पनि हारजित

यसपटकको चुनावमा सबैभन्दा झिनो मतान्तरले हारजित ओखलढुंगामा भएको छ। रास्वपाका विश्वराज पोखरेलले कांग्रेसका कुमार लुइँटेललाई पाँच मतान्तरले हराएका हुन्। पोखरेलले १३ हजार ९५३ र लुइँटेलले १३ हजार ९४८ मत प्राप्त गरे। नेकपाका अम्बिरबाबु गुरुङले ११ हजार २ ९६ र एमालेकी अस्मिता थापा १० हजार ७२० मत ल्याएर चौथो भइन्।

● निर्वाचन परिचालन समितिभन्दा कम मत

तनहुँ १ मा स्वतन्त्र उम्मेदवार दीपकराज जोशीले चुनाव प्रचारका लागि ५०१ सदस्यीय निर्वाचन परिचालन समिति बनाएका थिए। त्यस्तै, बुथ परिचालन समितिमा ६१२ सदस्यीय थियो। तर, जोशीले ११३ मत मात्र पाएका छन्। यहाँ ३८ हजार ४० मतसहित रास्वपाका स्वर्णिम वाग्ले विजयी भएका छन्।

● दुईतिहाइ उम्मेदवारले जोगाएनन् जमानत

प्रतिनिधिसभा सदस्य निर्वाचनको मत परिणामअनुसार २ हजार ८९० उम्मेदवारको जमानत जफत भएको छ। यो कुल उम्मेदवारको ८५ प्रतिशत हो। निर्वाचनमा ३४ हजार ४०५ उम्मेदवारले भाग लिएका थिए। आयोगअनुसार ३५० उम्मेदवारले शून्य मत पाएका छन्। ५१६ जनाले जमानत जोगाएका छन्। प्रत्यक्षतर्फ निर्वाचनमा खसेको कुल सदर मतको १० प्रतिशत मत प्राप्त नगर्ने उम्मेदवारको धरौटी जफत हुने व्यवस्था छ। समानुपातिकतर्फ एक सिट प्राप्त नगर्ने दलको धरौटी जफत हुन्छ। समानुपातिकमा भाग लिएका ६३ दलमध्ये ५७ दलको धरौटी जफत भएको छ।

● जसले एक मत पनि पाएनन्

निर्वाचनमा ३५० उम्मेदवारले एक मत पनि प्राप्त गरेनन्। प्रतिस्पर्धामा शून्य मतको अनौठो दृश्य देखियो। यसमा उम्मेदवारले आफैंले आफैंलाई मत नहालेको वा हाल्न नपाएको हुनसक्ने आयोगका अधिकारी बताउँछन्।

गृहजिल्लामै प्रधानमन्त्रीका दाबेदारलाई नै हराएर प्रधानमन्त्री बन्दै बालेन

यसपटकको चुनावमा प्रधानमन्त्रीका दाबेदारले प्रधानमन्त्रीकै दाबेदारलाई हराएका छन्। त्यो पनि उनकै गृह निर्वाचन क्षेत्रमा। रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह बालेनले झापा ५ गएर एमाले अध्यक्ष केपी ओलीलाई हराएका हुन्। ओली ०७९ को चुनावमा ५२ हजार ३१९ मतसहित निर्वाचित भएका थिए, तर यसपटक बालेनले ४९ हजार ६१४ मतान्तरले हराईदिए। बालेन ६८ हजार ३४८ मतसहित विजयी हुँदा ओलीले १८ हजार ७३४ मत मात्र पाए। त्यस्तै, काठमाडौं ४ बाट सर्लाही ४ पुगेका कांग्रेस सभापति थापालाई रास्वपाकै अमरेशकुमार सिंहले १२ हजार ८५७ मतान्तरले पराजित गरेका छन्। अमरेशले ३५ हजार ६८८ मत ल्याएर जित्दा गगनलाई २२ हजार ८३१ मतमै रोकेका हुन्।



■ रास्वपाका १२ उम्मेदवारले ५० हजारभन्दा धेरै मत ल्याएर जिते

गत बिहीबार भएको प्रतिनिधिसभा निर्वाचनमा रास्वपाका १२ उम्मेदवार ५० हजारभन्दा धेरै मत ल्याएर विजयी भएका छन्। झापाका पाँच निर्वाचन क्षेत्रमध्ये दुईवटामा ५० हजारभन्दा धेरै मत आएको छ। झापा ५ मा बालेन्द्र शाहले ६८ हजार ३४८ र झापा २ इन्दिरा रानामगरले ६० हजार ११० मत ल्याएका हुन्। चितवनका तीनवटै क्षेत्रमा रास्वपा उम्मेदवारले ५० हजारभन्दा धेरै मत ल्याएका छन्। चितवन १ मा हरि ढकालले ५८ हजार २०८, चितवन २ मा रवि लामिछानेले ५४ हजार ४०२ र चितवन ३ मा सोविता गौतमले ५९ हजार २७७ मत ल्याएका हुन्। पाँच निर्वाचन क्षेत्र रहेको रुपन्देहीमा रास्वपाका तीन उम्मेदवारले ५० हजार मत कटाएका छन्। रुपन्देही १ मा सुनील लम्सालले ५४ हजार ८४५, रुपन्देही २ मा सुलभ खरेलले ५६ हजार ५५० र रुपन्देही ३ मा डा. लेखजंग थापाले ५८ हजार ८१४ मत ल्याएका हुन्। त्यस्तै, सुनसरी २ मा लालविक्रम थापाले ५७ हजार ३४८, मोरङ ६ मा रविना आचार्यले ५५ हजार ५१३, काभ्रेपलान्चोक २ मा बदनकुमार भण्डारीले ५३ हजार ३४४ र नवलपरासी पूर्व १ मा राजन गौतमले ५० हजार ९४५ मत ल्याएका छन्।

संक्षेप

माटोको ढिस्कोले पुरिएर एकको मृत्यु

रोल्पा/ माटोको ढिस्कोले पुरिएर रोल्पामा एकजनाको मृत्यु भएको छ। रून्टिगढी गाउँपालिका-७, मोतिखन्ने डाँडामा माटो खन्ने क्रममा ढिस्को खस्दा ४९ वर्षीया निर्मला बुढाथोकीको मृत्यु भएको प्रहरीले जनाएको छ। घर लिप्न माटो लिन गएकी बुढाथोकीको घटनास्थलमै मृत्यु भएको प्रहरी नायब उपरीक्षक वीरेन्द्रवीर विश्वकर्माले बताए। बुढाथोकीसँगै माटो लिन गएका सातध्ये अन्य तीनजना घाइते भएका छन्। घाइते हुनेहरूमा खास्किवननिवासी २८ वर्षीया एलिना पुन, ३८ वर्षीया शान्ति पुन र ४९ वर्षीया पार्वती पुनमगर रहेको प्रहरीको भनाइ छ। घटना भएलगत्तै प्रहरी र स्थानीयवासीले पुरिएकाहरूको उद्धार गरेका थिए।

आगलागीमा परी एक घर जल्यो

रामेछाप/ गोकुलगंगा गाउँपालिका- १ चुचुरस्थित शिवालयमा शुक्रबार राति आगलागी हुँदा एक घर जलेर पूर्ण रूपमा नष्ट भएको छ। आगलागीमा परी स्थानीय विक्रम राईको घर जलेर नष्ट भएको हो। उनको घरमा जडान गरिएको विद्युत् सर्ट भएर आगलागी भएको स्थानीयले बताएका छन्। आगलागीबाट घरमा रहेका सुन र चाँदीका गरगहना, भाँडावर्तन, लत्ताकपडा र खाद्यान्नलगायतका सम्पूर्ण सामग्री नष्ट भएको प्रहरीचौकी शिवालयका प्रहरी सहायक निरीक्षक प्रदीपकुमार यादवले जानकारी दिए। उनका अनुसार आगलागीबाट करिब १० लाखबराबरको सामग्री जलेर नष्ट भएको अनुमान गरिएको छ। शुक्रबार बेलुका ८ बजे लागेको आगो स्थानीय, प्रहरीसमेतको सहयोगमा राति नियन्त्रणमा लिए पनि घर भने पूर्ण रूपमा जलेको हो।

सुक्खा पहिरोले भेडेटार-राँके सडक अवरुद्ध

धनकुटा/ सुक्खा पहिरोका कारण भेडेटार-रवि-राँके सडकखण्ड अवरुद्ध भएको छ। धनकुटाको नाम्जेमा दुई दिनेदेखि लगातार गएको सुक्खा पहिरो गएपछि भारतीय कम्पनी एप्को इन्फ्रा टेकले एक्स्काभेटरगायतका उपकरणले सहायतामा पहिरो पन्छाउने कार्य गरिएको थियो। तर, साँगुरीगढी गाउँपालिका- ३ नाम्जेनजिक शनिबार बिहानदेखि पुनः पहिरो झर्न थालेपछि सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय धनकुटा सूचना अधिकारी डिएसपी ज्ञानकुमार महतोले बताए। सडकको करिब तीन सय मिटर क्षेत्रमा माथिबाट आएको ढुंगामाटोले सडक अवरुद्ध भई यातायात अवरुद्ध भएको प्रहरीले जनाएको छ। सडक अवरुद्ध भएपछि हिजोदेखि रोकिएका सवारीसाधन वैकल्पिक मार्गबाट गन्तव्यमा पठाउने व्यवस्था गरिएको प्रहरीले बताएको छ। सडक अवरुद्ध भएकाले सवारीसाधन दोहोरो पास हुन सकेका छैनन्। धरानबाट गएको सवारीसाधन नाम्जे थुम्कीसम्म जाने गरेको छ भने कुरुले, मौनाबुधुक, राजारानी, पाँचथरबाट आएका बसहरू नाम्चेपारि नै रोकिएका छन्।

पोषणसम्बन्धी सचेतना विस्तारले समुदायमा सकारात्मक परिवर्तन ल्याउने

लहान/ गर्भवती तथा ६ देखि ५९ महिना उमेरका बालबालिकाको पोषण सुधारका लागि सरोकारवालाहरूले स्थानीय तह, स्वास्थ्य तथा कृषि संयन्त्रबिच समन्वय र सहकार्यमा जोड दिएका छन्। सिराहा सदरमुकाममा शुक्रबार आयोजित 'जीवनका लागि पोषण कार्यक्रम'सम्बन्धी कार्यक्रममा सरोकारवालाहरूले गर्भवती महिला र बालबालिकाको स्वास्थ्यका लागि पोषण महत्त्वपूर्ण पक्ष रहेको उल्लेख गर्दै पोषणसम्बन्धी सचेतना विस्तारले त्यसको विषयमा जागरुकता ल्याउने भएकाले समुदायमा सकारात्मक परिवर्तन ल्याउन सहयोग गर्ने औंल्याए। जिल्ला समन्वय समिति सिराहाका प्रमुख दिनेशकुमार महतोले बालबालिका र आमाको स्वास्थ्य सुदृढ बनाउन पोषण महत्त्वपूर्ण पक्ष भएको उल्लेख गर्दै जीवनका लागि पोषण कार्यक्रमले जिल्लाको पोषणको अवस्था सुधार गर्ने अपेक्षा गरे।

■ मन्त्री क्वार्टरका २६ ब्लक बस्न अयोग्य



गत भदौको जेन-जी आन्दोलनमा ध्वस्त बनेको भैंसीपाटी सैंबुस्थित मन्त्री क्वार्टर। त्यसवेला २७ मध्ये २६ ब्लकमा तोडफोड र आगजनी गरिएको थियो। नयाँ सरकार गठनको चरणमा पुग्दा नवनियुक्त मन्त्रीलाई दिने निवास छैन। तस्बिर : दीपेन्द्र ढुंगाना/नयाँ पत्रिका

साँगुरीगढी गाउँपालिकाकी उपाध्यक्ष राई एमालेबाट निष्कासित



मुना राई

धनकुटा/ एमाले धनकुटाले प्रतिनिधिसभा सदस्य निर्वाचनमा पार्टीलाई असहयोग गरेको आरोपमा साँगुरीगढी गाउँपालिकाकी उपाध्यक्ष मुना राईलाई पार्टीबाट निष्कासन गरेको छ। पार्टी गतिविधिविपरीत काम गरेको आरोप लगाउँदै जिल्ला कमिटीको विस्तारित बैठकले राईलाई निलम्बन गर्ने निर्णय गरेको एमाले धनकुटाका प्रचार विभाग प्रमुख रविन कट्टेलले बताए। अन्तर्घात गरेको विषय जिल्ला कमिटी बैठकमा विषय उठेपछि उपाध्यक्ष राईमाथि कारबाही गरिएको हो। राई ०७९ को स्थानीय तह निर्वाचनमा एमालेबाट साँगुरीगढी गाउँपालिकाको उपाध्यक्ष पदमा निर्वाचित भएकी थिइन्। आफूलाई गरिएको भनिएको कारबाहीबारे प्रतिक्रिया दिँदै साँगुरीगढी गाउँपालिका उपाध्यक्ष राईले हालसम्म औपचारिक जानकारी प्राप्त नभएको बताइन्। उनले लामो समयदेखि आफूलाई कारबाहीको नाममा दबाब दिने प्रयास भएको बताउँदै यदि कारबाही भएको हो भने त्यसलाई स्वाभाविक रूपमा लिने बताइन्। सो बैठकले प्रतिनिधिसभा निर्वाचनका क्रममा पार्टीविरुद्ध अन्तर्घात गरेको आरोप लागेका कार्यकर्तामाथि कारबाही गर्न नेता भीम राईको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको एमालेले जनाएको छ।

उम्मेदवारी दिने २० मध्ये चार डाक्टर मात्रै सांसद

रास्वपाका तीन र कांग्रेसबाट एक निर्वाचित, अधिकांश डाक्टरको सदन यात्रा अधुरै

शिवहरि घिमिरे/नयाँ पत्रिका

प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ २० जना मेडिकल डाक्टर चुनावी मैदानमा उत्रिएकोमा जम्मा चारजनाले मात्रै चुनावी परिणाम आफ्नो पोल्टामा पार्न सफल भएका छन्। निर्वाचितमध्ये तीनजना (डा. तोसिमा कार्की, ललितपुर ३, डा. लेखजंग थापा, रुपन्देही २ र डा. शम्भुकुमार यादव, सिराहा ३) राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार हुन्। रौतहट २ बाट निर्वाचित कांग्रेसका डा. फिर्दोष आलम पनि सदन यात्रा गर्न सफल बनेका छन्।

अपरेसन थिएटर र बिरामी उपचारमा खटिने उनीहरूले यसपालि मैदान बदल्ने निर्णय लिएका थिए। तर, चुनावी मैदान सोचेजस्तो सहज भने हुन सकेन। राजनीतिको कठोर मैदानमा अधिकांश डाक्टर असफल भए। चुनावमा पराजय व्यहोरेपछि उनीहरू अन्ततः बिरामीको उपचारमै फर्किने भएका छन्। विभिन्न दलहरूबाट उम्मेदवार सिफारिस भएपछि उनीहरू मतदाता भेटघाट, सभा र घरदैलोमा पुगेका थिए।

राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिकतर्फ सात र प्रत्यक्षतर्फ तीन गरी १० जना डाक्टरलाई उम्मेदवार बनाएको थियो। तीनैजना प्रत्यक्षतर्फ निर्वाचित भएका छन्। रास्वपाले 'विज्ञ र प्राविधिकलाई नीति-निर्माण तहमा पुऱ्याउने' रणनीतिअनुसार चिकित्सकलाई अघि सारेको थियो। प्रत्यक्षतर्फ ललितपुर ३ बाट डा. तोसिमा कार्की, रुपन्देही ३ बाट डा. लेखजंग थापा र सिराहा ३ बाट शम्भुकुमार यादव चुनावी मैदानमा उत्रिएकोमा तीनजना जनताबाट अनुमोदित भएका छन्। निर्वाचित भएका थापाले आफूले स्वास्थ्य क्षेत्रका समस्या र नीतिगत सुधारलाई केन्द्रमा राख्ने बताए। 'स्वास्थ्य क्षेत्रका नीतिगत सुधार, मेडिकल शिक्षाको नियमन र पहुँच विस्तार गर्नुपर्नेछ,' उनले भने, 'मैले चुनावको एजेन्डामा पनि यसैलाई प्रमुख बनाएको थिएँ।' यसपटक चुनावमा अन्य दलहरूले पनि थुप्रै डाक्टर उम्मेदवार अघि सारेका थिए। कांग्रेसले अघि सारेका उम्मेदवारमध्ये डा. फिर्दोष आलम मात्र निर्वाचित भए। डा. सुनील शर्मा मोरङ ३, डा. शेखर कोइराला मोरङ ६, डा. सुवास यादव, सिराहा ३ र डा. सरोजकुमार यादव सर्लाही २ बाट पराजित भए।

यसपटक स्वतन्त्र रूपमा पनि डाक्टरहरू चुनावी मैदानमा थिए। डा. निकोलस भुसाल रुपन्देही २, डा. अर्चनशमशेर राणा काठमाडौं ४ र डा. धनञ्जयकुमार हाथी महोत्तरी २ बाट उम्मेदवार बनेका थिए। भुसालले चुनावको अन्तिम घडीमा रास्वपा उम्मेदवारलाई सघाएका थिए। उज्यालो नेपाल पार्टीबाट डा. प्रवीन स्याङ्तान मकवानपुर २ र नेकपाबाट डा. आशुतोषविजय पन्त ललितपुर ३ मा उम्मेदवार बनेका थिए। डा. राकेश न्यौपाने काठमाडौं १० र डा. राकेश मण्डल महोत्तरी २ बाट उम्मेदवार बनेकोमा पराजित भए। जसपाबाट मिनाक्षी ठाकुर महोत्तरी ३ र सुरेन्द्रकुमार यादव महोत्तरी ४ बाट पराजित भए। श्रम संस्कृति पार्टीबाट डा. धनबहादुर श्रेष्ठ काठमाडौं १०, प्रलोपाबाट डा. राजनारायण झा महोत्तरी ३ र नेकपाबाट डा. रजनिस राय सर्लाही ४ बाट निर्वाचन लडेका थिए। तर, उनीहरूको सांसद बन्ने यात्रा अधुरै रह्यो।

नेपाल चिकित्सक संघका अध्यक्ष डा. अनिलविक्रम कार्की चिकित्सक निर्वाचित हुँदा स्वास्थ्य क्षेत्रका समस्या सदनसम्म पुऱ्याउन सहज भएको बताए। 'विगतमा पनि केही डाक्टरहरू चुनावी मैदानमा उत्रिएर सफल हुनुभएको थियो, यसपटक धेरै उम्मेदवारहरू चुनावी मैदानमा भिडे पनि केहीले चुनाव जित्नुभयो। आशा छ उहाँहरूले स्वास्थ्यको मुद्दालाई सदन र नीतिगत तहसम्म पुऱ्याउन सहयोग गर्नुहुनेछ,' उनले भने, 'स्वास्थ्यका समस्या नीति-निर्माण तहमा पुऱ्याउन सकेमात्रै स्वास्थ्य क्षेत्र थप सुधार हुन सक्छ।'

सदन पुगने ४ माननीय



डा. तोसिमा कार्की



डा. लेखजंग थापा



डा. शम्भुकुमार यादव



डा. फिर्दोश आलम

■ जो यसपटक संसद् पुग्न असफल भए

डा. सुनील शर्मा, मोरङ ३ (२४,३५४, पराजित)
डा. शेखर कोइराला, मोरङ ६ (१२,८५०, पराजित)
डा. सुवासचन्द्र यादव, सिराहा ३ (९,८७९, पराजित)
डा. सरोजकुमार यादव, सर्लाही २ (७,०३९, पराजित)
डा. निकोलस भुसाल, रुपन्देही २ (उम्मेदवारी फिर्ता)
डा. अर्चनशमशेर राणा, काठमाडौं ४ (८३, पराजित)
डा. धनञ्जयकुमार हाथी, महोत्तरी २ (३२, ६९७, पराजित)
डा. प्रवीन स्याङ्तान, मकवानपुर २ (६,२३७, पराजित)
डा. आशुतोषविजय पन्त, ललितपुर ३ (१,३२०, पराजित)
डा. राकेश न्यौपाने, काठमाडौं १० (९२७, पराजित)
डा. राकेश मण्डल, महोत्तरी २ (२२२, पराजित)
डा. मीनाक्षी ठाकुर, महोत्तरी ३ (३,९४६, पराजित)
डा. सुरेन्द्रकुमार यादव, महोत्तरी ४ (८,७४२, पराजित)
डा. धनबहादुर श्रेष्ठ, काठमाडौं १० (५१८, पराजित)
डा. राजनारायण झा, महोत्तरी २ (१७४, पराजित)
डा. रजनीश राय, सर्लाही ४ (१,४०१, पराजित)

नारामा सीमित उपभोक्ता अधिकार

सरकार, व्यवसायी र उपभोक्ता तीनै पक्ष जिम्मेवार, इमानदार र सचेत नभएसम्म 'उपभोक्ता अधिकार' दिवस केवल नारामा सीमित रहनेछ



● माधव तिमल्सिना

अग्रलेख

विश्वव्यापी अवधारणा : हरेक वर्षको मार्च १५ लाई विश्वभरि 'विश्व उपभोक्ता अधिकार दिवस'का रूपमा मनाइन्छ। सन् १९६२ मार्च १५ मा अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले अमेरिकी कंग्रेसमा प्रस्तुत गरेको उपभोक्ता अधिकारसम्बन्धी सन्देशको स्मरणमा यो दिवस मनाउन थालिएको हो। उनले पहिलोपटक उपभोक्ताका चार आधारभूत अधिकार : सुरक्षाको अधिकार, सूचना पाउने अधिकार, छनोटको अधिकार र सुनुवाइको अधिकारलाई औपचारिक रूपमा परिभाषित गरेका थिए।

सन् १९८५ मा संयुक्त राष्ट्र संघले 'उपभोक्ता संरक्षणसम्बन्धी मार्गदर्शक सिद्धान्त' पारित गरेपछि यसले विश्वव्यापी कानुनी र नैतिक मान्यता पायो। वर्तमानमा प्रविधिको विकास र इ-कमर्सको विस्तारसँगै 'डिजिटल बजारमा सुरक्षा' र 'दिगो उपभोग'जस्ता विषय विश्वव्यापी बहसका मुख्य मुद्दा बनेका छन्।

नेपालको संवैधानिक र कानुनी व्यवस्था : नेपालको संविधान २०७२ को धारा ४४ ले प्रत्येक उपभोक्तालाई 'गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक'लाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हकसमेत सुनिश्चित गरिएको छ। यसलाई कार्यान्वयन गर्न नेपालमा निम्न कानुनी व्यवस्था अवलम्बन गरिएका छन् :

उपभोक्ता संरक्षण ऐन २०७५ : यो ऐनले उपभोक्ताका अधिकार, उत्पादक र विक्रेताको दायित्व र बजार अनुगमनको संयन्त्रलाई स्पष्ट पारेको छ। २. खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ : खाद्य वस्तुको शुद्धता कायम राख्न हालै ल्याइएको कडा कानुन हो यो। ३. अन्य ऐनहरू : कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, नापतौल ऐन, औषधी ऐन आदि।

व्यवहार र वास्तविकता : कागजी रूपमा तयार गरी लागू गरिएका उपभोक्ता हक, अधिकारसम्बन्धी नेपालका कानुन दक्षिण एसियामै उत्कृष्ट मानिन्छन्। तर, व्यवहारमा भने उपभोक्ताहरू सधैं सकसमा छन्। नारामा उपभोक्ता नै बजारका राजा हुन्। उपभोक्ताको दयाले बजार चलेको हुन्छ भनिए पनि व्यवहारमा भने उनीहरू सधैं निरीह देखिन्छन्।

उपभोक्ताले भोग्नुपरिरहेका मुख्य समस्या : मिसावट र गुणस्तरहीनता चरम रूपमा बढेको छ। दैनिक उपभोग्य वस्तु, जस्तै- दुध, तेल, तरकारी, फलफूल, माछामासु र खाद्यान्नमा अखाद्य वस्तुको मिसावट र विषादीको प्रयोग व्यापक छ। मूल्यवृद्धि र कृत्रिम अभाव चरम छ। कार्टेलिङ, सिन्डिकेट र जम्माखोरीले चाडबाडको समयमा आपूर्ति शृंखला नै बिग्रिएको मात्र नभई सामान्य अवस्थामा पनि बिचौलियाका कारण वस्तुको मूल्य अचाक्ली बढाउने गरेको पाइन्छ। त्यस्तै, गुणस्तर र नापतौलमा समेत खेल्ने काम गरिन्छ। टेलिभिजन, रेडियो र विभिन्न सामाजिक सञ्जालमार्फत वस्तुको गुणस्तरबारे बढाइचढाइ गरिएका विज्ञापनले उपभोक्तालाई भ्रममा पारिरहेका छन्। 'अनलाइन सपिङ'मा 'अर्डर' गरेका सामान नआउने, आए पनि अर्कै वा गुणस्तरहीन आउने र फिर्ता गर्न गाह्रो हुनेजस्ता समस्या विकराल छन्।

विद्यमान समस्याका कारण : नेपालमा उपभोक्ता अधिकार प्रभावकारी हुन नसक्नुका पछाडि निम्न कारण जिम्मेवार देखिन्छन् :

बिचौलियाको दबदबा : उत्पादक र उपभोक्ताबिच ५-६ तहका बिचौलिया हुँदा किसानले उचित मूल्य नपाउने र उपभोक्ताले महँगोमा किन्नुपर्ने बाध्यता छ।

कर्मकाण्डी अनुगमन : सरकारी अनुगमन प्रायः अलि बढी अपौचारिकता निभाउने कार्यमा मात्र सीमित देखिन्छ। दोषीलाई कडा कारबाही गर्नुको सट्टा न्यून जरिवाना गरेर छाड्ने प्रवृत्ति छ। त्यसैले पनि हाम्रो बजार एकैखालेकसुरबाट जेलिएको छ।

चेतनाको अभाव : आमउपभोक्ता आफ्ना अधिकार र उजुरी गर्ने प्रक्रियाबारे जानकार छैनन्। 'जसोतसो चलिरहेकै छ' भन्ने मानसिकताले ठगी गर्नेलाई बल पुगेको छ।

न्यायिक प्रक्रियामा ढिलाइ : क्षतिपूर्तिका लागि उपभोक्ता अदालत/जिल्ला अदालत वा क्षतिपूर्ति प्राप्त गर्न जाँदा लाग्ने समय र खर्चले गर्दा उपभोक्ताहरू मुद्दा लड्न/उजुरी गर्न हिचकिचाउँछन्।

गर्नुपर्ने नीतिगत र व्यावहारिक सुधार : उपभोक्ता अधिकारलाई केवल नारामा मात्र सीमित नराखी व्यवहारमा उतार्न निम्न कदम चाल्न ढिला भइसकेको छ :

एकीकृत बजार अनुगमन संयन्त्र : संघ, प्रदेश र स्थानीय तहबिच समन्वय गरी बाह्रै महिना प्रभावकारी अनुगमन गर्ने प्रणाली विकास गर्नुपर्छ। 'उपभोक्ता प्रहरी' वा विशिष्टीकृत अनुगमन एकाइको आवश्यकता छ।

उपभोक्ता अदालतको स्थापना : सामान्य अदालतमा मुद्दाको चाप धेरै हुने भएकाले उपभोक्ताका मुद्दा तत्काल छिनोफानो गर्न छुट्टै 'उपभोक्ता अदालत' स्थापना गर्नुपर्ने व्यवस्था भए पनि काठमाडौं उपत्यकाबाहेक अन्यत्र स्थापना गर्न सकिएको छैन। त्यस्तो अदालतलाई प्रत्येक प्रदेश हुँदै जिल्ला-जिल्लामा पुऱ्याउन सक्नुपर्छ।



विषादी परीक्षण प्रयोगशालाको विस्तार : प्रत्येक प्रदेश र मुख्य नाकामा अत्याधुनिक प्रयोगशाला स्थापना गरी परीक्षण नगरिएका तरकारी र फलफूल/माछामासु तथा विभिन्न खाद्यान्न बजारमा पठाउन रोक लगाउनुपर्छ।

आपूर्ति शृंखलामा सुधार : उत्पादकदेखि उपभोक्तासम्मको पहुँच सीधा बनाउन 'सहकारी बजार' वा 'फार्म-टु-टेबल' अवधारणालाई प्रोत्साहित गर्नुपर्छ।

इ-कमर्स कानुनको कार्यान्वयन : अनलाइन व्यापारलाई नियमन गर्न कडा कानुन र डिजिटल भुक्तानीको सुरक्षा सुनिश्चित गर्नुपर्छ।

पाठ्यक्रममा समावेश : विद्यालयस्तरको पाठ्यक्रममै उपभोक्ता शिक्षा समावेश गरी सानै उमेरदेखि उपभोक्ता अधिकारबारे सचेत नागरिक तयार पार्नुपर्छ।

नेपालको कानुनी अभ्यास र व्यावहारिक चुनौती : नेपालका सन्दर्भमा उपभोक्ता संरक्षण ऐन, २०७५ ले उपभोक्तालाई नौवटा अधिकार दिएको छ। तर, यी अधिकार कार्यान्वयनमा आउन नसक्नुका पछाडि निम्न 'व्यावहारिक पर्खाल' खडा छन् :

बजार अनुगमनको सीमितता : हाल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले अनुगमन गर्ने गरे पनि जनशक्ति र प्राविधिक स्रोतको अभाव छ। काठमाडौंकेन्द्रित अनुगमनले दूरदराजका गाउँबस्तीमा हुने ठगीलाई छुन सकेको छैन।

> राज्यले कार्टेलिङ र सिन्डिकेट तोड्दै बजारलाई पूर्ण रूपमा स्वच्छ, प्रतिस्पर्धी र उपभोक्तामैत्री बनाएर विधिको शासन तथा कानुनी राज्यको अनुभूति दिलाउन नसकुन्जेल उपभोक्ताको 'सकस' कायमै रहनेछ

दण्ड र सजायको फितलोपन : ठुला व्यापारीले गर्ने करोडौंको ठगीमा केही हजार मात्र जरिवाना तिरेर उम्किने अवस्था छ। यसले गर्दा अपराधीको मनोबल बढ्ने र उपभोक्ताको न्यायप्रतिको विश्वास घट्ने अवस्था छ।

प्रमाण संकलनमा कठिनाइ : उपभोक्ताले सामान किन्दा बिल नमाग्ने वा व्यापारीले दिन नमान्ने कारणले गर्दा पछि मुद्दा दर्ता गर्दा ठोस प्रमाणको अभाव हुन्छ।

डिजिटल युग र उपभोक्ता अधिकार : सन् २०२६ सम्म आइपुगदा नेपालमा अनलाइन सपिङ र डिजिटल भुक्तानी आमसर्वसाधारणको जीवनशैली बनिसकेको छ। तर, यहाँ नयाँ प्रकारका समस्या देखिन थालेका छन् :

डाटा गोपनीयता : उपभोक्ताका व्यक्तिगत विवरण विज्ञापन प्रयोजनका लागि बिक्री गर्ने वा दुरुपयोग गर्ने जोखिम बढेको छ।

'टर्न एन्ड रिफन्ड' नीतिको अभाव: धेरैजसो अनलाइन पोर्टलमा सामान मन नपरेमा फिर्ता गर्ने वा पैसा फिर्ता पाउने स्पष्ट नीति छैन।

कमजोर साइबर सुरक्षा : नक्कली वेबसाइट बनाएर वा 'फिसिङ'मार्फत उपभोक्ताको बैंक खाताबाट पैसा चोरी हुने घटना दैनिक बढिरहेका छन्।

■ नीतिगत व्यवस्थामा गर्नुपर्ने ठोस सुधार

स्वचालित मूल्य निर्धारण प्रणाली : पेट्रोलियम पदार्थमा जस्तै खाद्यान्न र अत्यावश्यक वस्तुमा पनि लागतका आधारमा वैज्ञानिक मूल्य निर्धारण प्रणाली लागू गर्नुपर्छ।

उपभोक्ता अधिकार कोष : जरिवानाबाट संकलित रकमलाई 'उपभोक्ता अधिकार कोष' मा राखेर त्यसलाई उपभोक्ता शिक्षा र पीडितलाई तत्काल राहत दिन प्रयोग गर्नुपर्छ।

स्थानीय तहको सक्रियता : संविधानले बजार अनुगमनको अधिकार स्थानीय तहलाई पनि दिएको छ। प्रत्येक वडामा 'बजार निरीक्षक' तोकेर टोल-टोलमा अनुगमन हुनुपर्छ।

सचेतना नै पहिलो सुरक्षा : कानुन र सरकारले मात्र सबै समस्या हल गर्न सक्दैन। उपभोक्ता आफैंले निम्न विषयमा 'स्वजागरण' ल्याउनु जरुरी छ। १. सामानको म्याद गुज्रिने मिति र ब्याच नम्बर हेर्ने बानी बसाल्ने। २. हरेक सानो वा ठुलो खरिदमा अनिवार्य बिल लिने। ३. गुणस्तरहीन सामान भेटिएमा तत्काल ११३७ (वाणिज्य विभागको हटलाइन) मा फोन गर्ने वा स्थानीय प्रशासनलाई खबर गर्ने।

विश्व उपभोक्ता अधिकार दिवस २०२६ को यो अवसरमा हामीले केवल भाषण र च्यालीमा मात्र सीमित नभई बजारलाई स्वच्छ र पारदर्शी बनाउने प्रण गर्नुपर्छ। 'सुरक्षित उत्पादन, विवेकशील उपभोक्ता र जिम्मेवार प्रशासन' भन्ने यस वर्षको नारालाई सार्थक बनाउन राज्यको बलियो नियमन, व्यवसायीको नैतिकता र उपभोक्ताको सक्रिय सचेतना नै आजको आवश्यकता हो।

निष्कर्ष : विश्व उपभोक्ता अधिकार दिवसले हामीलाई हाम्रा कमजोरी सुधार्ने अवसर दिएको छ। हामीले बुझ्नुपर्ने के हो भने सरकारले नियम बनाउँछ, विभागले अनुगमन गर्छ, तर सचेत उपभोक्ता नै बजारको वास्तविक सुरक्षा कवच हो। नेपालको सन्दर्भमा, खाद्य प्रविधि विभागले प्रयोगशालाको क्षमता विस्तार गर्ने र वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलगायत विभिन्न नियमनकारी निकायले गलत काम गर्ने व्यापारीलाई राजनीतिक दबाबविना कारबाही गर्ने हो भने 'सुरक्षित उत्पादन, विश्वस्त उपभोक्ता'को नारा कागजमा मात्र सीमित रहनेछैन।

आजको प्रतिबद्धता : सामान किन्दा बिल मागौं, उत्पादन मिति, ब्याच नं., उत्पादक वा आयातकर्ताको ठेगाना, उपभोग्य मिति हेर्दै र कुनै पनि शंकास्पद गतिविधि देखिएमा सरकारी नियामक निकायलाई तत्काल खबर गरौं। कानुन मात्र ठुलो कुरा होइन, त्यसको कार्यान्वयन हुनु र नागरिकले त्यसको अनुभूति गर्न पाउनु लोकतन्त्रको सुन्दर पक्ष हो। जबसम्म राज्यले कार्टेलिङ र सिन्डिकेट तोड्दै बजारलाई पूर्ण रूपमा स्वच्छ, प्रतिस्पर्धी र उपभोक्तामैत्री बनाएर विधिको शासन तथा कानुनी राज्यको अनुभूति दिलाउन सक्दैन, तबसम्म उपभोक्ताको 'सकस' कायमै रहनेछ।

आफू ठगिनबाट जोगिन उपभोक्ता स्वयं पनि सचेत र जागरुक बन्नुपर्छ। ठगिएको महसुस भए तत्काल सम्बन्धित निकायमा उजुरी गरी त्यस्ता ठग्ने वस्तु र सेवा प्रदायकलाई सामाजिक बहिष्कार गर्ने बानी बसाल्नुपर्छ। सरकार, व्यवसायी र उपभोक्ता तीनै पक्ष जिम्मेवार, इमानदार र सचेत नभएसम्म 'उपभोक्ता अधिकार' दिवस केवल नारमा सीमित रहनेछ। नारामा सीमित नहोस् उपभोक्ता अधिकार दिवस।

(तिमल्सिना उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष हुन्)

३ प्रश्न

राजनीतिक विश्लेषक **राजेन्द्र महर्जन**लाई



कुनै बेला झन्डै दुईतिहाइनजिक पुगेका कम्युनिस्टहरू अहिले १५ प्रतिशत हाराहारीमा खुम्चिनुपर्ने अवस्था किन आएको होला ?

विशेषगरी भुइँतहका आममान्छेका मुद्दा उठाउने, परिवर्तनका प्रयास गरिरहने, न्यायपूर्ण समतामूलक सपना देखाउनेजस्ता कार्यले कम्युनिस्ट शक्तिप्रति विश्वास बढाएको थियो र सोही विश्वास मतमा परिणत हुँदा विगतमा कम्युनिस्ट शक्तिहरू झन्डै दुईतिहाइनजिक पुग्न सफल भएका थिए। तर, अहिले सो सपना खण्डित भएको छ। कम्युनिस्ट पार्टीभित्र आन्तरिक लोकतन्त्र मासिएको छ। पार्टीका प्रमुख नेता निरंकुश हुँदै गएका छन्। पटक-पटक सरकारमा जाँदा या उनीहरूले नै सरकारको नेतृत्व गर्दा पनि परिणाम दिन सकेनन्। त्यसैको एकमुस्ट अभिव्यक्ति या परिणाम अहिलेको निर्वाचनमा जनताको मतमार्फत विस्फोट भएको हो।

कम्युनिस्टहरू फेरि पहिलेकै जस्तो शक्तिमा फर्किने सम्भावना कति देख्नुहुन्छ ?

तत्कालका लागि त्यस्तो सम्भावना छैन। अहिलेको निराशाजनक परिणामबाट पाठ सिकेर एकता या इमानदार गठबन्धन भयो र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्र फुट भयो भने त्यस्तो अवस्था आउन पनि सक्ला। यसका लागि पनि उनीहरूले भुइँतहका मुद्दा उठाएर जनतासित जोडिन सक्नुपर्छ। आमजनताको जनजीविकासित जोडिएका मुद्दालाई आफ्ना मुद्दा बनाउन सक्नुपर्छ। तर, अहिलेको जनमत हेर्दा चाहिँ तत्कालका लागि यसको कुनै सम्भावना देखिन्न।

नेपालका कम्युनिस्टको अवस्था पनि भाकपाको जस्तै हुने त होइन ?

भाकपा, माकपा या नक्सलवादी आन्दोलनको दुरवस्थाबाट नेपालका कम्युनिस्टले पाठ सिक्न सकेको देखिन्न। सत्तामा बस्दा जनतासित जोडिएका मुद्दालाई उनीहरूले पूरै बिर्सिए। यसबाट नेपालको समग्र कम्युनिस्ट आन्दोलन नै 'सेट ब्याक' भयो। अहिले कम्युनिस्टहरूको पक्षमा जुन परिणाम आएको छ, त्यो सिक्न चाहनेका लागि एउटा ठुलो पाठ बन्न सक्छ।

प्रेरक प्रसंग

कसको आयु लामो ?

त्यतिबेला ग्रिसमा दासप्रथा चरम अवस्थामा थियो। बजारमा हट्टाकट्टा दासको खुब किनबेच हुन्थ्यो। एक दिन एक कन्जुस धनी मालिकले सस्तो दाममा एक कुरूप दास किनेर ल्याए।

दासलाई घरमा ल्याउनेबित्तिकै उनकी पत्नीको रिसको सीमा रहेन। दास निकै कुरूप थिए, त्यसैले उनी पतिसँग अति रिसाएकी थिइन्। ती दासको एउटा आँखा फुटेको थियो। दाँत भाँचिएको थियो। ढाडमा ठुलो कुम्लो उठेको थियो। अनुहार यति नमिलेको थियो कि उनलाई देख्दा केटाकेटी डराएर भाग्थे। ती पत्नीले पतिलाई जति गाली गरे पनि पतिचाहिँ केही बोलेनन्। किनकि, गुलामको कुरूपताका कारणले उनीहरूले तिनलाई सस्तोमा पाएका थिए।



बिस्तारै ती दासले घरका सबै काम सम्हाल्न थाले। उनी बिहान सबैरै उठ्थे, सफा पारेर भाँडाकुँडा माझ्थे। मालिक-मालिक्नीका लागि चिलिम भर्थे। साथै साँझमा बालबालिकालाई फकाएर रोचक कथाहरू सुनाउँथे।

केही दिनपछि ती धनी मानिसको घरमा मानिसको भिड नै लाग्न थाल्यो। सबै तिनै दासका रमाइला कथा सुन्न लालायित थिए। अब कोही पनि उनको अनुहार देखेर डराउँदैनथे। सबै उनले आज कस्तो शिक्षाप्रद कथा सुनाउलान् भनेर पर्खेर बस्थे।

गुलामको कथाको ख्याति ग्रिसका बादसाहको कानमा पनि पुग्यो। आखिर एक दिन बादसाह पनि ती धनी मानिसको घरमा पुगे र उनको कथा सुन्न बसे। बादसाहले पनि कथा निकै मन पराए। जाने समयमा बादसाहले ती दासलाई इनाम दिन खोजे। तब ती दासले भने, 'धन्यवाद महाराज, मलाई कुनै इनाम चाहिँदैन। मेरा लागि उचित इनाम यही हुनेछ कि मैले सुनाएका सबै कथा लेखेर एउटा पुस्तक बनाइयोस्, ताकि म यो संसारबाट गइसकेपछि पनि बालबालिकासँगै बस्न सकूँ।' ती दासको कुरा स्विकारियो र छिट्टै दास इसपका कथा घरघरमा पढिन थाल्यो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

आधा सिलिन्डरको अनुगमन गर

सरकारले तत्कालका लागि बजारमा ग्यास अभावलाई सम्बोधन गर्ने उद्देश्यले आधा सिलिन्डर ग्यास बिक्री गर्ने योजना ल्याएको समाचार पढियो। एकातिरबाट हेर्दा सरकारको निर्णयले बजारमा देखिएको ग्यासको अभावलाई केही हदसम्म सम्बोधन गर्न सक्ने देखिन्छ। तर, भरी सिलिन्डर लिँदा त कम ग्यास राखेर ठग्ने उद्योगीले आधा सिलिन्डर ग्यास बिक्री गर्दा के मात्र नगर्लान् ? आखिर प्रत्येक डिपोमा ग्राहकका अगाडि नै जोखेर बिक्री गर्ने व्यवस्था त पक्कै हुनेछैन। फेरि नेपाल सरकारको अनुगमन पनि निकै फितलो छ। यस्तोमा कमजोर सरकारी अनुगमनबाट फाइदा उठाएर ग्यास उद्योगीले उपभोक्तालाई कम ग्यास दिएर ठग्न सक्छन्। सरकारले प्रभावकारी अनुगमन गरोस्।

● **सुमना गौचन**, स्युचाटार, काठमाडौं

बलात्कारीलाई सजाय पुगेन

हाम्रो समाजमा बलात्कारजस्तो जघन्य अपराधका घटनामा कमी आउनुको साटो झन्झन् बढोत्तरी हुँदै गएको देखिन्छ। यसका पछाडि हाम्रो समाजको पितृसत्तात्मक सोच सबैभन्दा जिम्मेवार छ। हाम्रो समाजमा कुनै बलात्कारी पुरुषलाई दण्डित गर्नुको साटो उसलाई संरक्षण गर्नेहरूको कमी छैन। यस्ता घटनामा उल्टै पीडितलाई लाञ्छित गर्ने गरेको पनि देखिन्छ। बलात्कारीलाई अत्यन्त कठोर अर्थात् आजन्म जेलभित्रै बस्नुपर्ने खालको सजाय नदिएसम्म समाजमा छोरीचेली सुरक्षित हुन मुस्किल छ।

● **अवन्तिका चौधरी**,
सानेपा, ललितपुर

आत्मसमीक्षा गरून् कम्युनिस्टले

कुनै बेला संसद्मा झन्डै दुईतिहाइनिकट मत हासिल गरेका नेपालका कम्युनिस्ट शक्ति यसपटकको निर्वाचनमा बौरिनै नसक्ने गरी थला परेका छन्। यसरी जनताले कम्युनिस्टहरूलाई दण्डित गर्नुका पछाडि तिनले लिँदै आएको नीति र जनतालाई टाढिने प्रवृत्ति मुख्य रूपमा जिम्मेवार छन्। जबसम्म आफ्ना कमी-कमजोरीमाथि गम्भीर आत्मसमीक्षा गरी सुधारका लागि तात्कालिक र दीर्घकालीन उपाय अवलम्बन गरिन्न, तबसम्म नेपालका कम्युनिस्ट उठ्न नसक्ने निश्चित छ।

● **वसन्त श्रेष्ठ**,
नरदेवी, काठमाडौं

भावी सरकारले गर्नुपर्ने काम

सबैभन्दा पहिले रास्वपालाई बधाई तथा शुभकामना छ ! अबका केही दिनमा बालेन्द्र शाहको नेतृत्वमा सरकार गठन हुनेछ। यस सरकारले गर्नुपर्ने कामको कुरा गर्दा तत्काललाई संविधान संशोधनभन्दा पनि जनतासँग प्रत्यक्ष जोडिएका समस्यालाई सम्बोधन गर्नुपर्छ। अहिले खेतीपातीको मौसम आउँदै छ। विगतमा जस्तो कृषकले पाँच किलो मलका लागि घन्टौं लाममा उभिनु नपरोस्। अर्को ठुलो समस्या हो ठगी। अघिल्लो सरकारले केवल सहकारी ठगी मात्र देख्यो, त्यो पनि रवि लामिछाने जोडिएका मुद्दा मात्र। अन्य ठगीका घटना देखेर पनि नदेखेझैं गऱ्यो पुरानो सरकारले। वैदेशिक रोजगारीमा जानेहरूबाट म्यानपावर कम्पनीले दुई-तीन लाख नगद लिएर २०-२५ हजारको मात्र रसिद दिने गरेको पाइन्छ। त्यसैले, नगदको साटो बैंकमार्फत भुक्तानीको व्यवस्था गरियोस्।

वर्षौंदेखि हर्बल कम्पनीले बेरोजगार युवायुवतीलाई रोजगारीको बहानामा ग्राहक बनाएर लाखौं रकम उठाउने गरेको र सो रकमबराबरको सामान भने दिने गरेको पाइन्न। त्यसैले, रकमबराबरको सामान दिने र बिक्री नभएको सामान फिर्ता लिएर बाँकी रकम फिर्ता हुनुपर्ने कानुनी वयवस्था गरियोस्। त्यस्तै 'तु आवश्यकता' भनेर काठमाडौंको विभिन्न गल्लीमा पर्चा टाँसिएको र प्रतिष्ठित दैनिक पत्रपत्रिकामा समेत आवश्यकता भनेर विज्ञापन पढ्न पाइन्छ। यिनले पनि रोजगारीको नाममा बेरोजगार युवायुवतीबाट रकम असुल्न गरेको पाइन्छ। यस्ता कम्पनीमाथि प्रतिबन्ध नै लगाएर सम्बन्धित रोजगारदाता कम्पनीमार्फत मात्र विज्ञापनको व्यवस्था गराइयोस्।

● **महावीर लामा**, सिन्धुपाल्चोक
lamamahabir9@gmail.com

युरोपेली संघको सदस्यता दुरुपयोग गर्दै छन् ओर्बान

युरोपेली संघको संरचनात्मक कमजोरीमा टेकेरै ओर्बानले अहिलेसम्म यसमाथि हानि पुऱ्याइरहेका छन्



देश/विदेश

● एडम बेन्स बालाज

हंगेरीमा हुन लागेको आगामी आमनिर्वाचनले हंगेरी र युरोपेली संघ दुवैका लागि दूरगामी प्रभाव पार्नेछ। युरोपेली संघ अहिले रुस र संयुक्त राज्य अमेरिकाको आक्रामकताबाट बचेर अघि बढ्ने चुनौती सामना गरिरहेको छ। तर, हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बान भने लामो समयदेखि यही प्रयासलाई कमजोर पार्न उद्यत छन्। आगामी चुनावमा ओर्बान पराजित भए पनि युरोपेली नेताले उनको १५ वर्ष लामो अनुदार शासनबाट केही गम्भीर पाठ सिक्नुपर्छ।

युरोपेली संघको संरचनामा रहेका कमजोरीमा टेकेरै ओर्बानले अहिलेसम्म यसमाथि हानि पुऱ्याइरहेका छन्। अब युरोपेली नेताले यी कमजोरीबारे विचारविमर्श गर्नुपर्छ। अर्थपूर्ण सुधारविना संघले नयाँ अन्तर्राष्ट्रिय खतराविरुद्ध सबल प्रतिक्रया जनाउन सक्दैन। युरोपेली संघ सदस्यताको सुविधा दुरुपयोग गरी त्यसबाट युरोपविरोधी शक्तिको फाइदा उठाउन जुन रणनीति ओर्बानले अपनाइरहेका छन्, त्यसलाई भविष्यमा अरूले पनि पछ्याउन सक्छन्।


पहिलो त, ओर्बानले युरोपेली संघको सदस्य भएपछि प्रयोग गर्न पाउने 'भिटो' अधिकारको पनि दुरुपयोग गरेका छन्। रचनात्मक सर्वसम्मति सुनिश्चित गर्न बनाइएको यो संयन्त्रलाई ओर्बानले संघलाई बन्धक बनाउन खर्चिए। यसबाट पाठ सिकेर युरोपेली संघ सर्वसम्मतिको आदर्शवाद त्यागेर सहकार्यको अधिक व्यावहारिक मार्ग अपनाउन प्रेरित हुनुपर्छ।

युरोपेली संघका सदस्य राष्ट्रका जनताले एक-अर्काको देशमा स्वतन्त्र विचरण गर्न पाउने अधिकारलाई पनि ओर्बानले दुरुपयोग गरिरहेका छन्। उसो त यसले 'ब्रेन ड्रेन' गर्ने दीर्घकालीन चुनौती खडा गरेको छ र अहिलेका लागि भने यस बहिर्गमनले ओर्बानलाई चुनौती दिन सक्नेहरूको पलायन गरिरहेको छ। यी र अन्य तरिकाले ओर्बानले युरोपेली एकताको उपहास गरेका छन्। तर, यसमा उनी एक्लै छैनन्।

युरोपेली संघले पहिलोपटक 'भिसेग्राड फोर (भी४)' भनेर चिनिने समूहमा रहेका चार सदस्य, चेक गणराज्य, हंगेरी, पोल्यान्ड, स्लोभाकियालाई एकैपटक सदस्यता दिएको थियो। तर, समूह अहिले युरोपेली मान्यता र मूल्यलाई कमजोर पार्न प्रयोग भइरहेको छ। तीमध्ये युरोपेली देश अहिले युरोपको एकताविरुद्ध जान चाहने शक्तिको खेल मैदान बनेका छन्। तिनले युरोपको एकतालाई गहिरो बनाउनुको सट्टा भी४ समूह अहिले पपुलिस्ट राजनीतिज्ञले एक-अर्काको उद्देश्यलाई सघाउने माध्यम बनेको छ।

ओर्बानले युरोपेली संघको सदस्यतासँगै प्राप्त हुने प्लाटफर्मको पनि दुरुपयोग गरेका छन्। संघ सदस्य राष्ट्रबिच समानताको भावना विकास गर्न प्रतिबद्ध भएकाले यसले साना तथा मध्यम आकारका देशलाई पनि उच्च प्राथमिकता दिने गर्छ। यसैकारण ओर्बान संघको सदस्य नरहेका सर्बियाली वा उत्तरी म्यासेडोनियन नेताले हासिल गर्न सक्नेभन्दा धेरै हदसम्म चर्चा हासिल गर्न सक्षम छन्। तर, ओर्बानको अनुदारवादी मोडेलले आवश्यकभन्दा बढी चर्चा पाएको छ र विश्वभरका दक्षिणपन्थी समर्थकलाई आकर्षित गर्न सक्षम भएको छ।

उदाहरणका लागि, ओर्बान र अन्य अनुदारवादी समूहले आप्रवासनको विरोधमा साझा मुद्दा फेला पारेका छन्। ओर्बानले सन् २०१५ मा शरणार्थीको आगमनलाई सम्पूर्ण संघकै लागि पूर्णस्तरको संकटमा परिणत गर्न निर्णायक भूमिका खेलेका थिए। सिरियाको गृहयुद्ध र अन्य द्वन्द्वबाट शरणार्थी बनेकाहरू युरोप आउँदै गर्दा उनले अन्य युरोपेली समकक्षीसँग आवश्यक रणनीति बनाउन सघाउनुको सट्टा मानवद्वेषी भावना फैलाएका



थिए। जबकि, त्यो वेला युरोपले अपनाएको डब्लिन प्रणाली (जसले शरण आवेदन विचार गर्ने जिम्मेवारी कसले लिन्छ भन्ने निर्धारण गर्छ) को कमजोरीमा गम्भीर छलफल हुनुपर्थ्यो।

ओर्बानले जर्मनीमाथि दबाब पार्न आप्रवासीको ट्रान्जिट अवरुद्ध गरी 'सेन्जेन क्षेत्र' (युरोपेली संघका सदस्य राष्ट्रभित्र स्वतन्त्र विचरण गर्न सकिने सीमामुक्त क्षेत्र)मा रहेपछि पालना गर्नुपर्ने नियमको समेत उल्लंघन गरे। सर्बिया-हंगेरी सीमामा उनले जडान गरेको काँडेतारको बार अझै पनि छिमेकी देशको कमजोरीमा खेल्ने उनको इच्छाको अपमानजनक प्रतीकको रूपमा खडा छ।

संघको थप विस्तारको प्रश्नमा ओर्बान पश्चिम बाल्कन क्षेत्रका देशको सदस्यताको समर्थन गरेको नाटक गर्छन्। तर, उही समय उनी त्यस्ता शासन (जस्तै- बोस्नियामा मिलोराड डोडिक)सँग घनिष्ट सम्बन्ध राख्छन्, जसले त्यस भेगलाई थप अस्थिर मात्र बनाएको छैन, सदस्यताको प्रश्नसमेत कमजोर बनाइरहेको छ। युरोपेली संघका नेताले यो निन्दनीय चालबाजीलाई सफल हुन दिनुहुँदैन।

ओर्बानले जस्तोसुकै जटिलता सिर्जना गरे पनि समग्र महाद्वीपको सुरक्षाका लागि महत्त्वपूर्ण भएकाले पश्चिमी बाल्कनलाई संघको सदस्यबाट विमुख पार्नुहुँदैन। बरु, संघले सम्भावित आन्तरिक भँडुवासँग भिड्ने क्षमता विकास गर्नुपर्छ। संघको एकता र विस्तारले एक-अर्कालाई प्रतिस्थापन गर्दैन, बरु यसले समूहलाई थप बलियो बनाउँछ भन्ने कुरा सुनिश्चित गर्दै संघको सदस्यताका लागि विधिको अनुसरणलाई केन्द्रबिन्दु बनाउनुपर्छ।

ओर्बानलाई यो कुरामा भने धन्यवाद दिनुपर्छ कि उनले गर्दा युरोपेली संघसँग आबद्ध संस्थाले अब आफ्ना संरचनात्मक कमजोरीसँग परिचित हुने अवसर पाए। रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग मिल्दोजुल्दो ओर्बानका रणनीतिसँग संघ अब राम्ररी परिचित भएको छ। हंगेरीको उदाहरणले युरोपेली एकतालाई सबल बनाउन के आवश्यक पर्छ भन्ने कुरा स्पष्ट भएको छ। अर्थात्, युरोपेली सबलता प्रतीकात्मक एकतामा होइन, संस्थागत र सामाजिक कमजोरीलाई दुरुपयोग गर्ने राजनीतिज्ञको सामना गर्ने राजनीतिक क्षमतामा निर्भर रहेछ। यस्तो सीमिततालेभूराजनीतिक रूपमा सक्रिय हुन चाहने संघको उद्देश्यमा अवरोध आउन दिनुहुँदैन।

(बेन्स 'युनिभर्सिटी अफ पासाउ'का अनुसन्धाता हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

इरान युद्धका कारण भारतले चुकाउन सक्ने मूल्य

इरान र अमेरिका-इजरायल युद्धका कारण तेल आयातमा अवरोधका साथै भारतका ९० लाखभन्दा बढी प्रवासी श्रमिकको रोजगारी र अर्बौं डलर रेमिट्यान्स जोखिममा



● सैफ खालिद
खालिद अलजजिरामा आबद्ध स्तम्भकार हुन्



भारतमा ८० प्रतिशतभन्दा बढी ग्यास र ६० प्रतिशतसम्म तेल 'स्ट्रेट अफ होर्मुज'बाट आउने गर्छ। ओमानको खाडी र अरब सागरसँग जोड्ने यो साँघुरो समुद्री मार्गलाई इरानले अहिले अमेरिका र इजरायलविरुद्ध दबाब सिर्जना गर्न निसाना बनाइरहेको छ।

इरानमाथि संयुक्त राज्य अमेरिका-इजरायलले सुरु गरेको युद्ध दुई हप्ता पूरा भएको छ। युद्ध झन्झन् चर्किँदै गएको देखिन्छ। यसले विश्वव्यापी ऊर्जा संकट निम्तिएको छ। इरानले मध्यपूर्वका बाँकी देशलाई पनि द्वन्द्वमा तान्ने प्रयास गरेको छ। खाडी देशले उत्पादन गर्ने अधिकांश खनिज इन्धन 'स्ट्रेट अफ होर्मुज'बाट बाहिरिएपछि मात्र विश्वबजारमा पुग्छ। अहिले इरानले यही कच्चा तेल र ग्यासको २० देखि ३० प्रतिशत हिस्सा बाहिरिने क्षेत्रलाई आक्रमण गरेर प्रभावकारी रूपमा बन्द गरिदिएको छ।

तेल र ग्यास आपूर्तिमा बाधा पुग्दा कच्चा तेलको मूल्य विश्वभर बढेको छ। यसले एसियाका विशेषतः दक्षिणपूर्वी एसियादेखि पाकिस्तानसम्म प्रभाव पारेको छ। द्वन्द्व थप तीव्र बन्दै गएमा यसबाट सबभन्दा प्रभावित हुनेमा विश्वको चौथो ठुलो अर्थतन्त्र भारत पनि एक हुनेछ, जो आफ्नो ऊर्जा आवश्यकताका लागि मात्र होइन, ठुलो संख्यामा श्रमशक्तिको रोजगारीका लागि पनि खाडीमा निर्भर छ। मध्यपूर्वमा कार्यरत विशाल संख्याको भारतीय कार्यबलले पठाउने रेमिट्यान्सले घरपरिवारदेखि अर्थतन्त्रसम्म चलायमान बनाउन ठुलो राहत प्रदान गरिरहेको छ।

■ ऊर्जाको अभाव

भारतको ८० प्रतिशतभन्दा बढी ग्यास र ६० प्रतिशतसम्म तेल 'स्ट्रेट अफ होर्मुज'बाट आउने गर्छ। ओमानको खाडी र अरब सागरसँग जोड्ने यो साँघुरो समुद्री मार्गलाई इरानले अहिले अमेरिका र इजरायलविरुद्ध दबाब सिर्जना गर्न निसाना बनाइरहेको छ। यस जलमार्गबाट हुने जुनसुकै ढुवानीलाई निसाना बनाउने धम्की दिएर इरानले प्रभावकारी रूपमा सो भागलाई बन्द गरिदिएको छ। खाडीका तेल उत्पादकहरूसँग तेल र ग्यास ढुवानी गर्ने अन्य समुद्री विकल्प छैन। खतराबिच तेल ढुवानी गर्ने जहाजका बिमाकर्ता संस्थाले यस जलमार्गमा चल्ने ट्यांकरका बिमा कभरेज रद्द गरेका छन्। यसबिच बुधबार भारत जाँदै गरेको थाई जहाजमा इरानले आक्रमण गरेपछि जहाज सञ्चालक थप आतंकित भएका छन्।

तेलको मूल्य आइतबार प्रतिब्यारेल लगभग १२० अमेरिकी डलरसम्म पुगेर गत हप्ताभर करिब १०० डलरमा स्थिर भएको छ, जुन अझै पनि युद्ध सुरु हुनुअघिको भन्दा करिब ४० अमेरिकी डलरभन्दा बढी हो। उता, इरानको शक्तिशाली सैन्य बल 'इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजिसी)'ले तेलको मूल्य प्रतिब्यारेल २०० अमेरिकी डलर पुऱ्याइदिने चेतावनी दिएका छन्।

'अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आइइए)'को समन्वयमा यसका सदस्यले बुधबार आफ्नो रिजर्भबाट इतिहासमै उच्च परिमाणको ४० करोड ब्यारेल कच्चा तेल निष्कासन गर्ने निर्णय गरे। तेलको मूल्य स्थिर पार्ने उद्देश्य चालिएको यस कदमले पनि अपेक्षित परिणाम ल्याउन सकेन। 'भारत ऊर्जा आवश्यकताको ठुलो हिस्साका लागि मध्यपूर्वमा निर्भर भएकाले यो द्वन्द्वले भारतको ऊर्जा सुरक्षामा उल्लेखनीय असर पर्नेछ,' नयाँदिल्लीस्थित अब्जर्भर रिसर्च फाउन्डेसन थिंक ट्यांकका उपाध्यक्ष हर्ष वी पन्तले भने, 'ऊर्जा बजार पहिले नै अस्थिर छ। यसले महँगी बढ्दै गएको छ, जुन पछि गएर ठुलो आर्थिक र मुद्रास्फीति दबाबमा परिणत हुन सक्छ,' उनले भने।

भारतका होटेल र रेस्टुराँले ऊर्जाको सम्भावित वृद्धिमाथि नजर राखिरहेका छन्। ग्यास संकट आउने डरले आममानिसले खाना पकाउने ग्यासका सिलिन्डर भण्डारण गर्न थालिसकेका छन्। उसो त सरकारले आफूहरूसँग अझै एक महिनालाई पुग्ने ग्यास भण्डारण रहेको भनेर विश्वस्त पार्ने प्रयास गरेको छ। तर, यसले पनि मानिसलाई आश्वस्त बनाउन नसकेपछि सरकारले अनावश्यक ग्यास भण्डारणलाई निरुत्साहित गर्न आपत्कालीन उपाय अपनाउन सुरु गरेको छ।

■ खाडी क्षेत्रमा भारतीय प्रवासीको विशाल संख्या

'खाडी सहयोग परिषद् (जिसिसी)'का देश, संयुक्त अरब इमिरेट्स, साउदी अरब, कतार, ओमान, कुवेत र बहराइनमा झन्डै ९१ लाख नागरिक काम गर्छन्। उनीहरूले वार्षिक ५० अर्ब डलरको रेमिट्यान्स भारतमा रहेका आफ्ना घरपरिवारमा पठाउँछन्। 'यदि युद्ध लम्बियो भने यसले भारतको रेमिट्यान्समा धक्का लाग्नेछ। यही रेमिट्यान्सले भारतलाई व्यापार सन्तुलन कायम गर्न सहयोग पनि गरेको थियो,' पन्तले भने, 'भारतीय अर्थतन्त्रको व्यापक आर्थिक मजबुतीमै धक्का लाग्नेछ। यसैले भारतका लागि यो केवल ऊर्जा सुरक्षाको प्रश्न मात्र होइन, यो आर्थिक सुरक्षाको पनि विषय हो।'

खाडीभर धेरै भारतीयहरू न्यूनस्तरको काममा संलग्न छन्। यसैले युद्ध थप विकराल बन्यो भने यसले रोजगारीमै जोखिम पुऱ्याउन सक्छ। इरानी आक्रमणपछि अहिले खाडी क्षेत्रका कैयौं तेल र ग्यास फर्महरूले आफ्नो काम बन्द गरेका छन्। कैयौं भारतीय श्रमिक यो अवस्था छोटो अवधि मात्र रहने आशामा बसिरहेका छन्। 'खाडीमा काम गर्ने हरेक भारतीय नागरिकले आफ्नो देशमा कम्तीमा चारदेखि पाँचजनाको परिवारलाई पालिरहेका हुन्छन्। कम्तीमा पनि चारदेखि पाँच करोड भारतीय खाडीको रोजगारीबाट प्रत्यक्ष लाभान्वित छन्,' साउदी अरबका लागि भारतीय पूर्वराजदूत तलमिज अहमदले भने।

इरान युद्धलाई लिएर भारत सरकारको अर्को चिन्ताको विषय खाडी क्षेत्रमा रहेका नागरिकको भौतिक सुरक्षा पनि हो। खाडी क्षेत्रमा भएको इरानी आक्रमणमा मारिनेमा भारतीयसहित धेरै एसियाली कामदार पनि छन्। यदि युद्ध नियन्त्रणबाहिर गयो भने भारतले आफ्ना देशका नागरिकलाई यस भेगबाट बाहिर निकाल्ने ठुलो चुनौतीको सामना गर्न सक्छ।

युद्ध सुरु भएपछि पश्चिमी देशका हजारौं प्रवासीलाई पहिले नै या त देश फर्काइएको छ वा त्यहाँबाट बाहिर निकालिएको छ। तर, भारतीय श्रमिकको विशाल संख्याले तिनको उद्धार निकै कठिन हुनेछ। खाडी क्षेत्रमा कुल तीन करोड ५० लाखभन्दा बढी प्रवासी बस्छन्, जसमध्ये भारतीयको संख्या ९१ लाख छ। यस भेगको मुख्य आर्थिक क्रियाकलाप हुने तेल उत्पादनदेखि उड्डयन क्षेत्रमा उनीहरू कार्यरत छन्। भारतीयपछि दोस्रो सबैभन्दा बढी आप्रवासी पाकिस्तानी छन्, जसमा करिब आधा अर्थात् ४९ लाख छन्।

भारतीय पूर्वराजदूत अहमदका अनुसार 'युद्धको अवस्थामा भारतसहित कुनै पनि देशले नब्बे लाखदेखि एक करोड मानिसको उद्धार गर्न सक्दैन।' तथापि, भारतले विगतमा केही ठुला द्वन्द्वमा आफ्ना नागरिकलाई सफलतापूर्वक उद्धार गरेको उदाहरण रहेको औंल्याए। जस्तो- सन् १९९१ को खाडी युद्धमा अहमद जेद्दामा भारतका कन्सुल जनरल हुँदा त्यस्तै उद्धार भएको थियो। त्यसको एक वर्षअघि सन् १९९० मा इराकले छिमेकी कुवेतमा आक्रमण गर्दा लगभग दुई लाख भारतीय नागरिक उद्धार गरिएका थिए।

त्यस्तै सन् २००३ मा इराकमा अमेरिकी आक्रमण सुरु गर्दा अहमद रियादमा राजदूत बनिसकेका थिए। त्यति वेला भारतीय दूतावासले गरेका आकस्मिक योजनाबारे सम्झँदै अहमदले भने, 'हामीले हल्ला नगरी विभिन्न तयारी गर्यौं। बास, पाल, कम्बल र खानपानको व्यवस्था गरिएको थियो। हामी इराकी सीमा पार गरेर आउन सक्ने हजारौं भारतीयलाई स्वागत गर्न पूर्ण रूपमा तयार थियौं। मुख्य कुरा तयारी नै हो।'

अहिलेको संकटका लागि भारतको विदेश मन्त्रालयले विकसित परिस्थितिबारे आइरहेका प्रश्न लिन र जवाफ दिन एक विशेष नियन्त्रण कक्ष स्थापना गरेको छ। त्यस्तै, त्यस भेगका भारतीय दूतावास र वाणिज्य दूतावासले आवश्यकतामा परेका भारतीय नागरिकलाई सहयोग गर्न चौबीसै घण्टा हेल्पलाइन स्थापना गरेका छन्। भारतीय दूतावासले व्यावसायिक उडान मात्र नभई गैरतालिकाका उडानमार्फत समेत फसेका भारतीयलाई फिर्ता गर्न प्रयास गर्दै छ।

■ भारतको प्रमुख चासो के छ ?

अब्जर्भर रिसर्च फाउन्डेसनका पन्तले युद्ध जुन रूपमा बढे पनि मध्यपूर्वी तेलमाथिको भारतको उच्च निर्भरता कायम नै रहने र द्वन्द्व फैलिएमा वैकल्पिक स्रोतहरू खोज्नुपर्ने हुन सक्ने बताए। 'तत्कालका लागि रुसी तेल एक विकल्प हुनेछ। ऊर्जाको प्रश्नमा पनि अमेरिकासमेत सम्भावित विक्रेता हुन सक्छ। भारतले पछिल्लो दशकमा अमेरिकाबाट ऊर्जा खरिद गर्दै आएको छ। बिस्तारै अमेरिकाको भूमिका बढ्दै गएको छ,' पन्तले भने।

भारतको प्रमुख विपक्षी दल कंग्रेसले इरानका सर्वोच्च नेता अयातोल्लाह अली खामेनीको हत्यामा मौन रहेकोमा सरकारको आलोचना गरेको छ। भारतले खामेनीको हत्यामा कुनै वक्तव्य जारी गरेन। यद्यपि, शोक पुस्तिकामा हस्ताक्षर गर्न भारतका विदेश सचिव नयाँदिल्लीस्थित इरानी दूतावास पुगेका थिए। जबकि, नयाँदिल्लीले खाडी राष्ट्रमा इरानी आक्रमणको निन्दा गरेको छ, जोसँग यसको घनिष्ठ आर्थिक सम्बन्ध छ।

त्यस्तै, नयाँदिल्ली आफैंले आयोजना गरेको सैन्य अभ्यासमा भाग लिएर स्वदेश फर्किरहेको वेला अमेरिकी पनडुब्बीबाट इरानी युद्धपोत डुबाएको घटनाको निन्दा गर्न अस्वीकार गर्दा पनि आलोचनाको सामना गर्नुपरेको छ। जहाज श्रीलंकाको तटबाट केही पर पुग्दा त्यसमाथि अमेरिकाले आक्रमण गरेको थियो। तथापि, भारतले दोस्रो इरानी युद्धपोतलाई भने देशमै आश्रय दिएको छ। सो जहाज पनि भारतीय अभ्यासमा पनि सामेल भएर फर्किने कार्यतालिका थियो। बिहीबार मात्र मोदीले इरानी राष्ट्रपति मसुद पेजेस्कियनसँग फोनवार्ता गरे। यो युद्ध सुरु भएदेखि दुई नेताबिचको पहिलो कुराकानी हो।

तथापि, विपक्षी दल र मोदीका आलोचकले इरानमा अमेरिका-इजरायल आक्रमणभन्दा केही दिनअघि मात्रै मोदीको इजरायल भ्रमणको समयमाथि प्रश्न उठाएका छन्। भारत अहिले इजरायली हतियारको सबैभन्दा ठुलो खरिदकर्ता मुलुक हो। त्यस्तै आलोचकले मोदीको इजरायल भ्रमणले गाजामाथिको युद्ध अपराधका लागि 'अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)'द्वारा जारी पक्राउ वारेन्टको सामना गरिरहेका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई वैधता दिएको आरोप लगाए। तथापि, पन्तले अहिले भारत सरकारले लिएको विदेशनीति अडानलाई समर्थन गरे। 'पछिल्ला केही वर्षको अवधिमा अरब राज्य र इजरायलसँग भारतको सम्बन्ध निकै अघि बढेकाले यस भेगमा भारत-इरान सम्बन्धलाई त्यो स्तरमा कायम गर्न गाह्रो भएको छ। भारतले जमिनको वास्तविकताप्रति प्रतिक्रिया दिइरहेको छ, जसले गर्दा भारतको चाखमा अहिले अरब विश्व र इजरायलसँगको सम्बन्ध हाबी छ, इरान होइन,' पन्तले भने।

- अलजजिराबाट

इतिहासमा आज मार्च १५



सन् २००३ : हु जिन्ताओ जनवादी गणतन्त्र चीनका राष्ट्रपति बने।

- **सन् १४९३ :** क्रिस्टोफर कोलम्बस उनको पहिलो उत्तर अमेरिका भ्रमणपछि स्पेन फर्किए।
- **सन् १८४८ :** ब्रटस, केसिअर र अन्य कैयौं रोमन सिनेटर मिलेर जुलियस सिजरको हत्या गरिदिए।
- **सन् १८४८ :** हंगेरीमा क्रान्ति सुरु भयो। क्रान्तिपछि ह्यासबर्ग वंशका शासक रिफर्म पार्टीको माग पूरा गर्न बाध्य भए।
- **सन् १९०७ :** फिनल्यान्डले महिलालाई मताधिकार प्रदान गऱ्यो, फिनल्यान्ड यो अधिकार दिने पहिलो युरोपेली मुलुक हो।
- **सन् १९४८ :** बेलायती प्रधानमन्त्री क्लिमेन्ट एट्लीले भारतको स्वतन्त्रताको अधिकारलाई स्वीकार गरे।
- **सन् १९५१ :** इरानको संसद् मजलिसले एंग्लो-इरानियन ओयल कम्पनीलाई राष्ट्रियकरण गर्ने पक्षमा मतदान गऱ्यो।
- **सन् १९८५ :** पहिलो इन्टरनेट डोमेन 'सिम्बोलिक्स डट कम' दर्ता भयो।
- **सन् २००३ :** रिसेप तैयप एर्दोगान पहिलो कार्यकालका लागि टर्कीका प्रधानमन्त्री बने।

जेजु एयर दुर्घटनाको विषयमा कोरियाली यातायात मन्त्रालयमा छापा

सिउल/ दक्षिण कोरियाको सबैभन्दा घातक उड्डयन दुर्घटनाको व्यवस्थापनमाथि प्रश्न उठ्दै गर्दा दक्षिण कोरियाली प्रहरीले यातायात मन्त्रालयको मुख्यालयमा छापा मारेको छ। जेजु एयरको उडान नम्बर २२१६ सन् २०२४ को डिसेम्बर २९ मा मुआन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गबाट बाहिर निस्किएपछि कंक्रिटको संरचनामा ठोक्किँदा भएको दुर्घटनामा विमानमा सवार १८१ जनामध्ये दुईजनाबाहेक सबैको मृत्यु भएको थियो। प्रारम्भिक अनुसन्धानबाट बोइङ ७३७-८०० मा चरा ठोक्किएको र कंक्रिटको ढिस्कोमा धसारिँदा मृतकको संख्या बढेको पत्ता लागेको छ। अनुसन्धानकर्ताले हालै थप शरीरका अंग र पीडितका सामान फेला पारेपछि दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले बिहीबार थप अनुसन्धान गर्न आदेश दिएका छन्।

प्रहरीले दुर्घटनाको कारण र अधिकारीले यसलाई राम्ररी सम्हालेका छन् कि छैनन् भन्नेबारे नयाँ तथ्य खोज्दै शुक्रबार मध्य सहर सेजोङमा रहेको यातायात मन्त्रालयको कार्यालयमा अनुसन्धान गरेको समाचार एजेन्सी योनहापले रिपोर्ट गरेको छ। छापा दुर्घटनाको मुख्य सरकारी अनुसन्धानसँग जोडिएको थियो। नतिजा यस वर्षको मध्यसम्ममा घोषणा गरिने भएको छ। तर, विभिन्न एजेन्सी र दक्षिण कोरियाली संसद्द्वारा अन्य समानान्तर अनुसन्धान पनि सुरु गरिएको छ। हालैका महिनामा अनुसन्धानकर्ताले शरीरका अंग र पीडितका सामान फेला पारेका छन्, जुन बोरामा राखिएका थिए र दुर्घटनास्थलबाट संकलन गरिएका भग्नावशेषका बोरासँगै भण्डारण गरिएका थिए।

यौनहिंसापीडितका लागि आशाको केन्द्र बन्दै सामाजिक सञ्जाल



सामाजिक सञ्जाल पीडितका लागि प्रतिरोध गर्ने नयाँ ठाउँ बनेको छ। यो केवल आफूमाथि परेका कथा सेयर गर्ने ठाउँ होइन, बरु संस्थाहरूलाई दबाब दिने र सुरक्षा दिन असफल कानुनी प्रणालीलाई सच्चिन दबाब दिने माध्यम पनि हो।

विगत तीन दशकमा सामाजिक सञ्जाल र आमसञ्चारमा यौनहिंसाबारे छलफल बढ्दो रूपमा महत्त्वपूर्ण हुँदै गएका छन्। सबैभन्दा पछिल्लो उदाहरण २०२५ मा औरेली मोरेमान्सको संस्मरण ब्रोकन स्ट्रिङ्स भाइरल बन्नु हो। संस्मरणले बाल हेरचाहबारे व्यापक छलफल सुरु गऱ्यो। सन् २०२४ मा थेसिस सत्रका क्रममा एक महिला विद्यार्थीद्वारा गरिएको कथित उत्पीडनको घटनाक्रम एक इन्स्टाग्राम अकाउन्टमा पोस्ट भयो। यो सामग्री पछि सामाजिक सञ्जालमा तातो विषय बन्यो र व्याख्याताको बर्खास्त भयो। सन् २०२१ मा श्रीविजय विश्वविद्यालयकी एक महिला विद्यार्थीले एक व्याख्याताको हातबाट कथित यौन उत्पीडन भएको घटना सामाजिक सञ्जालमा पोस्ट गरिन्। यो मुद्दाले सार्वजनिक ध्यान खिच्यो। पछि विश्वविद्यालयका अधिकारीले दोषीलाई कारबाही गरे। अन्ततः प्रहरीले आर भनेर चिनिने व्याख्यातालाई कथित उत्पीडनको संदिग्धको रूपमा नाम दियो। सोही वर्ष रियाउ विश्वविद्यालयकी एक छात्राले सामाजिक सञ्जालमा आफूले भोगेको यौन उत्पीडनबारे बयान गरिन् र कथित अपराधीलाई अदालत लगियो, यद्यपि उनी अन्ततः निर्दोष साबित भए।

पीडितको आवाज प्रायः शंका र सनसनीपूर्णताको आरोपले दबाइन्छ, जसले पीडितलाई दोष दिने संस्कृतिलाई निरन्तरता दिन्छ। अर्कोतर्फ, सामाजिक सञ्जालमा छलफलले यौनहिंसाका मुद्दाको दृश्यता बढाउन मद्दत गरेको छ। सामाजिक सञ्जाल पीडितहरूका लागि प्रतिरोध गर्ने नयाँ ठाउँ बनेको छ। यो केवल आफूमाथि परेका कथा सेयर गर्ने ठाउँ होइन, बरु सम्बन्ध भत्काउने, संस्थालाई दबाब दिने र पीडितलाई सुरक्षा दिन असफल हुने कानुनी प्रणालीलाई सच्याउने उपकरण पनि हो।

■ लज्जादेखि सार्वजनिक बहससम्म

वर्षौंदेखि यौनहिंसालाई प्रायः बेवास्ता गरिएको छ, किनभने यसलाई व्यक्तिगत मामिला, लज्जास्पद वा प्रायः सत्यको रूपमा प्रश्न गरिएको थियो। धेरै पीडितलाई विश्वास गरिएन, दोष पनि दिइएन। फलस्वरूप, यी घटनालाई मौनतामा गाडियो। २००० को दशकदेखि सामाजिक सञ्जालको विकासले यो अवस्था परिवर्तन गरेको छ। सामाजिक सञ्जालको साथ अब पीडितसँग आफ्ना कथा सेयर गर्ने, समर्थन खोज्ने र एक्लो महसुस गर्ने ठाउँ छ। एल्गोरिदमले यौनहिंसाबारे अनलाइन कुराकानीको दृश्यता बढाउँछ।



● आलिया आजमी
आजमी बेगंकुलु विश्वविद्यालयकी सहायक प्राध्यापक हुन्

इन्डोनेसियामा विगत एक दशकदेखि यौनहिंसाविरुद्ध बोल्ने आन्दोलनको प्रसारलाई राजनीतिक टिप्पणीकार, नारीवादी कार्यकर्ता र संस्थाजस्ता धेरै लोकप्रिय अकाउन्टको संलग्नताले सहयोग पुऱ्याएको छ। साथै त्यस समयमा यौनहिंसाका घटनाबारे रिपोर्ट गर्ने आमसञ्चार माध्यमले पनि दुर्व्यवहारबारे नयाँ खुलासा गरेका छन्। उदाहरणका लागि उच्च शिक्षामा यौनहिंसाबारे तिर्तोडटआइडी, द जकार्ता पोस्ट र भाइसबिचको मिडिया सहकार्यले लामो समयदेखि सार्वजनिक ज्ञानमा रहेका क्याम्पसमा भएका घटनाबारे जागरुकता बढाउन मद्दत गऱ्यो। महिला मिडिया आउटलेटका पत्रकारले महिला र यौनहिंसाका पीडितको दृष्टिकोण प्रकाश पारे।

■ विश्वव्यापी ऐक्यबद्धताको लहर

२०१० को दशकदेखि यौन उत्पीडनको अनुभव व्यक्त गर्न ह्यासट्यागको प्रयोग प्रतिरोधको उपकरण बनेको छ, विशेषगरी संयुक्त राज्य अमेरिकाजस्ता उदार लोकतान्त्रिक देशमा। ह्यासट्यागमिटु आन्दोलन २०१७ मा चरम सीमामा पुग्यो, जसमा दुई करोडभन्दा बढी सामाजिक सञ्जाल पोस्ट थिए। ह्यासट्यागको व्यापक प्रयोगले अमेरिकी मनोरञ्जन उद्योगमा दुर्व्यवहारपूर्ण अभ्यासको पर्दाफास र अभिजात वर्गका व्यक्तिमाथि अभियोजनको नेतृत्व गऱ्यो। इन्डोनेसियामा महिला कार्यकर्ताले पनि ह्यासट्यागमिटुअघि ह्यासट्याग सक्रियता सुरु गरेका थिए, जस्तै- २०१६ मा ह्यासट्यागमुलाइबिकारा। यद्यपि, पीडितलाई उल्टै दोष दिने प्रवृत्ति कट्टरपन्थी सोच र दोषीलाई सजाय दिने कठोर कानुनको अभावका कारण अपराधीले सजिलै उन्मुक्ति पाउँछन्।

धेरै देशमा मिटु गुन्जिरहेका वेला इन्डोनेसियाको पितृसत्तात्मक संस्कृतिले यो आन्दोलनलाई अन्य देशमा जस्तै स्तरमा पुग्नबाट बाधा पुऱ्याएको देखिन्छ। 'आगोविना धुवाँ हुँदैन'जस्ता अभिव्यक्ति अझै पनि बारम्बार प्रयोग गरिन्छन्। वास्तवमा, यौनहिंसा पीडितको गल्तीबाट होइन, बरु असमान शक्ति सम्बन्ध र अपराधीद्वारा गरिएको हेरफेरको कारणले हुन्छ।

■ सामाजिक सञ्जालमा बहस

२०१९ र २०२२ को बिचमा यौनहिंसा उन्मूलन विधेयकमा सामाजिक सञ्जालमा भएको लामो बहसले डिजिटल स्पेस कसरी सार्वजनिक शिक्षाका लागि एक क्षेत्र बनेको छ भनेर देखाएको छ। सहमतिको अवधारणा, शक्ति सम्बन्ध र पीडितको दृष्टिकोणको महत्त्वलाई व्याख्या गर्न धेरै सामग्री सिर्जना गरिएको थियो।

रुढिवादी इस्लामिक समूहले सुरुमा सांस्कृतिक र धार्मिक मूल्य-मान्यतालाई उद्धृत गर्दै विधेयकको विरोध गरे। यद्यपि, धेरै शैक्षिक सामग्रीले पीडितलाई सुरक्षा दिन र गलत धारणा हटाउन मद्दत गरेका छन्। अन्ततः यौनहिंसा अपराध कानुन लागू गरियो, जुन इन्डोनेसियाली कानुनी इतिहासमा एक महत्त्वपूर्ण कोसेढुंगा हो। उच्च शिक्षामा मन्त्रीस्तरीय नीतिमार्फत निवारक नियमहरू पनि बलियो बनाइयो।

■ समर्थन र जोखिम

ब्रोकन स्ट्रिङ्सजस्ता भाइरल घटनाले बालबालिकाको हेरचाह र शक्ति सम्बन्धको हेरफेरबारे अनलाइन कुराकानी कसरी सामूहिक शैक्षिक ठाउँमा परिणत हुन सक्छन् भनेर देखाउँछन्। धेरै नागरिक, कार्यकर्ता र मिडिया आउटलेटले अपराधीको ढाँचालाई व्याख्या गर्न र बाँचेकालाई सहयोग गर्ने कदम चालेका छन्। यद्यपि, सामाजिक सञ्जालको जोखिम कायमै छ। एकातिर, यसले बाँचेकालाई सुन्नका लागि सुरक्षित ठाउँ प्रदान गर्छ, एकता निर्माण गर्छ, र संस्थालाई कार्य गर्न प्रोत्साहित गर्छ। अर्कोतर्फ, बोल्ने पीडितहरूले प्रायः प्रतिक्रियाको सामना गर्छन्, ध्यान खोजेको, आफ्नो प्रतिष्ठालाई हानि पुऱ्याएको वा 'अनैतिक' ठहरिएको आरोप लगाइन्छ, र डिजिटल धम्की, डक्सिङ र कानुनी धम्की पनि अनुभव गर्छन्। यसको अर्थ सामाजिक सञ्जाल पीडितका लागि सुरक्षित ठाउँ र खतरनाक ठाउँ दुवै हुन सक्छ, यदि यो पर्याप्त समर्थन र सुरक्षाको साथमा छैन भने।

- द कन्भर्सेसनबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार १ चैत ०८२

आर्थिक क्षेत्रका दर्जन सार्वजनिक निकायमा प्रमुख पद रिक्त

राष्ट्र बैंकका दुई डेपुटी गभर्नरसहित दर्जन संस्था नेतृत्वविहीन रहेकाले नयाँ सरकार आएपछि नियुक्त प्रक्रिया अघि बढ्ने अपेक्षा



प्रमुख पद रिक्त रहेका सार्वजनिक संस्थान

- **नेपाल राष्ट्र बैंक**
  दुई डेपुटी गभर्नर
- **नेपाल बिमा प्राधिकरण**
  अध्यक्ष
  एक महिला सञ्चालक
- **नेपाल पुनर्बिमा कम्पनी**
  अध्यक्ष
  दुई सञ्चालक
- **नेपाल वायुसेवा निगम**
  महाप्रबन्धक
- **दुग्ध विकास संस्थान**
  महाप्रबन्धक
- **नेपाल नागरिक उड्डयन प्राधिकरण**
  महानिर्देशक
- **नेपाल इन्टरमोडेल यातायात विकास समिति**
  कार्यकारी निर्देशक
- **हेटौंडा सिमेन्ट**
  महाप्रबन्धक
- **उदयपुर सिमेन्ट**
  महाप्रबन्धक
- **नेपाल टेलिकम**
  महाप्रबन्धक
- **अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति**
  कार्यकारी निर्देशक
- **जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड**
  महाप्रबन्धक

पवन तिमिल्सिना/नयाँ पत्रिका

राष्ट्र बैंकका दुई डेपुटी गभर्नरसहित १२ सार्वजनिक निकायका प्रमुख कार्यकारीलगायतका पद रिक्त छन्। यी सबै पदमा क्षमतावान् नेतृत्वको नियुक्ति प्रक्रिया अघि बढाउने जिम्मेवारी नयाँ सरकारको काँधमा छ।

अहिले दुई डेपुटी गभर्नरसहित बिमा प्राधिकरण र पुनर्बिमा कम्पनीका अध्यक्ष खाली छन्। त्यस्तै, वायुसेवा निगम, नागरिक उड्डयन प्राधिकरण, इन्टरमोडेल यातायात विकास समिति, दुग्ध विकास संस्थान, हेटौंडा सिमेन्ट, उदयपुर सिमेन्ट, टेलिकम, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति र जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडमा महाप्रबन्धक पद रिक्त छ। यी सबै संस्थान अहिले त्यहीं कार्यरत वरिष्ठ कर्मचारीको निमित्त जिम्मेवारीका भरमा सञ्चालन भइरहेका छन्।

दुईजना डेपुटी गभर्नर पद आइतबारदेखि खाली भएपछि सबैभन्दा ठुलो रिक्तता राष्ट्र बैंकमा देखिएको छ। डेपुटी गभर्नर डा. नीलम ढुंगाना तिम्सिना र बमबहादुर मिश्र अवकाशमा गएका हुन्। अहिले तत्काल नयाँ नियुक्तिको सम्भावनासमेत नरहेको अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले बताए। 'रिक्त संस्थानमा नियुक्ति प्रक्रिया अघि बढाउने विषयमा औपचारिक जानकारी छैन,' उनले भने। अर्थ मन्त्रालयतमातहतकै बिमा प्राधिकरणको अध्यक्ष पद पनि हाल खाली छ। अहिले उक्त पदको जिम्मेवारी संघीय मामिला तथा सामान्य प्रशासन सचिव चन्द्रकला पौडेलले सम्हालिरहेकी छिन्।

बिमा प्राधिकरणमै लगानीकर्ताको प्रतिनिधित्व गर्ने महिला सञ्चालक पद पनि रिक्त छ। उक्त पदमा रहेकी राधा पोखरेलले पद छाडेपछि यो स्थान खाली भएको हो। यसैगरी, नेपाल पुनर्बिमा कम्पनीको अध्यक्ष पद पनि अहिले रिक्त छ। अध्यक्ष सुरेन्द्र पौडेलविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएपछि उक्त पद खाली भएको हो। हाल अर्थ मन्त्रालयका सहसचिव अमृत लम्सालेलाई कार्यवाहक जिम्मेवारी दिइएको छ। पुनर्बिमा कम्पनीमा दुई सञ्चालक पद पनि अहिले रिक्त रहेका छन्। वित्तीय प्रणालीसँग प्रत्यक्ष सम्बन्ध राख्ने यी संस्थामा महत्त्वपूर्ण पद खाली रहँदा नीति-निर्माण, नियमन र व्यवस्थापनमा असर पर्न सक्ने भन्दै नयाँ सरकारले छिट्टै योग्य व्यक्तिहरू नियुक्त गरेर संस्थागत नेतृत्वलाई पूर्णता दिनुपर्ने आवश्यकता रहेको संस्थान निर्देशन बोर्डका पूर्वअध्यक्ष विमल वाग्ले बताउँछन्। 'सरकारले सकेसम्म मेरिट हन्ट गरेर भए पनि काबिल व्यक्ति ल्याउनुपर्छ। विद्यमान नियुक्ति प्रक्रियामा फेरबदल गर्नुपर्छ,' उनले भने, 'जनताको विश्वास पूर्ण रूपमा पाएको यो सरकारले ऐन कानुन संशोधन गरेर भए पनि गतिलो व्यक्ति नियुक्त हुने व्यवस्था गर्नुपर्छ।'

हेटौंडा सिमेन्टमा तत्कालीन महाप्रबन्धक वसन्त पाण्डेको कार्यकाल सकिएपछि सरकारले अर्को नियुक्ति नगरी गत वैशाखमा संस्थान नै खारेजीको निर्णय गरेको थियो। उदयपुर सिमेन्टका तत्कालीन महाप्रबन्धक गोपीकृष्ण न्यौपानेले पनि २४ जेठ ०८० मा राजीनामा दिएपछि कर्मचारी भरत साहलाई निमित्त महाप्रबन्धकको जिम्मेवारी दिइएको थियो। उनीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेपछि हाल त्यो पद रिक्त छ। दुग्ध विकास संस्थानमा ०८० चैतमा तत्कालीन महाप्रबन्धक सञ्जीव झाले अवकाश पाएका थिए। पदपूर्तिका लागि सरकारले प्रक्रिया अघि बढाए पनि विवाद अदालत पुगेको छ। अहिले झालाई नै निमित्त महाप्रबन्धकका रूपमा जिम्मेवारी दिइएको छ। डिडिसीमा महाप्रबन्धक नहुँदा किसानले दुध बेचेको पैसा समयमै पाउन सकस व्यहोरिरहेका छन्।

जडीबुटी कम्पनीमा तत्कालीन महाप्रबन्धक संगीता यादवको कार्यकाल सकिएपछि हाल त्यो पद रिक्त छ। वायुसेवा निगमको महाप्रबन्धक पद पनि रिक्त छ। निर्वाचनअघि नै संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले खुला प्रतिस्पर्धाबाट महाप्रबन्धक पद नियुक्ति प्रक्रिया अघि बढाएको थियो। तर, निर्वाचन आचारसंहिताका कारण नियुक्ति प्रक्रिया अघि बढ्न सकेको थिएन। निगमको महाप्रबन्धक छनोट कार्यविधि, २०८२ अनुसार खुलाइएको आवेदनमा १६ जना उम्मेदवारले दरखास्त दिएका थिए र न्यूनतम शैक्षिक योग्यता र आवश्यक अनुभव पूरा गरेका १० जना उम्मेदवार छनोट सूचीमा परेका छन्।

संक्षिप्त सूचीमा मोरङका उपेन्द्रबहादुर कार्की, झापाका टंकनिधि दाहाल, कास्कीका डा. दीपकप्रसाद बाँस्तोला, काठमाडौंका दिपुराज ज्वारचन, बैतडीका डा. भीमबहादुर चन्द, गुल्मीका योगराज कँडेल शर्मा, लमजुङका विष्णुबाबु मिश्र, डडेलधुराका वेदप्रसाद उप्रेती, सिराहाका सञ्जयकुमार सिंह र सोलुखुम्बुका सन्तुष्टकुमार बस्नेत रहेका छन्।

त्यस्तै, नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीविरुद्ध अख्तियारले नलिनचोक हेलिप्याड र पोखरा विमानस्थल निर्माणमा अनियमितता भएको ठहर गर्दै भ्रष्टाचार मुद्दा दायर गरेपछि उक्त पद रिक्त छ। हाल देवचन्द्रलाल कर्णलाई निमित्त महानिर्देशकको जिम्मेवारी दिइएको छ।

टेलिकममा पनि अहिले निमित्त प्रबन्ध निर्देशक रिना डंगोलको नेतृत्वमा छ। इन्टरमोडेल यातायात विकास समितिका तत्कालीन कार्यकारी निर्देशक आशिष गजुरेलले पदबाट राजीनामा दिएर सिन्धुली २ मा उम्मेदवारी दिएका थिए। राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवारी दिएका उनले चुनाव पनि जितेका छन्। अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिको कार्यकारी निर्देशक पद पनि रिक्त छ।

नयाँ सरकारले योग्य व्यक्ति नियुक्ति गर्नुपर्छ



- **प्राडा पुष्कर बज्राचार्य**, अर्थशास्त्री

वर्तमान सरकारलाई निर्वाचन सम्पन्न गराएपछि पदपूर्ति गरेर बस्ने म्यान्डेट छैन। अबको नियुक्ति नयाँ सरकारले नै गर्नुपर्छ। अहिले खुला प्रतिस्पर्धाबाट नियुक्ति गर्ने भनिए पनि क्षमतावान् व्यक्तिहरू आउन सकिरहेका छैनन्। अहिलेको नियुक्ति प्रक्रिया पारदर्शी भए पनि पदका उपयुक्त पात्र नियुक्त हुन सकिरहेका छैनन्। सरकारले सकेसम्म मेरिट हन्ट गरेर भए पनि काबिल व्यक्ति ल्याउनुपर्छ। विद्यमान नियुक्ति प्रक्रियामा फेरबदल गर्नुपर्छ। जनताको विश्वास पूर्ण रूपमा पाएको यो सरकारले ऐन-कानुन संशोधन गरेर भए पनि गतिलो व्यक्ति नियुक्त हुने व्यवस्था गर्नुपर्छ। विगतमा जस्तो सेटिङमा नियुक्त गर्ने छुट यो सरकारलाई छैन। नवनिर्वाचित सरकारले उपयुक्त पात्रलाई सही पदमा नियुक्त गर्ने व्यवस्था गर्नुपर्छ।

■ एनआरएनएको १२औं अधिवेशन सुरु

नेपालको विकास र समृद्धिमा योगदान गर्न एनआरएनलाई परराष्ट्रमन्त्रीको आग्रह



नयाँ पत्रिका

परराष्ट्रमन्त्री बालानन्द शर्माले नेपालको विकास र समृद्धिमा योगदान पुऱ्याउन गैरआवासीय नेपालीलाई आग्रह गरेका छन्। काठमाडौंमा शनिबारदेखि सुरु भएको गैरआवासीय नेपाली संघ (एनआरएनए)को १२औं विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय अधिवेशनको उद्घाटन गर्दै मन्त्री शर्माले औद्योगिक विकास, रोजगारी सिर्जनामा एनआरएनले योगदान पुऱ्याउने उल्लेख गरे। परराष्ट्रमन्त्री शर्मा र पूर्वप्रधानमन्त्री झलनाथ खनालले पानसमा दीप प्रज्वलित गरेर अधिवेशनको उद्घाटन गरेका हुन्। प्रवासमा रहेर नेपाली सांस्कृतिक दूतका रूपमा रही नेपाली माटोमा योगदान पुऱ्याएको भन्दै एनआरएनको उनले प्रशंसासमेत गरे।

कार्यक्रमा एनआरएनएका कार्यकारी अध्यक्ष महेशकुमार श्रेष्ठले संघभित्रको विवाद अन्त्य गर्दै एकता स्थापित भएको र समृद्ध नेपालको अभियानमा गैरआवासीय नेपालीको योगदान रहने प्रबिद्धता व्यक्त गरे। गैरआवासीय लगानीलाई वैदेशिक लगानीभन्दा फरक लिनुपर्ने र विदेशमा रहेका नेपालीको पुँजी, सिप, ज्ञान सदुपयोग गर्नुपर्नेमा उनले जोड दिए।

कार्यकारी अध्यक्ष डा. बद्री केसीले प्रधानमन्त्रीको हातबाट गैरआवासीय नेपाली नागरिकता लिएको, तर आज त्यो कार्यान्वयन नहुने अवस्था रहेको भन्दै उनले गैरआवासीय ऐन, अन्य ऐन परिमार्जन गर्नुपर्ने बताए। पुरानो नागरिकता निष्क्रिय भएको र नयाँ गैरआवासीय नागरिकतामा पनि काम नगरेको भन्दै छिट्टो कानुनी जटिलता हटाउन सरकारलाई उनले अनुरोध गरे। आउने सरकारले सय दिनभित्र गैरआवासीय ऐन संसद्मा पुऱ्याएर कार्यान्वयन ल्याउन उनले माग गरे। उनले लगानीसम्बन्धी कानुन पनि परिमार्जन गरेर सहजीकरण गर्न र गैरआवासीय नेपालीको लगानी सहजै भित्र्याउने वातावरण बनाउन पनि माग गरे।

एनआरएनएको एकतामा पूर्वअध्यक्षहरू खुसी

संस्थापक अध्यक्ष उपेन्द्र महतोले संघको एकताप्रति हर्ष व्यक्त गरे। व्यक्तिगत सफलताको जुनसुकै उचाइमा पुगे पनि देश नबनेमा त्यसको अर्थ छैन भन्दै नेपालका लागि नेपाली नाराका साथ गैरआवासीय नेपाली अभियान सुरु गरिएको उनले बताए। पूर्वअध्यक्ष जीवा लामिछानेले नागरिकता, लगानीलगायत थुप्रै मुद्दा निर्णायक तहमा पुग्दा विभाजनले एनआरएनए अभियान पछाडि परेको बताए। पूर्वअध्यक्ष भवन भट्टले एकता अधिवेशन खुसीको कुरा भएको बताए। प्रवासी नेपालीबाट लगानी ल्याउने मेकानिजम बनाएमा सहजै ९० राष्ट्रबाट लगानी भित्रिने भन्दै उनले हाइड्रो, एग्रिकल्चर, टुरिजम र आइटीमा केन्द्रित गर्नुपर्ने बताए।

पूर्वअध्यक्ष आरके शर्माले गैरआवासीय नेपाली नागरिकताका साथसाथै श्रमिक नेपालीको सामूहिक लगानीबाट समृद्धिको अभियान अगाडि बढाउन जरुरी रहेको बताए। पहिलो महिला अध्यक्ष रबिना थापाले असहमति जनाए पनि सहमतिमा जानु संस्थाको उद्देश्य भएको बताउँदै छुटेका साथीलाई जोड्नुपर्ने बताइन्। पूर्वअध्यक्ष विनोद कुँवरले एकता महाधिवेशनले पूर्णता दिएको र आउने कार्यसमितिले अझै एकतालाई पूर्णता दिने बताए।

सरकारले सघाउने, निजी क्षेत्रले साझेदारी गर्ने

नेपालमा एनआरएनको लगानी भित्र्याउन सरकारले सहजीकरण गर्ने तथा निजी क्षेत्रले सघाउने बताएका छन्। गैरआवासीय नेपाली संघ (एनआरएनए)को १२औं अधिवेशनको अवसरमा आयोजित 'रोडम्याप टु इनभेस्टमेन्ट फर इन्ह्यान्सिङ नेपाल्स फ्युचर इकोनोमी'मा बोल्दै सरकार र निजी क्षेत्रका प्रतिनिधिले यस्तो बताएका हुन्। नेपाल लगानी बोर्डका सिइओ सुशील ज्ञवालीले सरकार, एनआरएनए र निजी क्षेत्रले संयुक्त काम गर्नुपर्ने बताएका छन्। उनले अब दुईतिहाइ सरकार आउन लागेकाले आत्मविश्वास कायम गर्न एकसाथ लाग्नुपर्ने बताए। यसमा लगानी बोर्डले सघाउने उनले प्रतिबद्धता जनाए। नेपाल राष्ट्र बैंकको अनुसन्धान विभागका कार्यकारी निर्देशक रामशरण खरेलले ८० लाख नेपालीलाई नेपालको दीर्घकालीन आर्थिक विकासमा कसरी जोड्न सकिन्छ भन्ने मुख्य विषय भएको बताए।

नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष दीपक मल्होत्राले नीतिगत स्थायित्व, लगानी र विश्वासमा जोड दिए। उनले गैरआवासीय लगानीका लागि संस्थागत संयन्त्र आवश्यक भएको बताए। नेपाल उद्योग परिसंघका उपाध्यक्ष हेमराज ढकालले नेपालको आर्थिक विकासमा गैरआवासीय नेपालीको लगानी महत्त्वपूर्ण भन्दै राज्यले वातावरण बनाउनुपर्ने बताए। नेपालको अर्थतन्त्रलाई १०० बिलियन डलरको बनाउन गैरआवासीय नेपाली (एनआरएन)को लगानी अपरिहार्य रहेको उनले बताए। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले नेपालमा उद्यमशीलताको ठुलो सम्भावना रहेको बताए।

राजमार्गबाट विस्थापित उद्यमीको कर्जा पुनर्संरचना गर्न निर्देशन



काठमाडौं/ नेपाल राष्ट्र बैंकले राजमार्ग विस्तारका क्रममा विस्थापित भएका उद्यमी-व्यवसायीको कर्जा पुनर्संरचना गर्न निर्देशन जारी गरेको छ। महेन्द्र राजमार्ग र मध्यपहाडी लोकमार्ग विस्तारका कारण विस्थापित उद्यमी-व्यवसायीको कर्जाको पुनर्तालिकीकरण तथा पुनर्संरचनाका लागि केन्द्रीय बैंकले निर्देशन जारी गरेको हो।

केन्द्रीय बैंकले चालू आर्थिक वर्ष ०८२/८३ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गर्दै राजमार्ग विस्तारका क्रममा विस्थापित उद्यमी-व्यवसायीलाई सुविधा दिने नीति लिएको थियो। सोही नीतिलाई कार्यान्वयन गर्न केन्द्रीय बैंकले शुक्रबार निर्देशन जारी गरेको हो। जसअनुसार महेन्द्र राजमार्ग र मध्यपहाडी लोकमार्ग विस्तारमा विस्थापित भएकालाई कर्जामा न्यूनतम १० प्रतिशत ब्याज असुल गरी ०८३ असार मसान्तसम्म पुनर्संरचना तथा पुनर्तालिकीकरण गर्न सकिने व्यवस्था गरिएको छ।

मध्यपूर्वी तनावको असर : डलरको मूल्य उच्च विन्दुमा

नयाँ पत्रिका

इजरायल र अमेरिका मिलेर गत २८ फेब्रुअरी (१६ फागुन)मा इरानमाथि गरेको आक्रमण र त्यसपछि मध्यपूर्वी मुलुकमा देखिएको तनावका कारण नेपाली मुद्रा बजारमा पनि डलरको मूल्य उकालो लागेको छ। शनिबार नेपाली बजारमा डलरको मूल्य हालसम्मकै उच्च विन्दुमा पुगेको छ।

नेपाल राष्ट्र बैंकले शनिबारका लागि डलरको खरिद मूल्य १४७.६४ रुपैयाँ र बिक्री मूल्य १४८.२४ रुपैयाँ तोकेको छ। शुक्रबार डलरको खरिद मूल्य १४७.२१ र बिक्री मूल्य १४७.८१ रुपैयाँ थियो। यसअघि २६ फागुनमा डलरको खरिद मूल्य १४७.४३ रुपैयाँ र बिक्री मूल्य १४८.०३ रुपैयाँ पुगेर रेकर्ड ब्रेक गरेको थियो। त्यसपछि घटेको डलरको मूल्यले शनिबार नयाँ रेकर्ड राखेको हो।

विशेषगरी मध्यपूर्वमा देखिएको तनावले इन्धनको मूल्य ह्वात्तै बढाएको छ। त्यसले विश्वव्यापी अर्थतन्त्रमा अनिश्चितता थपेको छ। यो युद्ध तत्काल साम्य हुने देखिएको छैन। त्यसले गर्दा अबको दिनमा विश्व अर्थतन्त्र प्रभावित हुने देखिएको छ। सोही कारण विश्वका लगानीकर्ताले सुरक्षित लगानीका लागि डलर खरिद गर्न थालेका हुन्। त्यसमाथि अमेरिकी केन्द्रीय बैंकले सेप्टेम्बरमा पुनरावलोकन गर्नुपर्ने ब्याजदरलाई आगामी जुनमै पुनरावलोकन गरेर बढाउने अपेक्षा गरिएको छ। फेडरल रिजर्भ र युरोपेली केन्द्रीय बैंकको बैठक पनि हुन थालेको समाचार अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले सार्वजनिक गरेका छन्। यी यस्ता कारणले डलरमा माग बढेको छ। त्यसले गर्दा नेपालले स्थिर विनिमय दर नीति लागू गरेको भारतमा डलरको मूल्य बढेको छ। भारतमा डलरको मूल्य बढ्नासाथ नेपालमा पनि यसको मूल्य स्वतः बढेको हो।

नेपाली मुद्रा भारतीय मुद्रासँग पेग (विनिमयदर स्थिर) छ। त्यो अवस्थामा भारतमा डलरको मूल्य बढ्दा नेपालमा बढ्ने र भारतमा घट्दा नेपालमा पनि घट्ने हुन्छ।

दिन	प्रतिडलरको मूल्य
फागुन १६	१४५.८७
फागुन १७	१४५.८७
फागुन १८	१४५.८७
फागुन १९	१४६.६६
फागुन २०	१४६.६६
फागुन २१	१४७.७५
फागुन २२	१४६.८७
फागुन २३	१४७.०९
फागुन २४	१४७.०९
फागुन २५	१४७.०९
फागुन २६	१४८.०३
फागुन २७	१४७.२
फागुन २८	१४७.५७
फागुन २९	१४७.८१
फागुन ३०	१४८.२४

डलरको मूल्य बढ्दाका फाइदा-बेफाइदा

डलरको मूल्य बढेपछि विदेशी मुद्रामा हुने आम्दानी बढ्नेछ। अर्थात्, रेमिट्यान्स, निर्यात, विदेशी पर्यटनमार्फत हुने आम्दानी बढ्नेछ। तर, आयात भने महँगो हुनेछ।

यसैगरी, नेपालले तिर्ने वैदेशिक ऋण पनि महँगो हुनेछ। विदेशबाट लिएको ऋण नेपाललेे डलरमा भुक्तानी गर्नुपर्छ। त्यसले गर्दा डलरको मूल्य बढेको अवस्थामा वैदेशिक ऋणको दायित्व पनि महँगो पर्नेछ। यद्यपि, डलरको मूल्य बढ्नु भनेको नेपाली मुद्रा कमजोर हो।

सामाजिक सञ्जाल र एडसेन्स विज्ञापनबाट भित्रिने विदेशी मुद्रामा २६ प्रतिशत वृद्धि

सात महिनामा नेपालका प्रयोगकर्ताले भित्र्याए साढे दुई अर्ब

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो सात महिनामा युट्युब, फेसबुक, टिकटकजस्ता सामाजिक सञ्जाल र त्यसमा आउने एडसेन्स विज्ञापनसहित अडियो-भिडियो सेवाबाट साढे दुई अर्ब रुपैयाँ विदेशी मुद्रा नेपाल भित्रिएको छ। नेपाल राष्ट्र बैंकबाट प्राप्त माघ मसान्तसम्मको तथ्यांकअनुसार यस्तो प्रविधिमार्फत दुई अर्ब ४९ करोड ३७ लाख रुपैयाँबराबरको विदेशी मुद्रा भित्रिएको हो। जुन गत आवको सोही अवधिको तुलनामा २५.७६ प्रतिशतले बढी हो। गत आवको पहिलो सात महिनामा यसबाट एक अर्ब ९८ करोड २८ लाख रुपैयाँ भित्रिएको थियो। गत आवभर भने यस्तो सेवाबाट तीन अर्ब ५३ करोड तीन लाख रुपैयाँ भित्रिएको थियो।

नेपाल राष्ट्र बैंकले गत आवदेखि युट्युब, फेसबुक, टिकटकजस्ता सामाजिक सञ्जालको एडसेन्स विज्ञापनसहित अडियो-भिडियो सेवाबाट नेपाल भित्रिने र बाहिरिने रकमको तथ्यांक छुट्याएर राख्न थालेको छ। विगतमा यसरी पैसा नेपाल भित्रिए पनि छुट्टै तथ्यांक थिएन। गत आवदेखि राष्ट्र बैंकले यस्तो तथ्यांक छुट्याएर राख्न सुरु गरेको हो।

समीक्षा अवधिमा यही शीर्षकमा नेपालबाट बाहिरिने रकम २४.३३ प्रतिशतले घटेको छ। गत आवको पहिलो सात महिनामा यसबाट ६७ करोड ६९ लाख रुपैयाँ बाहिरिएको थियो। चालू आवको सात महिनामा भने ५१ करोड २२ लाख रुपैयाँ बाहिरिएको छ। समीक्षा अवधिमा यस्तो सेवा व्यापारमा नेपाललाई एक अर्ब ९८ करोड १५ लाख रुपैयाँ बचत भएको छ। गत आवभर भने यसमार्फत ७८ करोड ९० लाख रुपैयाँ बाहिरिएको छ। गत आवमा यसमा नेपाललाई दुई अर्ब ७४ करोड १३ लाख रुपैयाँ बचत भएको थियो। अडियो-भिडियो सेवा शीर्षकमा यो तथ्यांक समावेश गरिएको हो। त्यसमा अधिकांश युट्युब, फेसबुक, टिकटकलगायतका सामाजिक सञ्जाबाट आउने रकम रहेको छ।

कुन महिना कति भित्रियो ?

यसअन्तर्गत चालू आवको साउनमा २८ करोड १७ लाख रुपैयाँ भित्रिएको छ। त्यसपछि भदौमा २७ करोड आठ लाख रुपैयाँ, असोजमा २९ करोड १७ लाख रुपैयाँ, कात्तिकमा ३५ करोड ५५ लाख रुपैयाँ र मंसिरमा ३८ करोड २२ लाख रुपैयाँ भित्रिएको छ।



यसैगरी, पुसमा ४५ करोड ९१ लाख रुपैयाँ र माघमा ४५ करोड २८ लाख रुपैयाँ भित्रिएको छ। तथ्यांकअनुसार गत आवको साउनमा २३ करोड आठ लाख रुपैयाँ, भदौमा २६ करोड ८९ लाख रुपैयाँ, असोजमा २७ करोड १८ लाख रुपैयाँ, कात्तिकमा २६ करोड १५ लाख रुपैयाँ र मंसिरमा ३० करोड ८० लाख रुपैयाँ भित्रिएको थियो। गत आवको पुस र माघमा भने क्रमशः २४ करोड ९८ लाख रुपैयाँ र माघमा २९ करोड १९ लाख रुपैयाँ भित्रिएको थियो। तोकिएका विभिन्न मापदण्ड पुगेपछि युट्युब च्यानल, टिकटक, फेसबुकलगायतका सामाजिक सञ्जालका खाता 'मोनिटाइज' हुन्छ। त्यसपछि सम्बन्धित खातामा राखिने अडियो-भिडियोमा देखिने विज्ञापन र त्यसको भ्युजका आधारमा निश्चित रकम आम्दानी हुन्छ। यसैगरी फेसबुक, टिकटकमा एक प्रयोगकर्ताले अर्को प्रयोगकर्तालाई दिइने गिफ्ट तथा स्टारका आधारमा पैसा पनि आउँछ। युट्युबजस्ता सामाजिक सञ्जाल सञ्चालन गर्ने कम्पनीले विज्ञापन परिचालन गरिरहेका हुन्छन्। त्यो विज्ञापन परिचालन गरिदिएबापत खातावालालाई उनीहरूले निश्चित रकम दिन्छन्। त्यसरी कमाइने पैसा बैंकिङ च्यानलमार्फत भित्रिन्छ। हरेक महिना यसबापतको रकम खातावालाको बैंक खातामा आउँछ।

पछिल्लो समय नेपालमा युट्युबमा विभिन्न प्रकृतिका भिडियो कन्टेन्ट राख्ने प्रवृत्ति बढ्दै गएको छ। फिल्म, म्युजिक भिडियो, भिडियो अन्तर्वार्ता, समाचारलगायतका कन्टेन्ट पनि युट्युबमा राखिन्छ। त्यसमा एडसेन्समार्फत भिडियोमा देखिएको विज्ञापनमार्फत आम्दानी गर्न सकिन्छ। यसैगरी टिकटक, फेसबुकमा 'लाइभ' बस्ने प्रयोगकर्ता पनि बढ्दै छन्। त्यसरी बसिने लाइभमा अरू प्रयोगकर्ताले गिफ्ट तथा स्टार दिन सक्छन्, त्यसबाट लाइभ बस्ने प्रयोगकर्ताले पैसा कमाउन सक्छ। यस्तो अभ्यास नेपालमा पनि बढ्दै गएको छ। कैयौं प्रयोगकर्ताले यसमार्फत आम्दानी गर्दै आएका छन्।

नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले सामाजिक सञ्जाल र एडसेन्स विज्ञापनबाट हुने आम्दानी बढ्दो क्रममा रहेको बताए। 'पछिल्लो समय विज्ञापनको स्वरूप परिवर्तन भएको छ। कन्टेन क्रिएटरलगायत सामाजिक सञ्जालका प्रयोगकर्ता बढेका छन्। त्यसक्रममा यसबाट हुने आम्दानी पनि बढ्दो क्रममा छ। यसलाई हामीले स्वीकार गर्दै स्वाभाविक रूपमा लिएका छौं। सम्पत्ति शुद्धीकरण तथा आतंकवाद क्रियाकलापमा नजोडिएको अवस्थामा यसलाई हामी स्वीकार नै गर्छौं। कतिपय अवस्थामा यसमा नियमन पनि आवश्यक हुन सक्छ,' उनले भने, 'विदेशी मुद्रा आम्दानीमा यो पनि एउटा महत्त्वपूर्ण स्रोत भयो भने यसलाई थप व्यवस्थित बनाउनुपर्ने हुन सक्छ। आगामी दिनमा यसको तथ्यांकलाई अझ परिष्कृत गर्ने गरी पनि काम गर्नेछौं।' विज्ञहरूले यसलाई सकारात्मक रूपमा लिएका छन्। तर, यसलाई प्रवर्द्धन गर्न नहुने उनीहरूको जोड छ। यसलाई यथास्थितिमा खुला छाडेर मानिसलाई उत्पादन प्रणालीमै जोड्न प्रोत्साहन गर्नुपर्ने विज्ञहरूको जोड छ।

जतातै ग्यासको कृत्रिम अभाव

सुर्खेत, जुम्ला, लहान, कास्कीलगायत देशभर ग्यासको कृत्रिम अभाव, उपभोक्ताले 'स्टक' गर्न थाल्दा व्यापारीले मौका छोपेर मूल्य बढाउन थाले, ग्यास तथा पेट्रोलियम पदार्थको कृत्रिम अभाव सिर्जना गरे कारबाही गरिने जिल्ला प्रशासनको चेतावनी

सुर्खेतमा **रमेश रावल**, लहानमा **मणिलाल विश्वकर्मा** जुम्लामा **मानदत्त रावल** र कास्कीमा **रोहित पराजुली**

देशभर ग्यासको कृत्रिम अभाव हुन थालेको छ। पछिल्लो समय मध्यपूर्वको तनावले गर्दा ग्यास अभाव हुन थालेपछि स्थानीयले ग्यास 'स्टक' गर्न थालेका छन् भने व्यापारीले कृत्रिम अभाव देखाउँदै मौका छोपेर मूल्य बढाउन थालेका छन्। सुर्खेत, जुम्ला, कर्णालीलगायत देशभरका स्थानीय डिलरले ग्यासको अभाव देखाउन उपभोक्ताले गुनासो गरेका छन्।

इरान र इजरायल-अमेरिका युद्धमा होमिएपछि इन्धनको अभाव हुन सक्ने भन्दै सरकारले आपूर्ति सहज बनाउन आधा भरिएको सिलिन्डर बिक्री गर्न सुरु गरिसकेको छ। जसका कारण सुर्खेतमा ग्यास लिनेको भिड नै लाग्न थालेको छ। ग्यासको अभाव हुने कुरा सुनेपछि दुईवटा खाली सिलिन्डर ग्यास भर्न लागेको वीरेन्द्रनगर नगरपालिका- ३ का लक्ष्मी शर्माले बताइन्। 'सामाजिक सञ्जालमा आएको समाचारका कारणले ग्यास भरेका हौं,' उनले भनिन्, 'अरूको कुरा सुनेर र देखेर ग्यास भरेका हौं।' तर, ग्यासको बजार अभाव नभएको भेरी ग्यासको सुर्खेत विक्रेता विनोद दाहाल बताउँछन्। यसैबिच, जिल्ला प्रशासन कार्यालय सुर्खेतले ग्यास तथा पेट्रोलियम पदार्थको कृत्रिम अभाव सिर्जना गरे कारबाही गरिने चेतावनीसमेत दिएको छ।

जुम्लामा पनि उही अवस्था

हिमाली जिल्ला जुम्लामा पहिलो इन्धनका रूपमा दाउरा नै प्रयोग गरिन्थ्यो। कर्णाली राजमार्ग हुँदै ०६३ सालमा जुम्ला पनि सडक सञ्जालमा जोडिएपछि पेट्रोलियम पदार्थ र एलपी ग्यास पुग्यो। सडक सञ्जालसँगै इन्धनका रूपमा प्रयोग हुने दाउरा प्रयोग हुन छाड्यो। अहिले प्रायः सहरदेखि गाउँसम्म एलपी ग्यास नै प्रयोग गर्न थालेका छन्।

तर, यतिबेला बाहिरबाट एलपी ग्यास कमै आउन थालेपछि जुम्लामा पनि एलपी ग्यास वितरण डिलरमा भिड लाग्ने गरेको छ। कर्णाली राजमार्ग सञ्चालनमा आएपछि सहजै रूपमा ग्यास आपूर्ति हुँदै आएको जुम्लामा योपटक पाँच सय सिलिन्डर ग्यास लाइनमा बाँडिएको छ। जुम्ला बसपार्कस्थित सडकमा लाइनमा बसेर उपभोक्ताले ग्यास लिएका हुन्।

जतातै ग्यास अभाव भइरहेकाले सीधै डिलरबाट लाइनमा वितरण गर्दा उपभोक्ता ठगिने सम्भावना कम हुने जिल्ला प्रशासन कार्यालय जुम्लाले जनाएको छ। ग्यास बोकेर आएको ट्रकबाटै ग्यास वितरण भएको हो। पहिलो दिन पाँच सय सिलिन्डर बाँडिएको लगन स्टोर एन्ड सप्लायर्सका सञ्चालक पृथ्वीबहादुर शाहीले बताए। निमित्त प्रमुख जिल्ला अधिकारी मीनबहादुर रावलले आइतबार तीन सय ग्यास सिलिन्डर बाँडिने बताए। बुढा जनरल स्टोरले ग्यासको गाडी छुट्टाइसकेको छ।

जुम्ला सदरमुकाम खलंगाका लागि मासिक दुई हजार सिलिन्डर आवश्यक पर्छ। डिलरमा प्रतिसिलिन्डर दुई हजार दुई सय रुपैयाँमा वितरण भइरहेको छ। तर, आधा भरिएको ग्यासको प्रतिसलिन्डर एक हजार दुई सय रुपैयाँ पर्नेछ। बिहानैदेखि ग्यास वितरण स्थलमा सुरक्षाकर्मी परिचालन गरिएको छ।

जिल्ला प्रशासन कार्यालय जुम्लामा शुक्रबार निमित्त प्रमुख जिल्ला अधिकारी रावलको अध्यक्षतामा बसेको बैठकले एलपी ग्यासको अभाव हुन नदिन अभिलेख राखेर मात्र वितरण गर्नुपर्ने निर्णय गरेको थियो।



सुर्खेतमा ग्यास भर्न लाइन लागेका उपभोक्ता। ग्यासको अभाव हुने हल्लापछि यहाँ दैनिकजसो भिड लाग्ने गरेको छ। **तस्बिर : नयाँ पत्रिका**

■ ग्यास सहजै पाइन्छ, अनावश्यक भण्डार नगर्नू : निगम

काठमाडौं/ नेपाल आयल निगमले एलपी ग्यास सहजै पाइने दाबी गर्दै उपभोक्तालाई अनावश्यक ग्यास भण्डारण नगर्न आग्रह गरेको छ। निगमले शनिबार सूचना जारी गर्दै यस्तो आग्रह गरेको हो। साथै, ग्यास उद्योगलाई आफ्नो उद्योगबाट बिक्री गर्ने परिमाण, ठेगाना र सम्पर्क नम्बरसहित प्रत्येक दिन १० बजेभित्र सार्वजनिक गरी निगमलाई जानकारी गराउन पनि सूचनामा भनिएको छ। 'निगम ग्यास उद्योगी तथा एलपी ग्यासका विक्रेतालाई घरायसी प्रयोजनका लागि प्रयोग गर्ने उपभोक्तालाई उच्च प्राथमिकतामा राखेर ग्यास बिक्री-वितरण गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ,' सूचनामा उल्लेख छ। निगमका अनुसार २९ फागुनदेखि आधा भरिएको सिलिन्डर उपलब्ध गराउने व्यवस्था गरिएको छ।

ग्यास भण्डारण गरी जोखिम नबढाउन आग्रह

जिल्ला प्रशासन कार्यालय सिराहाले खाना पकाउने ग्यासको अतिरिक्त भण्डारण गरी जोखिम नबढाउन आग्रह गरेको छ। सिराहाका प्रमुख जिल्ला अधिकारी चेतराज बरालले सार्वजनिक सूचना जारी गर्दै पछिल्लो केही दिनयता खाना पकाउने ग्यासको अतिरिक्त मूल्य लिई बिक्री-वितरण र अस्वाभाविक ढंगले भण्डार गर्नेजस्ता गुनासोका आधारमा त्यस्ता गतिविधि नगर्न आग्रह गरेका छन्। साथै यसो गरे-गराएमा प्रचलित कानुनबमोजिम कडा कारबाही गरिने चेतावनी दिइएको छ।

पोखराको भण्डारी ट्रेडर्सलाई ५० हजार जरिवाना

कास्कीमा ग्यास लुकाइछिपाइ भण्डारण गरी कृत्रिम अभाव खडा गरेको आरोपमा जिल्ला प्रशासन कार्यालय कास्कीले पोखरा-६, जरेवरस्थित भण्डारी ट्रेडर्सलाई ५० हजार जरिवाना तिराएको छ। १४.२ केजीका ४८ थान सिलिन्डर लुकाएर एउटाबाट अर्को सिलिन्डरमा ग्यास सार्दै गरेको अवस्थामा तीनवटा उपकरणसहित फेला परेपछि जरिवाना गरिएको कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले जानकारी दिइन्।

अनुगनमा क्रममा पाँच डिलरमध्ये तीन डिलरमा ग्यासको मौज्दात एवं अनुचित भण्डारण रहेको नपाइएको र एउटामा डिलरमा ७.१ केजीका तीन सय २४ थान सिलिन्डर फार्दै गरेको अवस्थामा फेला परेको थियो। साथै, अनुगमनका क्रममा ट्रेडर्समा फेला परेको सिलिन्डर पहिले आउने उपभोक्तालाई पहिले सेवा प्रदान गर्ने, कृत्रिम अभाव सिर्जना नगर्ने र आगामी दिनमा उपभोक्ता हित संरक्षणविपरीतका गतिविधि अब आउने दिनमा नगर्न अनुगमन टोलीले निर्देशन दिएको थियो।

पाथीभरा जाने सडकको दुर्दशा

चार वर्षमा ४० प्रतिशत मात्रै कालोपत्रे

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

पूर्वी नेपालको प्रसिद्ध धार्मिक गन्तव्य पाथीभरा जाने मुख्य सडकमार्ग निर्माणका चरणमा ढिलासुस्ती भएको पाइएको छ। चार वर्षअघि सुरु गरिएको सुकेटार-काफ्लेपाटी सडक कालोपत्रे योजना अझै अधुरै छ। हालसम्म करिब ४० प्रतिशत मात्रै काम सम्पन्न भएको छ। लाखौं तीर्थयात्री आवतजावत गर्ने मुख्य मार्ग हिउँदमा धुलाम्य र वर्षामा हिलाम्य हुन्छ।

पाथीभरा सडकअन्तर्गत सुकेटारदेखि काफ्लेपाटीसम्मको १० किलोमिटर सडक कालोपत्रे गर्ने कामको ठेक्का लागेको थियो। ठेकेदार कम्पनीले दुई-चारजना मात्रै काममा लगाएर अलमल्याउँदा सडक निर्माण समयमै सम्पन्न नभएको स्थानीयको गुनासो छ। सुक्खा मौसममा धुलोले यात्रुहरू हैरान हुने गरेका छन् भने वर्षायाममा सडक हिलाम्य भएर यात्रा जोखिमपूर्ण बन्ने गरेको स्थानीय बताउँछन्। यो सडक कालोपत्रे गर्ने जिम्मा काठमाडौंस्थित कन्टेक प्रालिले लिएको पनि चार वर्ष बितेको छ। सो कम्पनीसँग ०७८ पुस ११ गते सुकेटारदेखि काफ्ले पाटीसम्मको सडक कालोपत्रे गर्ने सम्झौता भएको थियो। ९५ करोड रुपैयाँको ठेक्का खुलेकोमा कम्पनीले ४१ करोड ७६ लाख ४७ हजार रुपैयाँ अर्थात् करिब ४६ प्रतिशत घटीमा ठेक्का पारेको थियो।

तमोर करिडोर सुभाङ्खोला-ओलाङचुङगोला सडक कार्यालयका सूचना अधिकारी वसन्तकुमार गाईंले पहिलो सम्झौतामा ०८१ साल पुस ११ सम्ममा काम सक्नुपर्ने भए पनि अहिलेसम्म योजना नसकिएको बताए। दुईपटक म्याद थप गरिएको र अन्तिमपटक म्याद थप गर्दा ०८३ मंसिर २९ गतेसम्ममा काम सक्ने गरी समय थप भएको सूचना अधिकारी गाईंले बताए। सडक कार्यालयका अनुसार कामलाई गति दिन निर्माण कम्पनीलाई पटक-पटक ताकेता गरिए पनि अपेक्षित प्रगति हुन सकेको छैन।

पाथीभरा मन्दिर नेपालका प्रमुख धार्मिक गन्तव्यमध्ये एक हो। यहाँ हरेक वर्ष नेपाल र भारतबाट लाखौं तीर्थयात्री दर्शनका लागि पुग्ने गर्छन्। तर, मुख्य सडक नै कच्ची हुँदा यात्रुलाई निकै कठिनाइ हुने गरेको छ।

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको ७ दिने सूचना

प्रकाशित मिति २०८२/१२/०१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय नेपालटार, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रूपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक विदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याइन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैंले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिवाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धित कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**

२०८२/१२/०८ गते, आईबार — **२०८२/१२/१० गते दिनको ३ बजे/स्थान शाखा कार्यालय नेपालटार, काठमाडौं**

क्र.सं	ऋणीको नाम, ठेगाना
१	**उमामाया तामाङ** (ना.प्र.प.न.५०४८, जारी मिति २०५९/०९/०२, जि.प्र.का. काठमाडौं) बाबुको नाम : शेर बहादुर तमाङ, बाजेको नाम : रुपसिंङ तामाङ ठेगाना : काठमाडौं जिल्ला, इचगुनारायण गा.वि.स वडा नं. ०४, हाल : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा न. ०२
	जमानतकर्ताहरुको विवरण
	१. सेर बहादुर तमाङ (ना.प्र.प.न.२३७०१, जारी मिति २०४७/०९/१६, जि.प्र.का. नुवाकोट) बाबुको नाम : रुपसिङ तामाङ बाजेको नाम : नेमा छिरिङ तामाङ ठेगाना : नुवाकोट जिल्ला, काउले गा.वि.स वडा नं. ०४, हाल : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा न. ०२
	२. च्याउकि तमाङ (ना.प्र.प.न.२६७००, जारी मिति २०४७/०९/१६, जि.प्र.का. नुवाकोट) पतिको नाम : सेर बहादुर तमाङ ससुराको नाम : रुपसिङ तामाङ ठेगाना : नुवाकोट जिल्ला, काउले गा.वि.स वडा नं. ०४, हाल : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा न. ०२
	३. रविन तमाङ (ना.प्र.प.न.२५१०१५/५५, जारी मिति २०६५/०७/२८, जि.प्र.का. नुवाकोट) बाबुको नाम : धनबिर तमाङ, बाजेको नाम : दुण्डुप तामाङ ठेगाना : नुवाकोट जिल्ला, फिकुरी गा.वि.स वडा नं. ०७, हाल : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा न. ०२
	धितोको विवरण
	च्याउकि तामाङ र उमामाया तामाङको नाममा मालपोत कार्यालय मनमैजुमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, काभ्रेस्थली गा.वि.स. वडा नं. ०५, स्थित कित्ता नं. ४९१ र ४७२ को क्षेत्रफल ४१.७३ र ३७.७६ (व.मी) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि. JYOTI BIKASH BANK LTD. More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालय: नेपालटार, काठमाडौं, फोन नं.०१-४३८७१९२
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

कर्पोरेट

एनआइसी एसियाले दियो डेढ सय विद्यार्थीलाई शैक्षिक सामग्री



काठमाडौं/ एनआइसी एसिया बैंकले डेढ सय विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण गरेको छ। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत तिलगंगा, काठमाडौंस्थित शान्ति सेवागृहमा रहेका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको हो। यसको उद्देश्य विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धि तथा पठनपाठनमा सहयोग गर्ने रहेको छ।

बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुजितकुमार शाक्य तथा नायब प्रमुख कार्यकारी अधिकृत सन्तोषकुमार राठीले झोला तथा अन्य शैक्षिक सामग्री उक्त संस्थाकी प्रबन्ध निर्देशक अप्सरा कार्कीलाई एक कार्यक्रमबिच हस्तान्तरण गरे। बैंकले यसै वर्ष सातै प्रदेशका विभिन्न सरकारी तथा सामुदायिक विद्यालयमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययनरत गरिब, जेहेनदार, विपन्न, पिछडिएका वर्ग तथा शारीरिक रूपमा विशेष क्षमता भएका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ।

साथै, विगतका वर्षमा पनि बैंकले सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति पनि प्रदान गरिएको जनाएको छ। यसका साथै बैंकले सातै प्रदेशका विभिन्न सरकारी तथा सामुदायिक विद्यालयमा पुस्तकालय भवन निर्माण गरी पुस्तकालय स्थापना गरिसकेको छ।

केजे ५०० जी र केजे ४०० जी-जेड१ प्रो नेपाली बजारमा



काठमाडौं/ अहिले देशभर वायु प्रदूषण चिन्ताजनक रूपमा बढ्दै गएको छ। यसैलाई ध्यानमा राखेर माइडियाले घर तथा कार्यालयभित्र स्वच्छ हावा कायम राख्न दुईवटा मोडेलका एयर प्युरिफायर सार्वजनिक गरेको हो। कम्पनीले केजे ५००जी-एफ११ र केजे४०० जी-जेड१ प्रो नेपाली बजारमा ल्याएको हो।

कम्पनीका अनुसार ५००जी-एफ११ मोडेल ६६ वर्गमिटरसम्मका कोठा वा हलका लागि उपयुक्त हुनेछ। यसले प्रतिघण्टा चार सय ५० घनमिटर एयर डेलिभरी गर्ने दर छ। साथै, एच-१३ एचपिए फिल्टरमार्फत हावामा रहेका ९९.९७ प्रतिशत सूक्ष्म कण हटाउनुका साथै प्लाज्मा स्टेरिलाइजेसन प्रविधिमार्फत ब्याक्टेरिया तथा भाइरस नष्ट गर्न सकिने कम्पनीले जनाएको छ।


साथै, केजे४००जी-जेड१ प्रो मोडेल ५५ वर्गमिटर क्षेत्रफलसम्मका साना कोठा तथा अपार्टमेन्टका लागि उपयुक्त हुने कम्पनीको भनाइ छ। प्रतिघण्टा तीन सय ८० घनमिटर एयर डेलिभरी हुने यो मोडेल यसमा न्यूनतम ३० डेसिबल आवाजमा सञ्चालन हुने कम्पनीले जनाएको छ।

दुवै मोडेलमा एयर क्वालिटी इन्डिकेटर, फिल्टर लाइफ इन्डिकेटर, टाइमर, टर्बो मोड तथा साइलेन्ट मोडजस्ता सुविधा उपलब्ध रहेको कम्पनीले जनाएको छ। सिजी इलेक्ट्रोनिक्सले यी उत्पादन बिक्री-वितरण गर्दै आएको छ।

माइडियाका पाँचवटा मोडेलका इन्डक्सन हब बजारमा

काठमाडौं/ अन्तर्राष्ट्रिय घरेलु उपकरण ब्रान्ड माइडियाले पाँचवटा मोडेलका इन्डक्सन हब बजारमा ल्याएको छ। कम्पनीका अनुसार पछिल्लो समय मध्यपूर्व क्षेत्रमा बढ्दो तनावका कारण विश्वव्यापी ऊर्जा आपूर्ति प्रणालीमा अनिश्चितता बढेको छ। तेल तथा ग्यास ढुवानी हुने प्रमुख समुद्री मार्गहरूमा अवरोधको सम्भावना बढेपछि अन्तर्राष्ट्रिय बजारमा इन्धन आपूर्ति अस्थिर हुने चिन्ता देखिएको छ। यसैलाई लक्षित गरी कम्पनीले इन्डक्सन हबलाई ग्यासको प्रभावकारी वैकल्पिक समाधानका रूपमा नेपाली बजारमा उपलब्ध गराएको जनाएको छ। विद्युतीय चुम्बकीय प्रविधिमा सञ्चालन हुने इन्डक्सन हबले छिटो, सुरक्षित तथा ऊर्जा दक्ष तरिकाले खाना पकाउन सहयोग गर्ने कम्पनीको भनाइ छ।


माइडियाका इन्डक्सन हबमा टच कन्ट्रोल तथा पुसबटन कन्ट्रोल प्रणाली, ठुलो कुकिङ जोन, तापक्रमको विभिन्न स्तरमा नियन्त्रण गर्ने सुविधा, टाइमर सेटिङ, ऊर्जा बचत प्रविधि, ओभरहिटिङ प्रोटेक्सन तथा मल्टिपल सेफ्टी प्रणालीजस्ता आधुनिक विशेषता समावेश गरिएका छन्। कम आवाजमा सञ्चालन हुने डिजाइन र विभिन्न प्रकारका भाँडा प्रयोग गर्न मिल्ने संरचनाले दैनिक प्रयोगलाई सहज बनाउने बताइएको छ।



कम्पनीले एमसी-सिएलसी२२ डब्ल्यू १५, भिएस२१३-इएमसी, आरटिवाई २०१४, एसकेवाई१९१४ र एमसी-३डी ३००१आर२१२ मोडेल बजारमा ल्याएको हो। यी मोडेल फरक-फरक पावर क्षमतासहित उपलब्ध हुने र सबै उत्पादनमा २४ महिनाको वारेन्टी दिइने बताइएको छ। यी सबै उत्पादन सिजी इलेक्ट्रोनिक्समार्फत उपलब्ध हुनेछन्।

बेकोको फ्री एसी सर्भिस क्याम्प

काठमाडौं/ अन्तर्राष्ट्रिय होम एप्लायन्स ब्रान्ड बेकोले फ्री एसी सर्भिस क्याम्प अभियान सार्वजनिक गरेको छ। सिजी इलेक्ट्रोनिक्समार्फत सञ्चालन हुने यस अभियानले गर्मी मौसम सुरु हुनुअघि ग्राहकका एयर कन्डिसनरलाई उत्कृष्ट अवस्थामा राख्ने तथा नयाँ प्रविधियुक्त एसीमा अपग्रेड गर्ने अवसर प्रदान गर्ने कम्पनीले जनाएको छ।



अभियानअन्तर्गत ग्राहकले आफ्नो एसीको निःशुल्क जाँच गराउनुका साथै सर्भिस सुविधा पनि प्राप्त गर्न सक्नेछन्। नियमित सर्भिसले एसीको कुलिङ क्षमता सुधार गर्नुका साथै उपकरणको आयु बढाउन सहयोग गर्ने कम्पनीको दाबी छ।

अभियानका क्रममा ग्राहकले सर्भिस चार्ज पूर्ण रूपमा निःशुल्क पाउनेछन् भने आवश्यक पर्ने स्पेयर पार्टस्मा ५० प्रतिशतसम्म छुट उपलब्ध हुने बताइएको छ। साथै, नयाँ बेको एसी खरिद गर्ने ग्राहकले २० प्रतिशतसम्म विशेष छुट पाउनेछन्।

त्यसैगरी, एक्सचेन्ज अफरमा जुनसुकै ब्रान्डको पुरानो एसी साटेर नयाँ बेको एसी खरिद गर्न सकिनेछ। यसमा पनि ५० प्रतिशतसम्म अतिरिक्त मूल्यांकन हुने बताइएको छ। यसले कम खर्चमा आधुनिक तथा ऊर्जा दक्ष एसी प्रयोग गर्ने अवसर प्रदान गर्ने विश्वास गरिएको छ।

त्यसैगरी, नयाँ बेको एसी खरिद गर्दा ग्राहकले चार हजार रुपैयाँबराबरको निःशुल्क जडान सेवा प्राप्त गर्नेछन्। साथै, भविष्यको सेवालाई सहज बनाउन तीन हजार रुपैयाँबराबरका दुईवटा सर्भिस कुपन पनि उपलब्ध गराइने र ती कुपन ६ महिनासम्म प्रयोग गर्न सकिने कम्पनीको भनाइ छ।

रेडमी नोट १५ फाइभ-जी सार्वजनिक

काठमाडौं/ प्रविधि कम्पनी साओमीले नयाँ स्मार्टफोन रेडमी नोट १५ फाइभ-जी नेपालमा सार्वजनिक गरेको छ। यो स्मार्टफोन अल्ट्रा-स्लिम डिजाइन, बलियो ब्याट्री, उच्च प्रदर्शन र प्रिमियम फिचरसहित प्रयोगकर्ताका लागि एक उत्कृष्ट स्मार्ट फोन भएको कम्पनीले जनाएको छ। नोट १५ फाइभ-जी तीन आकर्षक रङ ब्ल्याक, ग्लेसियर ब्लु र मिस्ट पर्पल कलरमा उपलब्ध हुनेछ। जसमा मिस्ट पर्पल कलर प्रयोगकर्तामाझ सबैभन्दा लोकप्रिय बनेको छ। रेडमी सिरिजकै पातलो यो डिभाइसले आकर्षक लुक प्रदान गर्ने कम्पनीले जनाएको छ। यो स्मार्टफोनमा रहेको ५५२० मेगाहर्ज ब्याट्रीका कारण दुई दिनसम्म चार्ज टिकेछ। स्मार्ट चार्जिङ इन्जिनले ब्याट्रीको आयु लामो बनाउनुका साथै ४५ वाट टर्बो चार्जिङले छिट्टै फुलचार्ज हुने बताइएको छ। एकैपटकमा २१ घण्टासम्म भिडियो प्ले वा १० घण्टासम्म भिडियो रेकर्डिङ गर्न सकिने कम्पनीले जनाएको छ।



नोट १५ मा ६.७७-इन्च ओएलइडी डिस्प्ले र ३२०० निट्स ब्राइटनेसका साथ यसले घाममा पनि स्पष्ट दृश्य प्रदान गर्ने बताइएको छ। यस्तै, फोटोग्राफी र मनोरञ्जनका लागि १८० मेगापिक्सेलको मुख्य क्यामरा, ८ मेगापिक्सेल अल्ट्रा-वाइड क्यामरा र २० मेगापिक्सेलको फ्रन्ट क्यामरा रहेको छ। बिल्ट-इन इमेज स्टेबलाइजेसन र एआई सक्षम फिचरले व्यावसायिकस्तरको स्पष्टता र विवरण दिने कम्पनीको दाबी छ। कम्पनीका अनुसार यो स्मार्टफोन १२/५१२ जिबीको मूल्य ४६ हजार नौ सय ९९ र ८/२५६ जिबीको मूल्य ३९ हजार नौ सय ९९ तोकिएको छ।

Request for Proposal (RFP)

Date of Publication: 15th March 2026

SuryaJyoti Life Insurance Company Limited (SJLIC) hereby invites sealed proposals/bids from eligible, qualified, and experienced company/firms for the procurement of server infrastructure and associated solutions, in accordance with the specifications, terms and conditions outlined in SJLIC's approved Request for Proposal (RFP) document.

Subject: "Supply, Delivery, and Implementation of Server Infrastructure"

S.N.	Description	Qty.
1	Rack Server	2
2	HCI Infrastructure License	1 lot

Bid Documents may be purchased from the office mentioned below upon payment of a non-refundable fee of NPR 2,000 (In words: Two thousand rupees only). The payment shall be made through bank transfer, QR or deposit into SuryaJyoti Life Insurance Company Limited's designated bank account and RFP will be provided upon email request with screenshot of Voucher at bid@suryajyotilife.com.

The Request for Proposal (RFP) document shall be provided to the bidder upon submission of the original receipt/voucher evidencing the deposited amount in the name of the Purchaser.

Interested and eligible company/firms are requested to submit their sealed proposals(physical), as defined in the RFP document, to SuryaJyoti Life Insurance Company Limited within **Fifteen (15) days** from the date of publication of this notice.

Contact No.: 9801238438/9802332997

Bank Account Details:
Account Name: **SURYAJYOTI LIFE INSURANCE COMPANY LIMITED**
Account Number: **5441249664152401**
Bank Name: **NIC ASIA BANK LTD**
Bank Branch: **THAPATHALI**

Sealed BID to be submitted at:
Administration Department
SuryaJyoti Life Company Limited
Shanta Plaza, Gyaneshwor, Kathmandu, Nepal

(Note: SuryaJyoti Life Insurance Company Limited reserves all the rights to reject any or all the proposals without mentioning any reason. Other detail of BID process and Terms & Condition will be applied as per the RFP documents.)

SuryaJyoti जीवनको लागि
SuryaJyoti Life Insurance Company Limited
Level 2, Shanta Plaza, Gyaneshwor, Kathmandu
01-4545941/42
www.suryajyotilife.com

का.नि.इ.नं.१२८/०६३/६४, म.के.हु.नि.इ.न. १७/०६९/०७७

नयाँ पत्रिका

■ एन्फा निर्वाचन विवाद

राखेपको निर्देशन लत्याउँदै उम्मेदवारहरूको नामावली प्रकाशन

दुईपटकसम्म राखेपले जिल्ला र प्रदेशको निर्वाचनसँगै ११ बुँदा संशोधन गरेर मात्रै केन्द्रको निर्वाचन गर्न निर्देशन दिए पनि एन्फा नेतृत्वको अटेरी

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाली खेलकुदको नियामक निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप)को निर्देशनलाई लत्याउँदै अखिल नेपाल फुटबल संघ (एन्फा)ले निर्वाचनमा सहभागी हुने उम्मेदवारहरूको नामावली प्रकाशन गरेको छ। एन्फाले १३ चैतमा झापामा 'अर्ली निर्वाचन' गर्दै छ।

शनिबार दाबी-विरोधपछि पुनरावेदन समितिको निर्णय भन्दै एन्फा निर्वाचन समिति सदस्यसचिव लोकेन्द्र ओलीले उम्मेदवारहरूको नामावली प्रकाशन गरेका छन्। सदस्यसचिव ओलीका अनुसार अध्यक्ष (१), वरिष्ठ उपाध्यक्ष (१), उपाध्यक्ष (४), सदस्य (१३) तथा महिला सदस्य (२) जनाका लागि ४६ जना प्रतिस्पर्धा गर्दै छन्।

तर, दुईपटकसम्म राखेपले ११ बुँदा संशोधन गरेर मात्रै निर्वाचन गर्न निर्देशन दिए पनि एन्फाले मानेको छैन। गत पुसमा पहिलोपटक राखेपले एन्फालाई जिल्लासहित प्रदेशको निर्वाचन गरेर मात्रै केन्द्रको निर्वाचन गर्न निर्देशन दिएको थियो। २५ फागुनमा राखेपले दोस्रोपटक एन्फालाई पत्र काट्दै ११ बुँदा संशोधन नभएसम्म साधारणसभा र निर्वाचन स्थगित गर्न आदेश दिएको थियो। तर, एन्फाले राखेपको आदेश अटेरी गर्दै निर्वाचन नरोक्ने छाँटकाँट देखाएको छ।

एन्फाले शनिबार नै विभिन्न पाँच पदका लागि उम्मेदवारी दिएका ४७ जनाको नाम सार्वजनिक गरेको छ। मतदानका लागि एन्फाले ४५ जिल्ला, तीन डिभिजन लिग क्लबका विभिन्न प्रतिनिधि, चार संघसहित ८८ मतदाताको नाम सार्वजनिक गरेको छ।

अदालतमा मुद्दा, राखेपमा उजुरी

अध्यक्ष पंकजविक्रम नेम्वाङ नेतृत्वको एन्फाको कार्यकाल आगामी ६ असारमा सकिँदै छ। तर, उनी जिल्ला र प्रदेशको निर्वाचनविनै केन्द्रको चुनाव गर्दै दोस्रो कार्यकाल अध्यक्ष हुने दाउमा छन्। त्यसपछि एन्फाकै केही पदाधिकारी र जिल्ला फुटबल संघका प्रतिनिधिहरू राखेपसहित उच्च अदालत पाटन पुगेका थिए। उनीहरूले जिल्ला र प्रदेशको निर्वाचनपछि मात्रै केन्द्रको निर्वाचन हुनुपर्ने माग राखेका थिए।

त्यसपछि राखेपले ११ बुँदा संशोधन गरेर मात्रै निर्वाचन गर्न आदेश दिएको थियो। गोरखा जिल्ला फुटबल संघका प्रतिनिधि अमित खत्रीले निर्वाचनमा सहभागी हुन पाउनुपर्ने आफ्नो अधिकार हनन भएको भन्दै अदालत पुगेका थिए। त्यसपछि एन्फाको निर्वाचन प्रक्रिया अघि नबढाउन अदालतले अन्तरिम आदेश पनि दिएको थियो। त्यसविपरीत पनि एन्फाले निर्वाचन प्रक्रिया बढायो।

निर्वाचन आयोगले गत २१ फागुनको प्रतिनिधिसभा निर्वाचनलाई असर गर्ने भन्दै २८ फागुनमा घोषणा गरिएको निर्वाचन रोकेपछि एन्फाले दोस्रोपटक निर्वाचनको मिति घोषणा गरेको थियो।

सिं. नं.	नाम
अध्यक्ष १ मात्र	
१.	पंकजविक्रम नेम्वाङ
२	दीर्घबहादुर (कुमार) केसी
वरिष्ठ उपाध्यक्ष १ मात्र	
१.	दावा लामा
२.	सुन्दरनरसिंह जोशी
३.	दीपक खतिवडा
उपाध्यक्ष ४ मात्र	
१.	विकासनारायण श्रेष्ठ
२.	मनीष जोशी
३.	अनिल मल्ल
४.	पेमा डोल्मा लामा
५.	विश्वासविक्रम शाह
६.	अनिल श्रेष्ठ
७.	उत्तमराज भण्डारी
८.	महेन्द्र क्षेत्री
९.	विजय घले
१०.	गणेशबहादुर चन्द
सदस्य १३ मात्र	
१	प्रवीणकुमार सुवाल
२	पुरुषोत्तम थापामगर
३	भोजराज शाही
४	मणिराज विष्ट
५	दीपेन्द्र धिमाल
६	प्रवीणकुमार यादव
७	प्रमोदकुमार मानन्धर
८	भरतबहादुर बुढाथापा
९	टीकाराम लामा
१०	सागर मैनाली
११	नीरजबहादुर साउत क्षेत्री
१२	जयकृष्ण श्रेष्ठ
१३	रमेश व्यञ्जनकार
१४	सत्यभक्त पालिखे
१५	राजु हायु
१६	लोकेन्द्र गुरुङ
१७	कपिल रानामगर
१८	सेतबहादुर पुन
१९	बाबुकाजी बस्नेत
२०	सञ्जीव बुढाथोकी
२१	कल्याणकुमार खड्का
२२	विनोद गुरुङ
२३	केशवकुमार कार्की
२४	देवनारायण चित्रकार
२५	भगवानबहादुर दर्लामीमगर
२६	ठाकुरबहादुर सुस्लिङ
२७	मणिकुमार लिम्बू
२८	सञ्जात धिताल
महिला सदस्य दुई मात्र	
१	सरिला श्रेष्ठ मलेकु
२	विन्द्रा देवान
३	कमला हिराचन ठकुरी
४	लीलामाया थापा



पंकजविक्रम नेम्वाङ



दीर्घबहादुर (कुमार) केसी

दुई समूह प्रतिस्पर्धा गर्ने पक्का

राखेपको निर्देशन अटेरी गर्दै एन्फामा दुई समूह प्रतिस्पर्धामा उत्रने भएका छन्। अध्यक्षमा नेम्वाङ र वर्तमान उपाध्यक्ष दीर्घबहादुर केसी प्रतिस्पर्धा गर्दै छन्। दुवैले आ-आफ्नो समूह बनाएका छन्। यसअघि नै अध्यक्षमा उम्मेदवारी दिने घोषणा गरेका वर्तमान उपाध्यक्ष विराटजंग शाहीले भने उम्मेदवारी दर्ता गरेनन्। उनले राखेपको निर्देशनविपरीत निर्वाचनमा सहभागी हुन नसकिने बताएका छन्।

उनीसँगै वर्तमान कार्यसमितिबाट केही सदस्यले उम्मेदवारी नै दिनेछैनन्। एक वरिष्ठ उपाध्यक्षका लागि तीन नाम दाबेदारीमा परेको छ। वर्तमान उपाध्यक्ष दावा लामा र दीपक खतिवडासहित सुन्दरनरसिंह जोशी प्रतिस्पर्धामा छन्। लामा नेम्वाङ र जोशी केसीको पक्षमा खुलेका छन्। खतिवडा भने सुरुमा नेम्वाङको पक्षमा भए पनि अहिले त्यस टिममा रहेका छैनन्।

■ राष्ट्रिय लिग

दसौँ खेलमा आएर जनजागृतिले जोड्यो अंक

मोफसलमा सहभागिता जनाउँदै आएको जनजागृतिले पहिलोपटक माथिल्लो लिग खेलिरहेको हो

नयाँ पत्रिका

नयाँ टोली नव जनजागृति युवा क्लबले राष्ट्रिय लिगको दशौँ खेलमा आएर पहिलो अंक जोडेको छ। शनिबार सातदोबाटोस्थित एन्फा मुख्यालयमा भएको आफ्नो दशौँ खेलमा जनजागृतिले सातदोबाटो युवा क्लबसँग १-१ को बराबरी खेल्दै एक अंक जोडेको हो। राष्ट्रिय लिगको ८५औँ खेलमा जनजागृतिले अग्रता बनाएपछि त्यसलाई जोगाउन सकेन र अंक बाँढ्न पुग्यो। यदि अग्रता जोगाएको भए, टिमले राष्ट्रिय लिगमा पहिलो जित निकाल्ने थियो।

मोफसल प्रतियोगितामा सहभागिता जनाउँदै आएको नव जनजागृतिले पहिलोपटक माथिल्लो लिग खेलेको हो। हेटौँडामा भएको एन्फा प्रेसिडेन्ट लिगबाट जन जनजागृतीसहित चार क्लब राष्ट्रिय लिगमा छनोट भएका थिए।

अंमर डंगोलजस्ता अनुभवी खेलाडी समावेश गरेर राष्ट्रिय लिग खेल्न आएको क्लब स्वाभाविक लय भने पाउन सकेन। जनजागृतिले १०औँ खेलमा आएर अंकको खाता खोलेको हो। उसले १० खेलमा खेल्दा मात्र ९ गोल गरेको छ। विपक्षीबाट ३४ गोल व्यहोरेको छ। उता सातदोबाटो सातौँ खेलसम्म पनि जितविहीन रह्यो। सातदोबाटोले आफ्नो तेस्रो खेलमा मनाङ मस्र्याङ्दीविरुद्ध १-० को संघर्षपूर्ण जित हासिल गरेपछि हालसम्म जित निकाल्न सकेको छ। सातदोबाटोले तीन हार र चार बराबरी खेलेको छ।

जनजागृतिको अग्रता

जनजागृतिले विक्रम थोकरको गोलमार्फत खेलको २६औँ मिनेटमा अग्रता लिएको थियो। पहिलो हाफमा त्यसलाई टिमले जोगाउन सफल भयो। तर, दोस्रो हाफमा भने टोली अग्रता जोगाउन सकेन। दोस्रो हाफको तेस्रो मिनेटमै अरुण लामाले सातदोबाटोलाई खेलमा फर्काएका थिए। त्यसपछि दुवै टोलीबाट गोल नहुँदा खेल बराबरीमा सकिएको थियो।



श्री भगवतीको प्रदर्शन

विपक्षी	नतिजा
चित्लाङ एफसी	१-२ को हार
लालीगुँरास एसोसिएसन	१-४ को हार
श्री भगवती क्लब	१-५ को हार
चर्च ब्वाइज युनाइटेड	१-६ को हार
जावलाखेल युथ क्लब	०-४ को हार
एपिएफ क्लब	१-४ को हार
नेपाल पुलस	०-७ को हार
त्रिभुवन आर्मी	०-३ को हार
मच्छिन्द्र एफसी	०-४ को हार
सातदोबाटो युथ	१-२ को बराबरी

अञ्जनको गोलमा टच्यो हार

दिनको दोस्रो खेलमा न्युरोड टिम एनआरटी र श्री भगवती क्लबले १-१ को बराबरी खेलेका छन्। खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो। दोस्रो हाफमा पहिलोपटक राष्ट्रिय लिग खेलिरहेको श्री भगवती टोखाले अग्रता बनायो। विदेशी खेलाडी बाख्रोमजोन तुर्गुन्पोलातोपले अग्रता दिलाए। उनले खेलको ६६औँ मिनेटमा गोल गरेका थिए। तर, इन्जुरी समयमा कप्तान अञ्जन विष्टले एनआरटीको हार टारेका थिए। खेलको ९० मिनेटसम्म श्री भगवती १-० ले अगाडि थियो। ११औँ खेलमा पाँच जितपछि २० अंक जोडेको एनआरटी सातौँ स्थानमा छ। श्री भगवती क्लब भने तेस्रो जित निकाल्नबाट वञ्चित भयो।

खेल संक्षेप

हाफ म्याराथनमा सन्तोषी पहिलो

काठमाडौं/ सन्तोषी श्रेष्ठले काठमाडौं पिंक केयराथन (हाफ म्याराथन)को उपाधि जितेकी छिन्। शनिबार नेपाल रन एवं धादिङकी सन्तोषीले निर्धारित २१ किलोमिटर दौड एक घण्टा २१ मिनेट ११ सेकेन्डमा दौड पूरा गर्दै उपाधि जितेकी हुन्। सन्तोषीले १३औँ दक्षिण एसियाली खेलकुद (साग) १० हजार मिटर दौडमा स्वर्ण पदक जितेकी थिइन्। त्रिभुवन आर्मी क्लबकी राजलक्ष्मी थापा एक घण्टा २८ मिनेट ०१ सेकेन्डसहित दोस्रो भइन्। एक घण्टा २९ मिनेट ५९ सेकेन्डमा पूरा गर्दै तेस्रो भइन्। एपिएफकी सुशीला महत चौथो र गोरखाकी गिता नेपाली पाँचौं भइन्। लेजरपोर्ट नेपालले आयोजना गरेको काठमाडौं पिंक केयराथन जावलाखेल फुटबल मैदानमा सुरु भएर विभिन्न ठाउँमा हुँदै पुनः सोही ठाउँमा पुगेर टुंगिएको थियो। पिंक केयराथनले १० किलोमिटर दौड तथा ५ र ३ किलोमिटरका फन रन पनि समावेश थियो। हाफ म्याराथनको विजेता ५१ हजार, दोस्रोले ३१ हजार र तेस्रोले २१ हजार रुपैयाँ प्राप्त गरेका छन्।

ढल्को टिमलाई उपाधि

काठमाडौं/ ढल्को तेक्वान्दो डोजाङले प्रथम नागार्जुन उपमेयर कप तथा १२औँ सीतापाइला काठमाडौं जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिताको उपाधि शनिबार जितेको छ। ढल्को ७ स्वर्ण, ४ रजत र ३ कांस्य पदक जित्दै टिम च्याम्पियन बन्यो। सीतापाइला तेक्वान्दो डोजाङद्वारा आयोजित प्रतियोगितामा ६ स्वर्ण, ४ रजत र १ कांस्यसाथ लायन मार्सल आर्ट्स दोस्रो भयो। तेस्रो स्थानको गोर्खाली तेक्वान्दो डोजाङले ४ स्वर्ण, १ रजत र १ कांस्य हात पाऱ्यो। पहिलो हुनेले ५० हजार, दोस्रोले ३० हजार र तेस्रोले २० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरे। पुरुषमा सीतापाइलाका मोहम्मद सामी तथा महिलामा ढल्कोकी दीक्षा तामाङ उत्कृष्ट खेलाडी घोषित भए। दुवैले जनही १० हजार नगद पुरस्कार हात पारे। दुईदिने प्रतियोगितामा करिब ६ सय खेलाडीले २८ स्वर्णका लागि प्रतिस्पर्धा गरेको आयोजकले जनाएको छ।

मित्रश्री विद्यालय स्केटिङ च्याम्पियन

काठमाडौं/ प्रथम डाइनामिक कप इनलाइन स्केटिङ स्पिड च्याम्पियनसिप शनिबार भक्तपुरको गुन्डुस्थित काठमाडौं वर्ल्ड स्कुलमा सम्पन्न भएको छ। प्रतियोगितामा जुनियर तथा सिनियर विधाका खेलाडीको सहभागिता रहेको थियो। सो प्रतियोगितामा मित्रश्री विद्यालयले प्रथम, जनप्रेमी विद्यालयले दोस्रो र सिवर्ड विद्यालयले तेस्रो स्थान हात पार्न सफल भए। तीनवटा विद्यालयबाट २५० खेलाडीको सहभागिता थियो। प्रतियोगिता डाइनामिक स्केट क्लब भक्तपुर तथा नेपाल स्केटिङ तथा स्केटबोर्डिङ एसोसिएसनको सहयोगमा भएको हो। कार्यक्रममा बोल्दै राष्ट्रिय खेलकुदका परिषद्का पूर्वसदस्यसचिव टंकलाल घिसिङले स्केटिङ खेल निकै लोकप्रिय हुँदै गएकाले ओलम्पिकमा छनोट हुने सम्भावना रहेको चर्चा गरेका थिए।

विपना र अरहान्तलाई प्रेसिडेन्ट कप

काठमाडौं / विपना ब्लोन र अरहान्त केशर सिंहले दोस्रो एनएसआरए प्रेसिडेन्ट कप स्वास राष्ट्रिय लिगको उपाधि जितेका छन्। विपना र अरहान्त लगातार दोस्रो वर्ष च्याम्पियन बनेका हुन्। योसँगै उनीहरूले अर्को वर्ष ०८३ सम्मका लागि आफ्नो वरीयता यथावत् राख्न सफल भएका छन्। नेपाल स्वास एन्ड र्याकेट्स संघको आयोजनामा सातदोबाटोस्थित संघको आफ्नै भवनमा रहेको स्वास कोर्टमा शनिबार भएको महिला एकलतर्फको अन्तिम खेलमा विपनाले दोस्रो वरियताकी स्वस्थानी श्रेष्ठलाई ३-० को सोझो सेटमा पराजित गरिन्। विपना ११-५, १२-१० र ११-५ ले विजयी भइन्। उनी अपराजित रहँदै उपाधि जित्न सफल भइन्। त्यस्तै पुरुष एकलको फाइनलमा अरहान्तले अमृत थापामगरमाथि ३-२ को सेटमा पुनरागमन जित निकाल्दै उपाधि जितेका हुन्। राउन्ड रोबिन लिगको आधारमा फागुन २४ गते सुरु भएको प्रतियोगितामा पुरुषतर्फ १२ र महिलामा १० खेलाडीको सहभागिता थियो।

गोल्डेनगेटले हाउन्ड्सलाई हरायो



काठमाडौं/ हिमालयन जाभा नेसनल बास्केटबल लिग (एचजेएनबिएल) २०२६ गोल्डेनगेट इन्टरनेसनल क्लबले केभिसी हाउन्ड्समाथि रोमाञ्चक जित हात पारेको छ। शनिबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको कभर्डहलमा भएको खेलमा गोल्डेनगेटले हाउन्ड्सलाई ९१-८७ ले पराजित गरेको हो। निकै प्रतिस्पर्धात्मक खेलमा गोल्डेनगेटले पहिलो क्वार्टरमा २५-१६ को अग्रता लिएको थियो। दोस्रो क्वार्टरमा पुनरागमन गर्दै हाउन्ड्सले ३०-२० ले आफ्नो पक्षमा पार्दै हाफटाइमसम्म ४६-४५ को अग्रता बनाएको थियो। तर, तेस्रो क्वार्टरमा गोल्डेनगेटले २६-२१ ले आफ्नो पक्षमा पारेपछि समग्रमा ७१-६७ को अग्रता बनायो। चौथो क्वार्टर २०-२० को बराबरीमा सकिएपछि त्यही चार अंकको अग्रता कायम राख्दै गोल्डेनगेटले जित हासिल गरेको हो।

'एसियन गेम्स फन रन' सम्पन्न



काठमाडौं/ आसन्न २० औँ एसियाली खेलकुदको प्रचार-प्रसारका लागि नेपाल ओलम्पिक कमिटी (एनओसी)ले आयोजना गरेको 'एसियन गेम्स फन रन' शनिबार सम्पन्न भएको छ। फन रन बिहान एनओसीपरिसरबाट ललितपुर महानगरपालिकाकी उपमेयर मञ्जली शाक्य बज्राचार्यको विशेष उपस्थितिमा राष्ट्रिय गानपछि औपचारिक रूपमा सुरु गरिएको थियो। करिब तीन किलोमिटर दूरीको उक्त रन एनओसी भवनबाट सुरु भई ग्वार्को, प्रभात स्कुल, तुलसी, कनिबहाल चोक, लगनखेल हुँदै मंगलबजार पुगेपछि समापन भएको थियो। रनमा खेलाडी, प्रशिक्षक, ओलम्पियन, खेल पदाधिकारी, सुरक्षा निकायका प्रतिनिधि, विद्यार्थी तथा खेलप्रेमीको उल्लेख्य सहभागिता थियो।

मंगलबजारमा सहभागीहरूलाई परम्परागत नृत्यका साथ स्वागत गरिएको थियो। त्यसपछि 'धिमे बाजा'सहित सांस्कृतिक प्रदर्शनी र नृत्य प्रस्तुत गरिएको थियो। सांस्कृतिक प्रदर्शनीपछि कार्यक्रमलाई सफल बनाउने सबै सरोकारवालालाई प्रमाणपत्र प्रदान गरिएको थियो। अन्त्यमा एनओसी महासचिव राजीव श्रेष्ठको 'क्लोजिङ रिमार्क'पछि कार्यक्रमको समापन भएको थियो।

एसियाली खेलकुदको भावना, एकता र सहभागितालाई प्रवर्द्धन गर्ने उद्देश्यले ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)को पहलमा एसियाका विभिन्न देशमा 'एसियन गेम्स फन रन' आयोजना हुँदै आएको छ। नेपालमा यस फन रन तेस्रोपटक आयोजना गरिएको हो। २०औँ एसियाली खेलकुद जापानको आइची नागोया सहरमा सेप्टेम्बर १९ देखि अक्टोबर ४ सम्म हुनेछ।

■ पिएम कप छनोट

सेमिफाइनल समीकरण पूरा

कास्की/ तनहुँ जिल्ला र नवलपुर जिल्लाले पोखरामा चलिरहेको प्रधानमन्त्री (पिएम) कप गण्डकी प्रदेशस्तरीय क्रिकेट छनोट प्रतियोगितामा जित हात पारेका छन्। गण्डकी प्रदेश क्रिकेट संघको आयोजनामा पोखरा रंगशाला क्रिकेट मैदानमा तनहुँले पर्वतलाई ९३ रन र दोस्रो खेलमा नवलपुरले बागलुङलाई ९३ रनले पराजित गरेका छन्।

शनिबार पहिलो खेलमा टस जितेर ब्याटिङ रोजेको तनहुँले ३९.३ ओभरमा सबै विकेट गुमाएर १४८ रनको लक्ष्य दियो। प्रत्युत्तरमा पर्वत १८.५ ओभरमा अलआउट हुँदा जम्मा ५४ रनमा समेटियो। दोस्रो खेलमा टस जितेर ब्याटिङ रोजेको नवलपुरले ३७.५ ओभरमा सबै विकेट गुमाएर २०३ रनको लक्ष्य थियो।

जवाफी ब्याटिङका लागि मैदान उत्रेको बागलुङ ३२.५ ओभर अलआउट हुँदै जम्मा १०९ रनमा समेटिन पुगेको थियो। तेस्रो दिनको खेलसँगै लिग चरणका प्रतिस्पर्धा सम्पन्न भएका छन्। लिग चरणका खेल सकिएसँगै सेमिफाइनल पुग्ने चार टोलीको समेत टुंगो लागेको छ। जसअनुसार अंकतालिकामा समूह 'ए'को शीर्ष स्थानमा रहेको कास्कीले समूह 'बी'को उपविजेता तनहुँसँग फाइनल प्रवेशका लागि भिड्नेछ।

उता समूह 'बी'को शीर्ष स्थानमा रहेको स्याङ्जाले समूह 'ए'को नवलपुरसँग फाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्नेछन्।



काठमाडौंको अपराजित यात्रा कायम

सोनु देवकोटाको अलराउन्ड प्रदर्शनमा प्रधानमन्त्री कप एकदिवसिय प्रतियोगिताको बागमती प्रदेश छनोट प्रतियोगितामा ललितपुरलाई हराउँदै काठमाडौंले अपराजित यात्रालाई कायम राखेको छ। काठमाडौंले पाँचौं खेलमा पनि अपराजित यात्रा कायम राख्ने क्रममा शनिबार माथिल्लो मूलपानी मैदानमा ललितपुर ७९ रनले पराजित भएको हो। ललितपुरको अपराजित यात्रामा पूर्णविराम लगाएको काठमाडौं जितका साथ प्रतियोगिताको फाइनलनजिक पुगेको हो। काठमाडौंको जितमा ब्याटिङतर्फ सोनु देवकोटा सर्वाधिक ७२ तथा उत्तम थापामगर ७१ रनमा आउट भए। बलिङतर्फ काठमाडौं सोनु र दयानन्द मण्डलले समान चार विकेट लिए। लगातार पाँच जितसहित १० अंक बनाएको काठमाडौं शीर्ष स्थानमा छ। हारका बाबजुद पनि ललितपुर समान खेलमा आठ अंकका साथ दोस्रो स्थानमा छ।

आजै भएको अर्को खेलमा पाँचौ खेलमा तेस्रो जित हात पार्ने क्रममा भक्तपुरले अंकविहीन नुवाकोटलाई १६४ रनले पराजित गऱ्यो। ५ खेलमा ६ अंकका साथ भक्तपुर तेस्रो स्थानमा रहेको छ। ५ खेल खेलिसकेको नुवाकोट अझै अंकविहीन रहेको छ। प्रतियोगितामा बागमती प्रदेशका ६ (काठमाडौं, ललितपुर, भक्तपुर, मकवानपुर, चितवन र नुवाकोट) जिल्ला तथा त्रिभुवन विश्वविद्यालयको टोली सहभागिता छ। टियू क्रिकेट रंगशाला र माथिल्लो तथा तल्लो मूलपानीमा सञ्चालन हुने प्रतियोगिताका उत्कृष्ट खेलाडीहरूले प्रधानमन्त्री कप राष्ट्रिय एकदिवसीय प्रतियोगितामा बागमती प्रदेशको प्रतिनिधित्व गर्नेछन्।

नवीन सम्मानित

काठमाडौं/ चेस बोर्डमा ४३ वर्षयता नियमित चुनौती दिइरहेका नवीन तन्डुकारलाई हिमालयन लाइफटाइम अचिभमेन्ट अवार्ड प्रदान गरिएको छ। उक्त अवार्ड हिमालयन चेस एकेडेमीको दोस्रो वार्षिकोत्सवको अवसरमा शनिबार प्रदान गरिएको हो। कार्यक्रममा २०४५ साल (सन् १९८८) को राष्ट्रिय बुद्धिचाल प्रतियोगिताका च्याम्पियन तन्डुकारलाई अवार्ड तथा नगद पुरस्कार नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ र हास्यकलाकार मदनकृष्ण श्रेष्ठले प्रदान गरे।

संकटा क्लबबाट सहिद स्मारक ए डिभिजन लिग खेलेका ६६ वर्षीय तन्डुकारले यो सम्मान आफ्नो जीवनकै सबभन्दा महत्त्वपूर्ण भएको बताए। राष्ट्रिय यू ८ चेस च्याम्पियन शुभांग प्रधानले प्लेयर अफ द इयर २०२५ अवार्ड हात पारे। निहाना श्रेष्ठ क्विन अफ दी हिमालयज २०२५ घोषित भइन्। त्यस्तै, प्रसित खनालले रेटिङ एक्सिलेन्स अवार्ड, प्रवीर केसीले हिमालयन ट्याक्टिकल टाइटन, सात्विकमान तुलाधरले हिमालयन एरिना अवार्ड, नायुमा मगरले कम्युनिटी सर्भिस अवार्ड, आयन जोशीले स्पेसल अवार्ड, अरिज राईले हिमालयन स्पिरिट अवार्ड र लियोन महर्जनले फेयर प्ले अवार्ड प्राप्त गरे। विराज सारडाले इमर्जिङ प्लेयर अफ दी इयर २०२५ जिते।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com